सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ पुस २०८१, बुधबार (18 Dec 2024, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २४१ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रोकिएन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने मानव तस्करी



निगरानीमा फेरि खटिँदै मानव बेचबिखन ब्युरोको टोली

विमानस्थलबाट भिजिट भिसामा दुबईमा मात्रै दैनिक २५० जनाभन्दा धेरै मानव तस्करी हुन थालेपछि ब्युरोले डेढ वर्षअघिबाटै टोली परिचालन गरे पनि अध्यागमन कर्मचारीले विरोध गरेपछि फिर्ता भएको थियो । तर, पछि अनुसन्धानमा खटिएको प्रहरीले अध्यागमनकै कर्मचारीको मिलेमतोमा भिजिट भिसामा मानव तस्करी हुने गरेको फेला पारेपछि पुनः ब्युरोको टोली परिचालन गर्न लागिएको हो ।

(विस्तृत पृष्ठ ३)

द्वन्द्वोत्तर राष्ट्रमा सत्य निरूपण तथा मेलमिलापको भूमिका



अग्रलेख

● रामनारायण देव

द्वन्द्वपीडित मुलुकमा गठन हुने सत्य निरूपण तथा मेलमिलाप आयोगले पीडितको दुखेको घाउमा मलमपट्टी लगाउन सघाउँछ

(पृष्ठ ५)

घातक छ सामाजिक सञ्जालमा पश्चिमा एकाधिकार



(पृष्ठ ६)

विकासोन्मुख देशहरूको सुरक्षा र स्वायत्तताका दृष्टिले पनि पश्चिमा सामाजिक सञ्जालको एकाधिकार हानिकारक देखिन्छ

भारतले विद्युत् नदिएपछि औद्योगिक क्षेत्रमा विद्युत् कटौती

माथिल्लो तामाकोशी पनि बन्द रहेको र पिक आवरको चार घण्टा भारतबाट विद्युत् आयात गर्नसमेत नपाउँदा औद्योगिक क्षेत्रको विद्युत् केही कटौती गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको प्राधिकरणको भनाइ

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मन्त्रीको कुर्सीमा 'बदनाम ठेकेदार'

समयमै पूर्वाधारका काम नसक्ने निर्माण कम्पनीलाई कारबाहीको दायरामा ल्याउने जिम्मेवारी सरकारको हो, तर अर्बौंका ठेक्का अलपत्र पार्ने ठेकेदार नै सिंहदरबारको कुर्सीमा बसेर पूर्वाधार निर्माणको गति र राज्यकोषमाथि गम्भीर खेलवाड गरिरहेका छन्

■ कान्छाराम कन्स्ट्रक्सनले अलपत्र पारेका प्रमुख ठुला ठेक्का

मध्यपहाडी राजमार्ग (रामेछाप)

कान्छाराम तामाङले आफ्नै गृहजिल्ला रामेछापको ठेक्कासमेत वर्षौंदेखि अलपत्र छाडेका छन् । तीन वर्षमा निर्माण सक्ने गरी ५ पुस ०७९ मा ठेक्का पाएको सडकको प्रगति निराशाजनक छ ।

ठेक्का रकम : **एक अर्ब ९७ करोड १२ लाख ८६ हजार**
प्रगति : **भर्खरै काम सुरु**

पथरी-रंगेली सडक (मोरङ)


२४ कात्तिक ०७६ मा पाएको यो आयोजना २३ कात्तिक ०७९ सम्म सम्पन्न गर्नुपर्थ्यो, तर पटक-पटक गरेर सडक निर्माणको म्याद १६ असार ०८२ सम्मलाई थपिएको छ ।

ठेक्का रकम : **एक अर्ब ५७ करोड ५४ लाख ९२ हजार**
प्रगति : **३५ प्रतिशत**

कल्याङकोट-कालाकाँटे-गोबरडिया सडक (दाङ)

तीन वर्षभित्र सम्पन्न गर्नुपर्ने गरी २९ कात्तिक ०७६ मा ठेक्का पाएको यो सडक अहिलेसम्म पूरा नभएपछि आगामी असार मसान्तसम्मका लागि म्याद थपिएको छ ।

ठेक्का रकम : **६७ करोड ३७ लाख ५३ हजार**
प्रगति : **३५ प्रतिशत**



पूर्णबहादुर तामाङ 'कान्छाराम'
ऊर्जा राज्यमन्त्री

बेलवास-बेथरी सडकखण्ड (रुपन्देही)

१४ साउन ०७६ मा सकिनुपर्ने यो आयोजनाको काममा निरन्तर ढिलासुस्ती गरेपछि जमानत जफतका लागि सातपटकसम्म बैंकलाई पत्र लेखिएको छ । सम्बन्धित बैंकले बेवास्ता गरेपछि राष्ट्र बैंकसमक्ष तीनपटक पत्राचार गरिएको पूर्वाधार कार्यालय रुपन्देहीले जनाएको छ ।

ठेक्का रकम : **६० करोड ९१ लाख ९० हजार ३८३ रुपैयाँ**
प्रगति : **६० प्रतिशत**

बबियाबिर्ता-रञ्जनी-सुनबर्सी सडक (मोरङ)

१४ असोज ०७६ मा सम्झौता भएको मोरङको बबियाबिर्ता-रञ्जनी-काजीमान चोक हुँदै सुनबर्सीसम्म पुग्ने यो सडकको म्याद सकिएर आगामी असारसम्मका लागि थपिएको छ ।

ठेक्का रकम : **५६ करोड ११ लाख**
प्रगति : **४० प्रतिशत**

कटहरी- ५ देखि महेशपुर सडक (मोरङ)

१२ असार ०७७ मा सम्झौता भएको १७ किमि सडकको यो ठेक्काको म्याद आगामी असारमा सकिँदै छ । चार वर्ष बित्दा पनि काम नभएपछि ठेक्का तोड्ने मनस्थितिमा मन्त्रालय पुगेको छ ।

ठेक्का रकम : **४७ करोड १८ लाख**
प्रगति : **२३ प्रतिशत**

भारत–नेपाल–चीन जोड्ने कोशी करिडोर अलपत्र पारेपछि त कालोसूचीमै परे

■ तर, 'ठेकेदार' ऊर्जा राज्यमन्त्री तामाङ भन्छन्- **कालोसूचीमा परेर मन्त्री पद जाने होइन**

निर्माण क्षेत्रको काम गर्दा ऋसर, हार्डवेयरलगायतलाई गर्नुपर्ने भुक्तानीमा समस्या हुँदा कर्जा सूचना केन्द्रले कालोसूचीमा पनि राखेको छ । ठेक्काको काम गरेबापत सरकारबाट पैसा नआउँदा मैले गर्नुपर्ने भुक्तानीमा समस्या आएर कालोसूचीमा परेको हो । अहिले मजस्ता धेरै मानिस कालोसूचीमा छन् । कालोसूचीमा बस्ने मेरो बाध्यता होइन । फेरि, कालोसूचीमा पर्दैमा मन्त्री पद जाने भन्ने पनि छैन ।

बाँकेमा **विश्वराज पछ्लडङ्गया**, दाङमा **दीपक बोहरा**, बुटवलमा **विष्णु घिमिरे**, मोरङमा **गणेश लम्साल**, संखुवासभामा **नवीन गुरुङ**

कान्छाराम कन्स्ट्रक्सनले अहिले देशभर साढे सात अर्बभन्दा बढी लागतको सडक 'होल्ड' गरेर राखेको छ । यो कन्स्ट्रक्सन उनै पूर्णबहादुर तामाङ 'कान्छाराम'को हो जो ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री छन् ।

मन्त्रीको कुर्सीमा बसेका 'बदनाम' ठेकेदारको जवाफ छ, 'सरकारले समयमै भुक्तानी दिन नसक्दा काम अघि बढ्न नसकेको हो, अहिले बिस्तारै भुक्तानी हुन थालेकाले गति लिन थालेको छ ।' तर, निर्माण व्यवसायीलाई सरकारले भुक्तानी दिन समस्या भएको दुई वर्षयता मात्रै हो, जब कि मन्त्री तामाङको कन्स्ट्रक्सनले करिब दशकअघि ठेक्का लिएका सडकसमेत अहिलेसम्म अलपत्र पार्दै आएको छ । नागरिक धुवाँ, धुलो र खाल्डाखुल्डीको सास्ती खेप्न बाध्य छन् ।

» पृष्ठ ९ मा क्रमशः

■ बर्दियाको २६ किमि सडकमा चार वर्षमा नाला मात्रै तयार

■ दाङको घोराही बजारभित्रको साढे एक किमि सडक स्तरोन्नति ०७२ भित्र सक्नुपर्ने ठेक्का, तर १० वर्षसम्म अलपत्र

बैंकिङ कारोबार कसुरमा ३८ पटक कालोसूचीमा

ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ 'कान्छाराम'को बदमासी नयाँ होइन । उनी विभिन्न व्यक्ति र कम्पनीलाई भुक्तानी दिनुपर्ने रकममा बेइमानी गरेका कारण ३८ पटकसम्म कर्जा सूचना केन्द्रको कालोसूचीमा परेका व्यक्ति हुन् । अहिले पनि ऋण चुक्ता नगरेका कारण कालोसूचीमै छन् । साढे तीन वर्षयता उनले विभिन्न व्यक्ति र कम्पनीलाई भुक्तानीका लागि दिएको चेक बाउन्स भएका कारण कालोसूचीमा परेको केन्द्रको तथ्यांकमा भेटिएको छ । उनी १६ फागुन ०७७ देखि नियमितजसो कालोसूचीमा पर्दै आएका छन् । ०७८ मा तीनपटक (१३ भदौ, १ चैत र ७ चैत) र ०७९ मा चारपटक (३० जेठ, १६ माघ, १९ माघ र २९ चैत) कालोसूचीमा परेका उनी ०८० मा त झन् २१ पटक कालोसूचीमा दर्ज भए । ०८० मा उनी १३ वैशाख, २० वैशाख, ४ जेठ, ४ असार, २ साउन, ४ साउन, ३२ साउन, २६ भदौ, २० पुस, १७ माघ, १८ माघ, २३ माघ, ९ फागुन, २४ फागुन र १४ चैतमा कालोसूचीमा परेका छन् । त्यस्तै, १८ चैत, २० चैत र २१ चैतमा दुई-दुईपटक कालोसूचीमा परेको केन्द्रको तथ्यांकमा उल्लेख छ । यस अवधिमा उनले व्यक्तिगत रूपमा गरेको कारोबारसँगै उनको निर्माण कम्पनी कान्छाराम कन्स्ट्रक्सन, ओम बुद्ध इन्टरनेसनल कन्स्ट्रक्सन, चन्द्र सप्लायर्स र चिनियाँ कम्पनीसँगको संयुक्त कारोबार गर्दा भुक्तानीका लागि काटेको चेक बाउन्स भएकाले कालोसूचीमा परेको देखिन्छ ।

०८१ मा पनि उनी नौपटक कालोसूचीमा परिसकेका छन् । ४ वैशाखमा दुईपटक, १३ जेठ, १४ जेठ, ३० जेठ, ११ असार, २१ असार, २४ असार र २३ कात्तिकमा कान्छाराम कालोसूचीमा परेको केन्द्रले जनाएको छ । ऋणका सर्त उल्लंघन गर्ने तथा खातामा पर्याप्त रकमविना नै चेक जारी गरेको कसुर प्रमाणित भए सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सिफारिसमा केन्द्रले कालोसूचीमा राख्ने गर्छ । राज्यमन्त्री कान्छाराम भने खातामा रकम नै नभएको अवस्थामा चेक जारी गरेको आधारमा कालोसूचीमा परेका हुन् । अधिकांश सरकारी नियुक्तिका लागि कालोसूचीमा परेको व्यक्ति अयोग्य हुने प्रावधान छ भने कतिपय सरकारी नियुक्तिहरूमा कालोसूचीमा परेको निश्चित समयसम्म उक्त व्यक्ति अयोग्य हुने व्यवस्था छ । तर, मन्त्री वा राज्यमन्त्रीका लागि ठोस नियम नहुँदा तामाङ राज्यमन्त्रीको कुर्सीमा छन् ।

कान्छाराम १८ साउनमा राज्यमन्त्री नियुक्त हुनुअघि नै कालोसूचीमा थिए भने त्यसपछि पनि गत २३ कात्तिकमा पुनः कालोसूचीमा चढेका छन् । उनले भने निर्माण क्षेत्रको काम गर्दा ऋसर, हार्डवेयरलगायतलाई गर्नुपर्ने भुक्तानीमा समस्या हुँदा कालोसूचीमा परेको दाबी गरे । 'ठेक्काको काम गरेबापत सरकारबाट पैसा नआउँदा मैले गर्नुपर्ने भुक्तानीमा समस्या आएर कालोसूचीमा परेको हो । अहिले मजस्तै धेरै मानिस कालोसूचीमा छन्,' उनले भने, 'कालोसूचीमा बस्ने मेरो बाध्यता होइन । फेरि, कालोसूचीमा पर्दैमा मन्त्री पद जाने भन्ने पनि छैन ।' उनले सरकारबाट निर्माण व्यवसायीको भुक्तानी सुरु भएको र आफूले पनि बिस्तारै पाउन थालेकाले चाँडै सबै कारोबार मिलाउने बताए ।

■ सानो गौचरनमा अब सुविधासम्पन्न रंगशाला



काठमाडौंको सानो गौचरन रंगशालालाई सुविधासम्पन्न बनाउन धमाधम पुनर्निर्माण चल्दै । काठमाडौं महानगरपालिकाले १८ करोड ८६ लाख ७४ हजार ८२७ रुपैयाँमा लगाएको ठेक्काअनुसार ९६ मिटर लम्बाइ र ६२ मिटर चौडाइको खेलमैदान बन्नेछ । २८ चारपांग्रे र १७८ दुईपांग्रे सवारीसाधन अट्ने पार्किङस्थल, ३९ कोठे शौचालय, एक फिजियोथेरापी कक्ष, ६ ड्रेस चेन्जिङ रुमलगायत संरचना पनि बन्नेछन् । चैत मसान्तभित्र पुनर्निर्माण सक्ने गरी ठेक्का लगाइएको छ ।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ भ्रष्टाचार निवारण विधेयकमा नीतिगत निर्णयको परिभाषा तय

मन्त्रिपरिषद्बाट व्यक्तिगत लाभका लागि भएका निर्णय अख्तियारले हेर्न पाउने



कमलराज भट्ट/नयाँ पत्रिका

संसदीय उपसमितिले नीतिगत निर्णयको परिभाषा गर्दै त्यसबाहिरका निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हेर्न पाउने प्रावधान पास गरेको छ । दलहरूबिच नीतिगत निर्णयको परिभाषामा सहमति जुटेसँगै त्यसबाहेकका निर्णय भ्रष्टाचारको छानबिनमा आउने प्रावधान पास भएको हो । नीतिगत निर्णयको स्पष्टतासँगै मन्त्रिपरिषद्बाट व्यक्तिगत लाभका लागि भएका निर्णय अख्तियारले हेर्न पाउनेछ ।

प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिको उपसमितिले भ्रष्टाचार निवारण (पहिलो संशोधन)

» पृष्ठ ९ मा क्रमशः

■ प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिको उपसमितिले भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयकमा दफावार छलफल गरी सोमबार पारित गरेको प्रतिवेदनमा नीतिगत निर्णयबारे भनिएको छ-

प्रचलित कानुनबमोजिम हुनेबाहेक सर्वसाधारणलाई समान रूपमा लाग् नहने र सार्वजनिक रूपमा घोषणा भएको नीतिको प्रतिकूल हुने गरी कुनै खास व्यक्ति वा निजी संस्थालाई मात्र लाभ हुने गरी गरिएको निर्णय अख्तियारको क्षेत्राधिकारमा

अब नीतिगत निर्णयको नाममा हुने बेथितिहरू नियन्त्रण हुने विश्वास छ



● **हृदयराम थानी**, संयोजक, उपसमिति

हामीले सामूहिक हितबाहेक व्यक्ति र संस्थाकेन्द्रित नीतिगत निर्णय अख्तियारको छानबिनको दायरामा आउने भनेर सम्बोधन गरेका छौं । अहिले जस्तोसुकै निर्णय पनि नीतिगत भनिएको छ । नीतिगत भ्रष्टाचारमा उन्मुक्ति दिँदै आइरहेको अवस्था छ । अब यो ऐनले यसलाई नियन्त्रण गर्नेछ । अब नीतिगत निर्णयको नाममा हुने बेथितिहरू नियन्त्रण हुने विश्वास छ ।

■ सहकारी ठगीमा प्रहरीका थरी-थरी मापदण्ड

सुमेरु सहकारीको ठगीमा अध्यक्ष भरत महर्जनविरुद्ध मात्र मुद्दा, अन्य कम्पनीमाथि छानबिन नै भएन

नयाँ पत्रिका

सहकारी ठगीको अनुसन्धानमा सहकारीपिच्छे प्रहरीको अनुसन्धान मापदण्ड नै फरक-फरक देखिएको छ । ललितपुरको सुमेरु सहकारीको ठगीमा पूर्वअध्यक्ष भरत महर्जनलाई मात्र प्रतिवादी बनाएर मुद्दा दायर गरिएको छ । जब कि गीतेन्द्रबाबु (जिबी) राईकै शैलीमा महर्जनले सहकारीको पैसा आफ्ना विभिन्न कम्पनीमा लगेर दुरुपयोग गरेका थिए ।



भरत महर्जन
(सुमेरु सहकारीका तत्कालीन अध्यक्ष)

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल कार्यालय, ललितपुरले जिल्ला अदालत ललितपुरमा मुद्दा दायर गरेको छ । महर्जनविरुद्ध तीन अर्ब ९३ करोड बिगो कायम गरी मुद्दा दायर गरिएको सिआइबीका प्रवक्ता

» पृष्ठ ९ मा क्रमशः



■ उमागौरी सहकारी ठगी प्रकरण

एमाले नेता ऋषिकेश पोखरेलपत्नी अञ्जलासहित २५ विरुद्ध पक्राउ पुर्जी

■ इजलासमा रविले भने- **हिरासतमा राखेर के प्रमाण भेटियो, कुन प्रमाण नष्ट हुन जोगियो श्रीमान् ?**

पोखरामा **रोहितराज पराजुली**

रास्वपा सभापति रवि लामिछानेले आफूलाई दुई महिना हिरासतमा राखेर गरिएको प्रहरी अनुसन्धानबाट के प्रमाण भेटियो भन्दै अदालतमा प्रश्न गरेका छन् । म्याद थपका लागि मंगलबार जिल्ला अदालत कास्कीमा उपस्थित गराइएका लामिछाने र न्यायाधीशबिच रोचक सवाल-जवाफ भए ।

न्यायाधीश हिमलाल बेल्बासेको इजलासमा रविले भने, 'म यत्तिका दिन त हिरासतमा बसिसकेँ, अनुसन्धानलाई सघाइसकेँ, यसलाई नथुनेको भए यो प्रमाण नष्ट हुन्थ्यो, योचाहिँ कागज पाइँदैन थियो, पक्राउ गरेर जोखिमबाट बच्यो भन्ने कुराचाहिँ के छ?' आफूलाई समातेर प्रहरीले के प्रमाण जोगायो

» पृष्ठ ९ मा क्रमशः



म यत्तिका दिन त हिरासतमा बसिसकेँ, अनुसन्धानलाई सघाइसकेँ, यसलाई नथुनेको भए यो प्रमाण नष्ट हुन्थ्यो, योचाहिँ कागज पाइँदैन थियो, पक्राउ गरेर जोखिमबाट बच्यो भन्ने कुराचाहिँ के छ ?

चिसो बढेसँगै मुगुको सीमा प्रहरी चौकी बेँसी सारियो

मुगु/ केही दिनयता अत्यधिक चिसो बढेसँगै जिल्ला प्रहरी कार्यालय मुगुले पूर्वी सीमामा रहेका प्रहरी चौकी र सुरक्षाकर्मीलाई बेँसी सारेको छ । अत्यधिक चिसो बढेका कारण मुगुम कार्मारोङ गाउँपालिका- २ मा रहेको सीमा प्रहरी चौकी र प्रहरी सहायक निरीक्षक (असइ)सहित नौजना प्रहरी जवानलाई चितैकुना भन्ने ठाउँमा सारिएको हो ।

जिल्ला प्रहरी कार्यालय मुगुका प्रमुख प्रहरी नायब उपरीक्षक सरोज गिरीका अनुसार १५ मंसिरमा जिल्ला सुरक्षा समितिको निर्णयअनुसार मुगु सीमा प्रहरी चौकीमा कार्यरत सुरक्षाकर्मीलाई मुगुम कार्मारोङ गाउँपालिकाको चितैकुना भन्ने ठाउँमा सारिएको बताए । विगतमा प्रहरी चौकी सदरमुकाम गमगढी तानिने भए पनि यस वर्ष भने शान्ति सुरक्षाको चुनौतीलाई मध्यनजर गर्दै र मुगुम कार्मारोङ गाउँपालिकाको अनुरोधमा चितैकुना भन्ने ठाउँमा राखिएको उनको भनाइ छ ।

गर्मी मौसम सुरु भएपछि सुरक्षाकर्मीलाई सीमा प्रहरी चौकीमै फर्काइने गिरीले जानकारी दिए । जिल्लाको पूर्वी-उत्तरी सीमामा रहेको मुगु प्रहरी चौकी करिब ६ महिना बन्द रहनेछ । चौकीको कामकाज चितैकुना भन्ने स्थानबाट हुनेछ । हिउँदमा मुगुम कार्मारोङ गाउँपालिका- २ मुगुगाउँका सबै स्थानीय जाडो छल्न घरमा ताल्चा लगाएर बेँसी झर्ने गर्छन् । त्यसैले प्रहरी मात्र गाउँमा बसेर कुनै काम नहुने भएकाले सीमा सुरक्षा प्रहरी चौकीमा कार्यरत प्रहरीलाई हिउँदको समयमा बेँसीतिर सार्ने गरिएको गिरीको भनाइ छ ।

बर्दिबास नगरपालिका
बर्दिबास नगरकार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०५/०३

यस कार्यालयबाट आन्तरिक आय संकलन ठेक्काको लागि मिति २०८१/०७/१४ गते प्रकाशित सुचना अनुसार देहाय बमोजिमको ठेक्काको लागि रित पुर्वक दर्ता हुन आएका बिधुतिय बोलपत्र (E-Bidding) बढाबढको आधारमा तपशिल बमोजिमको बोलपत्र अधिकतम् मूल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले बर्दिबास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०७५ को दफा (४) को उपदफा(२) र (३) को प्रयोजनार्थ सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र. श	बोलपत्र नं	खोलाको खण्ड	सबैभन्दा बढी ठेक्का कबोल गर्ने फर्मको नाम र ठेगाना	कबोल अंक रु (VAT बाहेक)	कैफीयत
१	NCB/BM/IR/ 2081/082-01	रातु खोला- किसानगर खण्ड	नेरीसा कन्ट्रक्सन कम्पनी प्रा.लि. काठमाडौं -६, काठमाडौं पान नं : ६०१८६६९३७	२,२७,००,०००।- (दुई करोड सत्ताइस लाख मात्र)	
२	NCB/BM/IR/ 2081/082-02	रातु खोला- जुरेटोल खण्ड	जे.एन.सप्लायर्स, क्षिरेश्वारनाथ ०५ धनुषा, पान नं ६०७६५०८४८	२,४१,४१,१४१।- (दुई करोड एकचालिस लाख एकचालिस हजार एक सय एकचालिस मात्र)	
३	NCB/BM/IR/ 2081/082-03	रातु खोला- फुलवारी खण्ड	बिक्रान्त कन्स्ट्रक्सन प्रा. लि. बर्दिबास ०७, महोत्तरी पान नं : ६०९६९६१२७	२,०६,११,०००।- (दुई करोड छ लाख एघार हजार मात्र)	
४	NCB/BM/IR/ 2081/082-04	रातु खोला- पथलैया खण्ड	संजिव कन्ट्राकसन बर्दिबास ०९,महोत्तरी पान नं : ६०८२८०६४२	१,६६,५१,०००।- (एक करोड छैसट्ठी लाख एकाउन्न हजार मात्र)	

प्रमुख प्रशासकीय अधिकृत

■ काठमाडौं महानगरप्रति प्रधानमन्त्रीको कटाक्ष

गरिखाने वर्गमाथि आतंक मच्चायो

शिवहरि घिमिरे/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले काठमाडौं महानगरपालिकाअन्तर्गतको नगर प्रहरीले गर्दै आइरहेको व्यवहारको चर्को आलोचना गरेका छन् । मंगलबार ललितपुर महानगरपालिकाको १०६औँ स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले काठमाडौं महानगरले फुटपाथ व्यापारी र गरिखाने वर्गमाथि आतंक मच्चाएको तथा दुःख दिएको भन्दै आलोचना गरे ।

उनले ललितपुर महानगरमा त्यस्तो नभएको र महानगर नगर प्रहरीले दुःख पनि नदिएको भन्दै प्रशंसासमेत गरे । उनले काठमाडौं नगर प्रहरीमाथि व्यंग्य गर्दै भने, 'ललितपुर नगर प्रहरीले गुर्रर... जिपमा कुदेर अर्कै लोकको केही आएझैं, झ्याप्प गाडी रोकेर सामान फाल्दै, ठेला फाल्दै गरिबका तरकारी, टमाटर फाल्दै गरेको मैले देखेको छैन । ललितपुर नगर प्रहरीलाई धन्यवाद भन्न चाहन्छु ।'

उनले नगर प्रहरी देख्दा जनता भाग्ने र तर्सिने होइन सुरक्षित महसुस गर्ने र हाम्रा रक्षक आए भन्ने महसुस गर्नुपर्ने बताए । पर भागौं, के गरौं ? भन्ने किसिमको व्यवहार नगर प्रहरीबाट हुन नहुने प्रधानमन्त्री ओलीले ध्यानाकर्षण गराए । 'कोही घडी फुकालेर लुकाउन थाल्ने, कोही सिक्री लुकाउने यस्तो अवस्था नहोस्,' प्रधानमन्त्री ओलीले भने, 'नगर प्रहरी आउँदा हाम्रो सेवक आयो भन्ने महसुस हुनुपर्छ, तपाईंहरूलाई धन्यवाद दिन चाहन्छु ।' राज्यको कोषबाट पारिश्रमिक खानेले जनताका सेवक हौं भनेर बुझ्नुपर्ने उनको भनाइ थियो । यसकारण जनप्रतिनिधिले देशको



■ नगर प्रहरी देख्दा जनता भाग्ने र तर्सिने होइन सुरक्षित महसुस गर्ने र हाम्रा रक्षक आए भन्ने महसुस गर्नुपर्छ ।

■ राज्यको कोषबाट पारिश्रमिक खानेले जनताका सेवक हौं भनेर बुझ्नुपर्छ ।

रक्षा र हितमा लाग्न उनले आग्रह गरे ।

दिवसको अवसरमा ललितपुरले अनलाइन नक्सा पास, एकद्वार प्रणाली र फोहोरबारे जानकारी दिने अनलाइन एप लन्च गरेको छ । यसले महानगरपालिकालाई थप आधुनिकतातर्फ लैजाने मेयर महर्जनले बताए । महानगरपालिकाले सोमबारदेखि मात्रै ललितपुरको कुपण्डोलदेखि जावलाखेलसम्म इन्टेलिजेन्स ट्राफिक लाइट जडान गरेको छ ।

■ रातो मत्स्येन्द्रनाथ मन्दिर पुनर्निर्माण सक्न मेयरको अनुरोध

बुङमतीस्थित रातो मत्स्येन्द्रनाथ मन्दिर पुनर्निर्माण नसकिएको भन्दै मेयर चिरिबाबु महर्जनले प्रधानमन्त्री ओलीसमक्ष यथाशीघ्र काम अघि बढाइदिन अनुरोध गरे । उनले पुनर्निर्माण प्राधिकरण खारेज भइसकेपछि मन्दिर पुनर्निर्माण रोकिएको भन्दै तत्काल अघि बढाउन प्रधानमन्त्रीको ध्यानाकर्षण गराए ।

'रातो मत्स्येन्द्रनाथ मन्दिर ८० प्रतिशत पुनर्निर्माण भइसकेको छ । तर, अन्य काम प्राधिकरण खारेज भएपछि रोकिएको छ । यो चाँडै सकिनुपर्‍यो,' मेयर महर्जनले भने, 'मन्दिर पुनर्निर्माणका निम्ति आवश्यक बजेट दिन महानगर तयार छ, तर म्याद थप्न नमिल्ने अवस्था रहेछ, यसअघि खरिद ऐनअनुसार मन्दिर पुनर्निर्माण गर्नु नपर्ने गरी ल्याइएको कार्यविधि पनि प्राधिकरणको खारेजीसँगै खारेज भएको छ । अब केका आधारमा मत्स्येन्द्रनाथ मन्दिरको बाँकी काम गर्ने हो, यसले ठुलो समस्या निम्त्याउन सक्छ ।'

उनले यसको गाँठो प्रधानमन्त्रीले नै फुकाइदिनुपर्ने बताए । रानीपोखरी र मत्स्येन्द्रनाथ मन्दिर एकै दिन पूनर्निर्माण सुरु भए पनि मत्स्येन्द्रनाथको काम रोकिनु बिडम्बना रहेको भन्दै सरकारले तत्काल चासो दिनुपर्ने उनले बताए । सरकारले सार्वजनिक खरिद ऐनअनुसार सम्पदा पुनर्निर्माण गर्दा मौलिकता तहसनहस हुने र समयमै काम नसकिने भन्दै पाँच वर्षअघि नै सम्पदा पुनर्निर्माणसम्बन्धी कार्यविधि तयार पारेको थियो ।

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि.को ३५ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८१।०९।०३)

यस बैंकबाट तपसीलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउनेबारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि र कम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधिबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

तपसील

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१/०८/२८ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
१	प्रतिमा टेण्ट हाउस महेश प्रसाद भर	हकुइ २ लालपाटी	४१६/७५२ नवलपरासी २०४५/०२/७	बाबुलाल	चौथी	टेन्टहाउस	१९०००००	८८०००	१९८८०००

फर्मको दर्ता नं. : २६३७/६७४८/०७२ दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी दर्ता मिति : २०७२/०८/०९
पान नं. ७८१६९४२१८
प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
महेश प्रसाद भर	हकुई २ लालपाटी	४१६/७५२	नवलपरासी २०४५/०२/७	बाबुलाल	चौथी

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१/०८/२८ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
२	निर्माण सटरिंग सेवा प्रो चित्रावती कहार	रामग्राम ९ पिपरहिया	७१/२२ ९ नवलपरासी २०४४/१०/२०	नन्कु कहार	प्रसाद	व्यापार	८०००००	१४९०००	९४९०००

फर्मको दर्ता नं. : ९६३/१४६५/०७६ दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी दर्ता मिति : २०७६/०२/१३
पान नं. : ६१०७१५१५८
प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे
चित्रावती कहार	रामग्राम ९ पिपरहिया	७१/२२९	नवलपरासी २०४४/१०/२०	नन्कु कहार	प्रसाद

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१/०८/२८ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
३	लक्ष्मी खाद्य उद्योग प्रो.मान बहादुर यादव	रामग्राम वार्ड नं.४	५८२८४ नवलपरासी २०५८/०१/०९	रामबचन अहिर	जमुना	व्यापार	४२५००००	५२५०००	४७७५०००

फर्मको दर्ता नं. : ४४/२२४५/०६४/०६५ दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी दर्ता मिति :२०६४/०६/०२
पान नं. ३०२७१२०४७
प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
मान बहादुर यादव	रामग्राम वार्ड नं.४	५२२८४	नवलपरासी २०५८/०१/०९	रामबचन अहिर	जमुना

धितो मन्जुरीदिनेहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु पति	बाजे
इन्दु देबी यादव	रामग्राम वार्ड नं.४	३६३०६९/६१	नवलपरासी २०६३/११/१५	मान बहादुर यादव	रामबचन अहिर

क्र सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं. जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१/०८/२८ सम्मको ब्याज	जम्मा तिर्नु पर्ने रकम
४	पल्ली गाईफर्म प्रो.रुक्मणी पल्ली	सुनवल १३ सुन्दर बस्ती	५६०४७ नवलपरासी २०५७/०६/०८	कुलबहादुर पल्ली	ओमबहादुर पल्ली	सहुलियत कर्जा	६००७९७	७६१६०	६७६९५७

फर्मको दर्ता नं. : ०७४/०७५/११२१ दर्ता भएको कार्यालय : सुनवल नगरपालिका वडा नं. १३ कार्यालय नवलपरासी दर्ता मिति : २०७४/०९/२५
पान नं. ६११४८५८९६
प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे
रुक्मणी पल्ली	सुनवल १३ सुन्दरवस्ती	५६०४७	नवलपरासी २०५७/६/८	कुल बहादुर पल्ली	ओम बहादुर पल्ली

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१/०८/२८ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
५	गणेश गाई फर्म प्रो रम्भा देबी थापा	सुनवल १३ सुन्दरवस्ती	१०३९/५०१ नवलपरासी २०६७/०६/०६	गणेशबहादुर थापा	हरिलाल थापा	सहुलियत कर्जा	६५६९००	४१०००	६९७९००

फर्मको दर्ता नं. ०७४/०७५/११०८ दर्ता भएको कार्यालय : सुनवल नगरपालिका वडा नं. १३ कार्यालय नवलपरासी दर्ता मिति :२०७४/०९/२४
पान नं. ६११४८६६९३
प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे
रुक्मणी पल्ली	सुनवल १३ सुन्दरवस्ती	१०३९/५०१	नवलपरासी २०६७/६/६	गणेश बहादुर थापा	हरिलाल थापा

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१/०८/२८ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
६	नमुना पोल्ट्री फर्म प्रो गोबिन्द थापा	सुनवल १३ सुन्दरवस्ती	५२१८५ नवलपरासी २०५६/०९/०७	लिलाबहादुर थापा	डिलाराम	सहुलियत कर्जा	१२८०००	१५०००	१४३०००

फर्मको दर्ता नं. : ०७५/०७६/४६१ दर्ता भएको कार्यालय : सुनवल नगरपालिका वडा नं. १३ कार्यालय नवलपरासी दर्ता मिति : २०७५/०६/१४
पान नं. ६१२६८६८८५
प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे
गोबिन्द थापा	सुनवल १३ सुन्दरवस्ती	५२१८५	नवलपरासी २०५६/९/७	लिला बहादुर थापा	डिलाराम

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं. जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८१/०८/२८ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
७	ओम शान्ती पशुपालन फर्म रोहित प्रसाद केवट	रामग्राम ६ पोखरापाली	९१३३ नवलपरासी २०४३/१०/०६	पर्शरामप्रसाद केवट	मथुराप्रसाद केवट	सहुलियत कर्जा	२२४८०००	१५८०००	२४०६०००

फर्मको दर्ता नं. : ६३/०७२/०७३ दर्ता भएको कार्यालय : जिल्ला पशुसेवा कार्यालय नवलपरासी दर्ता मिति : २०५६/०६/१०
पान नं.: ६०४०८८८४४
प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे
रोहित प्रसाद केवट	रामग्राम ६, पोखरापाली	९१३३	नवलपरासी, २०४३/१०/६	पर्शराम प्रसाद केवट	मथुरा प्रसाद केवट

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा र कम रू.	मिति २०८१/०८/२८ सम्मको ब्याज	जम्मा तिर्नु पर्ने रकम
८	जय मा पाल्ही भगवती बिबिध स्टोर्स प्रो. रमेश सिंह कुर्मी	रामग्राम वार्ड नं. ९ सन्तपुर	४५६४३ नवलपरासी २०५५/०२/१०	बिश्राम कुर्मी	लालचन्द कुर्मी	व्यापार कर्जा	१०९००००	१२३०००	१२१३०००

फर्मको दर्ता नं. : ४७२/४३२९/०६९/०७० दर्ता भएको कार्यालय : जिल्ला घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी दर्ता मिति : २०६९/०९/२
पान नं. ३०५६४४५४३
प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे
रमेश सिंह कुर्मी	रामग्राम वार्ड नं. ९ सन्तपुर	४५६४३	नवलपरासी, २०५५/२/१०	बिश्राम कुर्मी	लालचन्द कुर्मी

धितो मन्जुरीदिनेहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु पति	बाजे
शामदेयी कुर्मी	रामग्राम वार्ड नं. ९ सन्तपुर	२७७	नवलपरासी, २०४६/०२/३०	बिश्राम कुर्मी	लालचन्द कुर्मी

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा र कम रू.	मिति २०८१/०८/२८ सम्मको ब्याज	जम्मा तिर्नु पर्ने र कम
९	भदई गुप्ता तेली	कुश्मा वार्ड नं. २ बेलासपुर	२३/९ नवलपरासी २०४५/०१/३	प्रसाद तेली	सिसरन तेली	सरल कृषि कर्जा	१००००००	५२०००	१०५२०००

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा र कम रु.	मिति २०८१/०८/२८ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
१०	जय मा दुर्गे स:मिल उद्योग, प्रो. लाल जिव भर	रामग्राम वार्ड नं. ८ घनश्यामपुर	१५६९१ नवलपरासी २०५०/१०/१९	रिषै भर	तिलक भर	मिल सञ्चालन	३००००००	७१४०००	३७१४०००

फर्मको दर्ता नं.: ७९/१९७६/०६२/०६३ दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी दर्ता मिति : २०६२/१२/१०
पान नं. : ३०२१३४८६१
प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे
लालजिव भर	रामग्राम वार्ड नं. ८ घनश्यामपुर	१५६९१	नवलपरासी, २०५०/१०/१९	रिषै भर	तिलक भर

धितो मन्जुरीदिनेहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु पति	बाजे
रिषै भर	रामग्राम वार्ड नं. ८ घनश्यामपुर	३५०९५	नवलपरासी २०३९/११/१६	तिलक भर	कृष्ण भर

क्र. सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा र कम रु.	मिति २०८१/०८/२८ सम्मको ब्याज	जम्मा तिर्नु पर्ने रकम
११	कुन्तला पशुपालन फर्म प्रो. कुन्तलादेबी यादव	पाल्हीनन्दन वार्ड नं. १ रमपुरवा	४७७८ नवलपरासी २०६३/६/६	गंगा अहिर	रक्षा अहिर	सहुलियत कर्जा	९०००००	८३०००	९८३०००

फर्मको दर्ता नं. : ६१४/ ०७७/०७८ दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी दर्ता मिति : २०७७/८/१७
पान नं. : ६१४३८६९९८
प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम:

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे
कुन्तला देबी यादव	पाल्हीनन्दन वार्ड नं. १ रमपुरवा	४७७८	नवलपरासी, २०६३/६/६	गंगा अहिर	रक्षा अहिर

कृषि विकास बैंक लिमिटेड
लुम्बिनी प्रदेश कार्यालय
भैरहवा रुपन्देही

रोकिएन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने मानव तस्करी

निगरानीमा फेरि खटिँदै मानव बेचबिखन ब्युरोको टोली



● एसपी भावेश रिमाल
प्रवक्ता, मानव बेचबिखन तथा अनुसन्धान ब्युरो

विमानस्थलमा ब्युरोबाट विशेष टोली खटाउने निर्णय भएको छ। प्रहरी निरीक्षकको कमान्डमा सुरक्षा टोली खटिनेछ। टोलीले भिजिट भिसामा विदेश जाने यात्रुको विशेष निगरानी गर्नेछ।



● एआइजी दीपक थापा
प्रमुख, सिआइबी

विमानस्थलमा ब्युरोको टोली यसअघि पनि खटिएको रहेछ। बिचमा फेरि फिर्ता भएको रहेछ। टोलीलाई भिजिट भिसामा हुने मानव तस्करीलाई नियन्त्रण गर्नेभन्दा पनि निगरानी गर्ने 'म्यान्डेट' छ। किनकि विमानस्थलबाट हुने मानव तस्करी हेर्न विमानस्थलमा राज्यका अरू नै निकाय छन्। यो विषयलाई कानुनले पनि स्पष्ट पारेको छ। त्यसबाहेक 'रेड कर्नर नोटिस' जारी भएकाहरूलाई 'रिभिस' गर्ने, सम्बन्धित तहमा बुझाउने काम त्यसले गर्छ।

टेकराज थामी/नयाँ पत्रिका



भिजिट भिसामा हुने मानव तस्करी नरोकिएपछि प्रहरी प्रधान कार्यालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मानव बेचबिखन तथा अनुसन्धान ब्युरोको टोली पुनः खटाउने भएको छ। विमानस्थलबाट भिजिट भिसामा दुबईमा मात्रै दैनिक २५० जनाभन्दा धेरै मानव तस्करी हुन थालेपछि ब्युरोले डेढ वर्षअघिबाटै टोली परिचालन गरे पनि अध्यागमन कर्मचारीले विरोध गरेपछि फिर्ता भएको थियो। तर, पछि अनुसन्धानमा खटिएको प्रहरीले अध्यागमनकै कर्मचारीको मिलेमतोमा भिजिट भिसामा मानव तस्करी हुने गरेको फेला परेपछि पुनः ब्युरोको टोली परिचालन गर्न लागिएको हो।

प्रहरी निरीक्षक (इन्स्पेक्टर)को कमान्डमा खटिने टोली विमानस्थल सुरक्षाको बाहिरी घेरामा रहनेछन्। सादा पोसाकमा खटिने टोलीले भिजिट भिसामा विदेश जान लागेका यात्रुको निगरानी गर्नेछ। शंकास्पद देखिएका यात्रुलाई नियन्त्रणमा लिनेछ। अनुसन्धान अवधिसम्म उनीहरूलाई हिरासतमा राख्नेछ। टोली बुधबारदेखि खटाउने तयारी रहेको ब्युरोका प्रवक्ता एसपी भावेश रिमालले बताए। 'विमानस्थलमा ब्युरोबाट विशेष टोली खटाउने निर्णय भएको छ। प्रहरी निरीक्षकको कमान्डमा सुरक्षा टोली खटिनेछ। टोलीले भिजिट भिसामा विदेश जाने यात्रुको विशेष निगरानी गर्नेछ,' उनले भने।

यसअघि खटाइएको टोली अध्यागमन कर्मचारीको विरोधका कारण फिर्ता गरिएपछि प्रहरीले अनुसन्धान गर्दा अध्यागमन अधिकृत नरवीर खड्कासहितको टोली मानव तस्करीमा संलग्न रहेको अवस्थामा रंगेहात पक्राउ परेको थियो। दबाबमा रहेको सरकारले त्यसलगतै कानुन संशोधन गऱ्यो, जसको उद्देश्य फर्जी कागजातका आधारमा विमानस्थलबाट हुने मानव तस्करी रोक्नु थियो। तर, विमानस्थलबाट हुने मानव तस्करी अझ संगठित ढंगले मौलाएपछि प्रहरी प्रधान कार्यालयले ब्युरोको टोली नै खटाउने निर्णय गरेको हो। यसका लागि प्रधान कार्यालयले लिखित रूपमै ब्युरोलाई 'म्यान्डेट' दिएको छ। यसअघि विनालिखित ब्युरोबाट विमानस्थलमा सुरक्षाकर्मी परिचालन भएको भन्दै अध्यागमनका कर्मचारीले चर्को विरोध गरेका थिए।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोका प्रमुख एआइजी दीपक थापाले विमानस्थलस्थित संयन्त्रलाई सहयोग गर्नकै लागि टोली खटाउन खोजिएको बताए। 'विमानस्थलमा ब्युरोको टोली यसअघि पनि खटिएको रहेछ। बिचमा फेरि फिर्ता भएको रहेछ। टोलीलाई भिजिट भिसामा हुने मानव तस्करीलाई नियन्त्रण गर्नेभन्दा पनि निगरानी गर्ने 'म्यान्डेट' छ। किनकि विमानस्थलबाट हुने मानव तस्करी हेर्न विमानस्थलमा राज्यका अरू नै निकाय छन्। यो विषयलाई कानुनले पनि स्पष्ट पारेको छ। त्यसबाहेक 'रेड कर्नर नोटिस' जारी भएकाहरूलाई 'रिभिस' गर्ने, सम्बन्धित तहमा बुझाउने काम त्यसले गर्छ,' उनले भने।

> डेढ वर्षअघि नै टोली खटाइएकोमा अध्यागमन कर्मचारीले विरोध गरेपछि फिर्ता गरिएको थियो, तर अध्यागमन कर्मचारीकै मिलेमतोमा भिजिट भिसामा मानव तस्करी भएको रंगेहात फेला परेपछि आजदेखि पुनः परिचालनको तयारी

सिआइबीका अनुसार ब्युरोबाट खटिने टोली विमानस्थलस्थित प्रस्थान र आगमन दुवै विन्दुमा रहनेछन्। विशेष गरी उनीहरूले भिजिट भिसामा जाने यात्रुको निगरानी गर्नेछन्। विमानस्थलमा अहिले लागुऔषध नियन्त्रण ब्युरो, प्रधान कार्यालयमातहतको विशेष ब्युरो र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीसमेत खटिँदै आएका छन्।

प्रहरीका अनुसार दुबईमा मात्रै कम्तीमा दैनिक २५० महिलाको तस्करी हुन्छ। जसका लागि प्रयोग हुने भिजिट भिसा हो। पहिला भिजिट भिसामा दुबई जानेका लागि प्रहरी रिपोर्ट, १२ कक्षा पास गरेको शैक्षिक प्रमाणपत्र, बैंक स्टेटमेन्ट अनिवार्य गरिएको थियो। तस्कर समूहले यस्ता कागजात नक्कली बनाएर पठाउने गरेको थियो। जसमा अध्यागमनका कर्मचारीसँग पनि सेटिङ मिलाउनुपर्थ्यो। अहिले भिजिट भिसामा जान चाहनेका लागि होटेल बुकिङ, जहाजको टिकट र भिसा भए पुग्छ। जसमा विगतमा जस्तो धेरै खर्च पनि नलाग्ने भएकाले तस्करी थप सहज भएको छ। तस्करले सहजतामा खेलेर मानव तस्करी गरिरहेका छन्।

■ अन्य नाकामा पनि ब्युरोको टोली खटिने

सिआइबीका अनुसार ब्युरोको टोली विमानस्थलमा मात्रै होइन, मुलुकका अन्य नाकामा पनि खटाउने निर्णय भएको छ। विशेष गरी कोशी, मधेश र लुम्बिनी प्रदेशका मुख्य नाकामा ब्युरोका टोली खटिनेछन्। सादा पोसाकमा खटिने उनीहरूले मानव तथा मिर्गौंला तस्करीजस्ता गम्भीर अपराधका घटनामा विशेष निगरानी गर्नेछन्। आवश्यक जनशक्तिको तथ्यांक संकलन भइसकेको छ। प्रधान कार्यालयबाट उपलब्ध हुनासाथ उक्त नाकामा पनि टोली खटिनेछन्। सिआइबी प्रमुख एआइजी थापाले भने, 'ब्युरोको टोली विमानस्थलमा मात्र होइन, अन्य नाकामा पनि खटाउने निर्णय भएको छ। उनीहरूका लागि निश्चित 'म्यान्डेट' तोकिएको छ। सोही कार्य सम्पन्न गर्न उनीहरू नाकामा परिचालित हुनेछन्।'

एकीकृत समाजवादीले गऱ्यो नेताहरूको कार्यविभाजन



नयाँ पत्रिका

एकीकृत समाजवादीले केन्द्रीय नेताहरूको कार्यविभाजन गरेको छ। महाधिवेशनको साढे पाँच महिनापछि नेताहरूले जिम्मेवारी पाएका हुन्। पार्टी केन्द्रीय कार्यालय मीनभवनमा २६ मंसिरमा सुरु भएर मंगलबार सम्पन्न स्थायी कमिटी बैठकले कार्यविभाजन गरेको नेताहरूले बताएका छन्।

कार्यविभाजनमा सम्मानित नेता झलनाथ खनाललले स्कुल विभागको जिम्मा पाएका छन्। कम्युनिस्ट पार्टीमा शक्तिशाली मानिने संगठन विभागको प्रमुखको जिम्मेवारी वरिष्ठ नेता डा. बेदुराम भुसाललाई दिइएको छ। अर्का वरिष्ठ नेता प्रमेश हमाललाई विदेश विभाग र घनेन्द्र बस्नेतलाई राजकीय मामिला विभागको जिम्मा दिइएको छ।

वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेलाई मोर्चा प्रमुख, उपाध्यक्ष जगन्नाथ खतिवडालाई संघीय तथा प्रादेशिक मामिला प्रमुख, उपाध्यक्ष प्रकाश ज्वालालाई प्रचार विभाग प्रमुख, उपाध्यक्ष जयन्ती राईलाई अनेमसंघ समाजवादीको इन्चार्ज, उपाध्यक्ष भानुभक्त जोशीलाई सुदूरपश्चिम प्रदेश इन्चार्ज, उपाध्यक्ष धर्मनाथप्रसाद साहलाई मधेश प्रदेश इन्चार्ज, उपाध्यक्ष गंगालाल तुलाधरलाई बागमती प्रदेश इन्चार्जको जिम्मेवारी दिइएको छ।

महासचिव घनश्याम भुसाललाई अनुगमनको जिम्मा दिइएको छ। उपमहासचिव राजेन्द्र राईलाई कोशी प्रदेश इन्चार्जको जिम्मेवारी दिइएको छ। उपमहासचिव रामकुमार भट्टराईलाई कार्यालय सचिव, उपमहासचिव गरिमा शाहलाई संसदीय इन्चार्ज, उपाध्यक्ष मेटमणि चौधरीलाई लुम्बिनी इन्चार्जको जिम्मा दिइएको छ। सचिव श्रीनाथ बरताललाई गण्डकी इन्चार्ज, सचिव चन्द्रबहादुर शाहीलाई कर्णाली इन्चार्जको जिम्मा दिइएको छ। युवा इन्चार्जको जिम्मेवारी लक्ष्मण केसी र विद्यार्थी इन्चार्जको जिम्मेवारी रामकुमारी झाँक्रीले पाएका छन्। महाधिवेशनपछि एकीकृत समाजवादीका केन्द्रीय नेताहरूको जिम्मेवारी तोकिएको हो। एकीकृत समाजवादीको महाधिवेशन गत असारमा भएको थियो।

■ प्रकाश ज्वालाको संयोजकत्वमा कार्यदल



एकीकृत समाजवादीले उपाध्यक्ष प्रकाश ज्वालाको संयोजकत्वमा संविधान संशोधनका लागि सुझाव कार्यदल गठन गरेको छ। सात सदस्यीय कार्यदलमा गरिमा शाह, गणेश विक, बलदेव चौधरी, रामप्रसाद यादव, धनप्रसाद गौतम, राजन राई सदस्य छन्। बैठकले २४ सदस्यीय सचिवालय र पाँच सदस्यीय केन्द्रीय कार्यालय पनि गठन गरेको खतिवडाले जानकारी दिए।

■ २४ सदस्यीय सचिवालय

बैठकले २४ सदस्यीय सचिवालय गठन गरेको छ। अध्यक्ष माधवकुमार नेपालको नेतृत्वमा २४ सदस्यीय केन्द्रीय सचिवालय गठन भएको उपाध्यक्ष जगन्नाथ खतिवडाले जानकारी दिए। सचिवालयमा केन्द्रीय अध्यक्ष, सम्मानित नेता, वरिष्ठ नेताहरू, उपाध्यक्ष, महासचिव, उपमहासचिव र सचिव छन्। सचिवालयमा अध्यक्ष नेपालसहित सम्मानित नेता खनाल, वरिष्ठ नेता डा. बेदुराम भुसाल, हमाल र घनेन्द्र बस्नेत, वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे, उपाध्यक्षहरू धर्मनाथप्रसाद साह, जयन्तीदेवी राई, प्रकाश ज्वाला, डा. गंगालाल तुलाधर, जगन्नाथ खतिवडा, भानुभक्त जोशी, महासचिव घनश्याम भुसाल, उपमहासचिवहरू राजेन्द्र राई, गरिमा शाह, मेटमणि चौधरी, रामकुमार भट्टराई, सचिवहरू सावित्रा भुसाल, चन्द्रबहादुर शाही, सोमप्रसाद पाण्डेय, बलदेव चौधरी, श्रीनाथ बराल, गणेश विश्वकर्मा र शेरबहादुर कुँवर छन्।

संक्षेप

अन्तरव्यवस्थापिकाको १०औँ सम्मेलन सुरु

कास्की/ अन्तरव्यवस्थापिकाको १०औँ सम्मेलन पोखरामा सुरु भएको छ। सम्मेलनमा प्रतिनिधिसभा, राष्ट्रिय सभासँगै सात प्रदेश सभामुख, उपसभामुख, सचिवलगायतको सहभागिता छ। बुधबारसम्म चल्ने सम्मेलनको प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले संयुक्त रूपमा उद्घाटन गरेका थिए। सम्मेलनअन्तर्गत मंगलबार सभामुख घिमिरे र उपसभामुखहरूबाट भएको मलेसियाको अध्ययन भ्रमणको प्रस्तुति, संसदीय बजेट कार्यालयसम्बन्धी प्रतिवेदन, कानुन कार्यान्वयन मापन कार्यविधिको प्रतिवेदन, संसदीय समिति प्रणालीको प्रभावकारिता विषयमा छलफल भएको थियो। सम्मेलनबाट निर्णय गर्नुपर्ने सम्भावित विषयको प्रस्तावबारे सहभागीले छलफल गरेका थिए। यसअघि ३ भदौ ०७५ मा काठमाडौंको चन्द्रागिरिमा भएको पहिलो सम्मेलन र ८ फागुन ०८० मा चितवनको सौराहामा सम्पन्न अनौपचारिक रूपमा फोरमको नाम अन्तरव्यवस्थापिका मञ्च, नेपाल राखिएको थियो। बुधबार पोखरा घोषणापत्र जारी गर्दै सम्मेलन सम्पन्न हुनेछ।

नयाँ पत्रिकाकर्मी घिमिरे 'महानगर गौरव पुरस्कार'बाट पुरस्कृत



काठमाडौं/ नयाँ पत्रिकाकर्मी शिवहरि घिमिरे पुरस्कृत भएका छन्। ललितपुर महानगरपालिकाको १०६औँ स्थापना दिवसका अवसरमा मंगलबार आयोजित कार्यक्रममा उनलाई प्रधानमन्त्री केपी ओली र मेयर चिरिबाबु महर्जनले पुरस्कार तथा सम्मान प्रदान गरे। ललितपुर महानगरपालिकाको असल अभ्यास तथा कार्यसम्पादनका सम्बन्धमा समाचार सम्प्रेषण गरेको भन्दै महानगरले घिमिरेलाई 'महानगर गौरव पुरस्कार'ले सम्मान गरेको हो। पुरस्कारको राशि एक लाख रुपैयाँ छ। महानगरले हरेक वर्ष ६ जनालाई पुरस्कृत गर्ने 'महानगर गौरव पुरस्कार'मा एकजना सञ्चारकर्मीलाई पनि समेट्ने गरेको छ। पुरस्कार प्राप्त गर्ने अन्यमा प्राध्यापक शिवगोपाल रिसाल, नारायण महर्जन, मोहनश्याम महर्जन, बेवारिसे लास व्यवस्थापन केन्द्रका प्रतिनिधिलगायत छन्। महानगर दिवसका अवसरमा महानगरले ४० जना कर्मचारी, विभिन्न विद्यालयका विद्यार्थी तथा शिक्षकलाई समेत पुरस्कार प्रदान गरेको छ।

जबर्जस्ती करणीमा फरार प्रतिवादी दुई वर्षपछि पक्राउ

बाजुरा/ जबर्जस्ती करणीमा फरार रहेका प्रतिवादी दुई वर्षपछि पक्राउ परेका छन्। पक्राउ पर्नेमा बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका- ३ जुकोट बस्ने अन्दाजी २४ वर्षका उपेन्द्र भन्ने उपेश शाही छन्। शाही २ कात्तिक ०७९ मा जिल्ला अदालत बाजुराले जबर्जस्ती करणी मुद्दामा पक्राउ पुर्जी जारी गरेदेखि फरार थिए। उनलाई सोमबार इलाका प्रहरी कार्यालय स्वामीकार्तिक र बुढीनन्दाबाट खटिएको प्रहरी टोलीले घरबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। उनलाई मंगलबार नै जिल्ला अदालतमा उपस्थित गराइएको छ।

रामपरी हत्याका आरोपी पक्राउ

जनकपुरधाम/ धनुषाको विदेह नगरपालिकामा महिलाको बीभत्स हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धनुषाले विदेह नगरपालिका- ५ मुरिबा टोलकी ४० वर्षीया रामपरीदेवी ठाकुरको हत्यामा संलग्न संगमलाल पासमानलाई पक्राउ गरी सार्वजनिक गरेको हो। पासवानले ठाकुरलाई आपसी रिसिबीका कारण हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले जानकारी दिए। केही दिनअघि टाउको काटिएको अवस्थामा ठाकुरको शव घरभन्दा करिब डेढ किलोमिटर टाढा फेला परेको थियो। टाउको कमला नदीको नहरमा भेटिएको थियो। ठाकुरको मृत शरीर नग्न अवस्थामा रहेकाले बलात्कार गरी हत्या गरेको हुन सक्ने अनुसन्धानबाट खुलेको उपरीक्षक तिवारीले बताए। प्रहरीले हत्याको समयमा प्रयोग गरेको पाइन्ट, टिसर्ट र ज्याकेट रगत लागेको अवस्थामा पासमानकै घरबाट बरामद गरिएको उनले बताए।

■ लुम्बिनीमा १० दिने शाक्यमोन्लम पूजा



बुद्ध जन्मस्थल लुम्बिनीमा सञ्चालित ३३औँ १० दिने शाक्यमोन्लम पूजा मंगलबार सकिएको छ। विश्व शान्ति र प्राणी कल्याणको कामना गर्दै करिब सात हजार लामा, भिक्षु-भिक्षुणी, रिन्पोछे तथा बुद्धका अनुयायीले पूजा गरेका छन्। २५ वर्षसम्म निरन्तर लुम्बिनीमा गरिएको यो पूजा आठ वर्षपछि २३ मंसिरदेखि सुरु भएको थियो। लुम्बिनी विकास कोषको पहलमा ४१औँ शाक्य गोङ्मा ट्रिछेन रिन्पोछेको उपस्थितिमा पूजा गरिएको हो। **तस्बिर : विष्णु घिमिरे**/नयाँ पत्रिका

सीमाक्षेत्रबाट हुने अवैध कारोबार नियन्त्रण गर्न गृहमन्त्रीको निर्देशन



भैरहवा/ गृहमन्त्री रमेश लेखकले सीमाक्षेत्रबाट हुने अवैध कारोबार नियन्त्रण गर्न सुरक्षाकर्मीलाई निर्देशन दिएका छन्। लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठीको मंगलबार भैरहवामा उद्घाटन गर्दै उनले लुम्बिनी प्रदेशमा खुला सीमाक्षेत्रमा जोडिएका जिल्ला रहेकाले सीमाक्षेत्रबाट हुने अवैध कारोबार नियन्त्रण गर्न सबै निकायका सुरक्षा प्रमुखलाई निर्देशन दिएका हुन्। मुलुकको दिगो विकासका लागि शान्ति सुरक्षा आवश्यक भएको बताउँदै उनले सुरक्षा निकायले विशेष ध्यान दिनुपर्ने बताए। शान्ति, विकास र समृद्धि कायम गर्न अनैतिक कार्य, ठगी, लुटपाट, तस्करी, चेलीबेटी बेचबिखन, लागुऔषधजस्ता कानुनविपरीतका कामलाई निस्तेज पार्नुपर्ने लेखकको भनाइ थियो। 'शान्ति सुरक्षा भएन भने दिगो विकास हुँदैन। नागरिकलाई म सुरक्षित छु भन्ने अनुभूति हुनुपर्छ,' उनले भने।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मुख्यमन्त्रीको स्कर्टिङका लागि आवश्यक अगुवा र पछुवा गाडी हटाउन सुझाव दिए। 'मेरो अगुवा र पछुवामध्ये पछुवा गाडी हटाइसकेको छु, सुरक्षा निकायसँग अगुवा गाडीका विषयमा पनि छलफल गरौं। मुख्यमन्त्रीले पाउने अगुवा गाडी सुरक्षा निकायलाई अन्यत्र सुरक्षामा लगाउन सकिन्छ,' उनले भने। प्रदेशका मन्त्रीहरूलाई खर्च कटौतीका लागि आफ्नो जिल्लामा जाँदा सकेसम्म टिएडिए नलिन आचार्यले सुझाव दिए।

पालिकाले पढाइदिएका दीपक घर खोज्दै १८ वर्षपछि म्याग्दी पुगे

भन्छन्- घर नभए पनि वृद्ध हजुरबुबा र बिरामी बुबा भेटेपछि खुसीको सीमा नै रहेन

गुल्मीमा **टोपलाल अर्याल**

१८ वर्षीय दीपक केसीको घर म्याग्दीको धवलागिरि गाउँपालिका- ६ हो। गुल्मीको धुर्कोट गाउँपालिका- ४ मा मामाघरमा उनी जन्मिए। मामाघरमा जन्मिएकाले घरको पत्तो थिएन। उनले आफ्नो बुबालाई पनि देखेका थिएनन्।

समयमै उपचार नहुँदा पाँच वर्षअघि आमा गुमाए। आमा घर छाडेर किन मामाघरमै बसिन् भन्ने दीपकलाई पत्तो छैन। दिदी दर्शना र दीपक आमासँगै मामाघरमै हुर्किए। दिदीभाइ दुवैजना मामाघरबाट आउ-जाउ गरेर पाञ्चायन माविं पढ्थे। माबलीमा पनि बस्न अप्ठ्यारो भएपछि दिदीभाइ धुर्कोट गाउँपालिकाका अध्यक्ष भूपाल पोखेल भेट्न कार्यालयमै पुगे। पोखेलले केसी दिदीभाइको अवस्था देखेर पाञ्चायन माविमा आवासीय सुविधा थपेर पढ्ने व्यवस्था गरे।

दीपकले कक्षा ७-१० र दर्शनाले प्लस टु विद्यालयकै होस्टेलमा बसेर पढे। दीपकले सोही विद्यालयबाट एसइई गरे। दर्शनाले ०७७ मा एसइई र ०७९ मा प्लस टु गरेर गाउँमै बिहे गरिन्। यद्यपि, पाञ्चायन माविमा दीपक कक्षा ४ र दर्शना कक्षा ६ मा ०७३ मा भर्ना भएको प्रधानाध्यापक चेतनारायण मरासिनीले बताए। उनीहरूको होस्टेलको सबै सुविधासहित किताब-कापी, पोसाक र आवश्यक खर्च पालिकाले व्यहोरेको उनको भनाइ छ। सोही होस्टेलमा बसेर एसइई गरेका धुर्कोट गाउँपालिका- ६ का वेदबहादुर थापालाई धुर्कोट गाउँपालिकाले सबै खर्च गरेर अर्घाखाँचीमा भेटेरिनरी पढाइरहेको विद्यालयले जनाएको छ।



बुबा र हजुरबुबाका साथमा दीपक

गत १४ मंसिर बेलुका दीपक घर पुग्दा झमक्कै रात परेको थियो। उनका लागि गाउँ र आफन्त सबै नयाँ थिए। सबैभन्दा पहिले बुबा र घर देख्ने रहर दीपकको थियो। बुबा ज्ञानबहादुर केसीलाई भेटे, तर खुलेर बोलेनन्। घरमा दीपकका ८४ वर्षका हजुरबुबा पनि छन्। उनका अनुसार सानो जग्गा गाउँमा छ, तर घर छैन। उनलाई घरको भन्दा पढाइको रहर छ। अब दीपकको काँधमा वृद्ध हजुरबुबा, बिरामी बुबाका साथै आफ्नो भविष्य आइपरेको छ। 'बुझ्ने भएपछि आफ्नो गाउँ नै जाउँ भन्ने सोचेर गाउँपालिका अध्यक्षलाई भनेपछि धुर्कोटबाट म्याग्दी आइपुगें। जिन्दगीमा गर्नुपर्ने धेरै रहेछन्,' उनले भने, 'सबैभन्दा ठुलो सपना पढ्ने छ।'

राम्रो अवसर पाए ठुला सहरमा पढ्ने योजना रहेको दीपकले बताए। उनले अहिलेसम्म परिवारले जस्तै सहयोग गरेर घरसम्मको बाटो देखाइदिने धुर्कोट गाउँपालिका र विद्यालयप्रति खुसी व्यक्त गरे। दीपकको उमेर र भोलिका लागि धुर्कोट गाउँपालिकाले गाउँ पुऱ्याएर धवलागिरि गाउँपालिकालाई अभिभावकीय भूमिका निर्वाह गर्नसमेत लगाएको छ। धुर्कोट गाउँपालिकाका अध्यक्ष भूपाल पोखेलका अनुसार दीपकका बुबाआमाले द्वन्द्वकालमा बिहे गरेका थिए। बुबाआमाको सम्बन्ध राम्रो नभएपछि दिदीभाइको भविष्यका लागि पालिकाले सहयोग गरेको बताए।

त्रिविको सम्पत्ति छानबिन आयोगले प्रधानमन्त्रीलाई बुझायो प्रतिवेदन

काठमाडौँ/ प्रधानमन्त्री केपी ओलीसमक्ष त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन आयोगले प्रतिवेदन हस्तान्तरण गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र विश्वविद्यालयका पदाधिकारीसहितको उपस्थितिमा आयोगका सदस्य महेन्द्र थापाले प्रधानमन्त्री निवास बालुवाटारमा सो प्रतिवेदन हस्तान्तरण गरे।

गत १७ जेठमा मन्त्रिपरिषद्बाट पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा पाँच सदस्यीय आयोग गठन गरिएको थियो। आयोगले १४ मंसिरमा शिक्षामन्त्री विद्या भट्टराईलाई प्रतिवेदन बुझाएको थियो।

प्रतिवेदन बुझेपछि प्रधानमन्त्री ओलीले छानबिन समिति सक्षम व्यक्तिको संयोजकत्वमा आयोग गठन गरिएको उल्लेख गर्दै प्रतिवेदनले औंल्याएका निष्कर्षलाई अविलम्ब कार्यान्वयन गरिने बताए।

संयोजक त्रिताल अस्वस्थ्य भएका कारण सदस्य महेन्द्र थापाले संयोजन गरी प्रतिवेदनलाई अन्तिम रूप दिएका थिए। प्रतिवेदनले ०१३ देखिका त्रिविको कीर्तिपुर, नैकाप, ढुंगेअड्डा, पाटनलगायत काठमाडौँ उपत्यकाका २१ क्याम्पसका जग्गाको अवस्था, दुरुपयोग र उपयोगका लागि समाधानका उपायसमेत सुझाएको छ। समितिले जग्गाको दुरुपयोग भएका सम्बन्धमा अख्तियार दुरुपयोग आयोग र नेपाली प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमा लेखी पठाउन पनि सुझाव दिइएको छ।

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
कम्पनी ऐन, २०६३ को दफा ८४(४) को प्रयोजनको निमित्त प्रकाशित विवरण

नयाँ बानेश्वर, काठमाडौँ, नेपाल, फोन नः ०१-४५९५०१६/१७/१८
इमेलः info@hidcl.org.np, वेबसाइटः www.hidcl.org.np

तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/०९/०२ गते)
(दोश्रो पटक प्रकाशित मिति: २०८१/०९/०३ गते)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८१/०८/२६ गते बसेको सञ्चालक समितिको ३०४औं बैठकको निर्णयानुसार यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८(४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थानः

मिति : २०८१ साल पौष २४ गते, बुधबार (०८ जनवरी २०२५)
समय : बिहान १०:०० बजेदेखि।
स्थान : कार्की ब्याङ्केट, बबरमहल, काठमाडौं

छलफलका विषयहरूः

(क) साधारण प्रस्तावः

१) आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने।
३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरूलाई चुक्ता पूँजीको ५.२५% (पाँच दशमलव दुई पाँच प्रतिशत) का दरले हुने रू. १,२८९,३९०,२०२।- (अक्षरेपी एक अर्ब अठ्ठाइस करोड त्रियानब्बे लाख नब्बे हजार दुई सय दुई मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने। (कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)
५) संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरूमध्येबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने।

(ख) विशेष प्रस्तावः

१) कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।
२) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. १०,००,०००।- बराबरको खर्च भएकोमा सोको अनुमोदन गर्ने।

(ग) विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीः

१. यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८१/०९/१२ गते यस कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहनेछ। शेयरधनी किताब बन्द भएको अघिल्लो दिन मिति २०८१/०९/११ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई सो मितिबाट ३ (तीन) कार्य दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरू मात्र तेह्रौं वार्षिक साधारण सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य मानिने छन्।
२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:३० बजेदेखि खुल्ला रहनेछ।
३. सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरूले हितग्राही खाता (डिम्याट) खोलिएको पत्र, शेयर प्रमाणपत्र वा सोको प्रतिलिपि र आफ्नो परिचय खुल्ने प्रमाण पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ।
४. सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतबाट मिति २०८१/०९/१४ गते कम्पनीको सूचना पाटीमा प्रकाशित गरिनेछ। यस सम्बन्धी जानकारीहरू कम्पनीको वेबसाइट www.hidcl.org.np मा पनि हेर्न सकिने छ। निर्वाचन अधिकृतको कार्यालय कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा रहने छ।
५. शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनीको विस्तृत आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरू कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्न वा कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाडौंबाट लिन सकिने छ। उक्त प्रतिवेदन सभा हुने समयमा सभास्थलमा समेत उपलब्ध हुनेछ।
६. सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात मिति २०८१/०९/२२ गते बिहान १०:०० बजे भित्र यस कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै प्रतिनिधि मुकरर्र गर्ने भएमा सोको लिखित सूचना सोहि अवधि भित्र सोहि कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनु पर्नेछ। प्रोक्सी फारमको ढाँचा कम्पनीको वेबसाइट www.hidcl.org.np बाट डाउनलोड गर्न सकिने छ।
७. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरूका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउने छन्।
८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउने छन्।
९. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई सकेसम्म झोला तथा अन्य वस्तुहरू नलिई आउनुहुन अनुरोध गरिन्छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरूले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ।
१०. अन्य कुनै जानकारीका लागि कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन वा कम्पनीको वेबसाइट www.hidcl.org.np मा हेर्नु हुन अनुरोध छ।

(प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो)

आ.व. २०८०/८१ को संक्षिप्त आर्थिक विवरण

आदरणीय शेयरधनी महानुभावहरू,

यस हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको मिति २०८१/०९/२४ मा हुन गइरहेको तेह्रौं वार्षिक साधारण सभामा सहभागिता जनाई कम्पनीलाई आफ्नो अमूल्य सल्लाह, सुझाव, सहयोग र सद्भाव प्रदान गर्नुहुनको लागि सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट समेत आमन्त्रण गर्दछु। कम्पनी ऐन, २०६३ को दफा ८४ मा भएको व्यवस्था अनुसार कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको आधारमा तयार पारिएको संक्षिप्त आर्थिक विवरण यहाँहरूको जानकारीको लागि पेश गरेको छु।

क) **विगत वर्षहरूको कारोबारको सिंहावलोकनः**

राष्ट्रिय लक्ष्य प्राप्तिका लागि जलविद्युत तथा अन्य नवीकरणीय ऊर्जा क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट लगानी जुटाउनका लागि निरन्तर रूपमा प्रयासरत रहेको यस कम्पनीले आफ्नो उद्देश्य अनुसार विभिन्न जलविद्युत तथा सौर्य आयोजनाहरूमा ऋण तथा शेयर लगानी गर्दै आएको छ। यसै गरी विद्युत प्रसारण र जलविद्युत अध्ययन सम्बन्धी कम्पनीहरूमा समेत शेयर लगानी गरेको छ। कम्पनीबाट हालसम्म कुल ३,७३० मेगावाट क्षमताका ३४ वटा जलविद्युत आयोजना, कुल २५ मेगावाट क्षमताका दुई वटा सौर्य ऊर्जा आयोजना, एउटा ४०० केभी क्रसबोर्डर प्रसारण लाइन आयोजना र अन्य तीन वटा ऊर्जासँग सम्बन्धित कम्पनीहरूमा कुल ५४ अर्ब ३६ करोड रुपैयाँ बराबरको ऋण तथा शेयर लगानी स्वीकृत भई १३ अर्ब ८५ करोड रुपैयाँ बराबरको लगानी रकम भुक्तानी भइसकेको छ। कम्पनीबाट लगानी भएका आयोजनाहरूमध्ये ८५० मेगावाट क्षमताका १३ वटा जलविद्युत आयोजनाहरू र एउटा क्रसबोर्डर प्रसारण लाईन आयोजनाको निर्माण सम्पन्न भई व्यापारिक उत्पादन शुरु भइसकेको छ। यसका अतिरिक्त कम्पनीमा सरकारी क्षेत्र तथा नीजि क्षेत्रबाट अगाडि बढाइएका अध्ययन तथा निर्माणको विभिन्न चरणमा रहेका कुल २,४०० मेगावाट क्षमताका १६ वटा जलविद्युत तथा सौर्य आयोजनाहरू र २ वटा हाइभोल्टेज प्रसारण लाइन आयोजनाहरूमा करिब ३७ अर्ब रुपैयाँ बराबरको ऋण तथा शेयर लगानीका लागि प्रस्तावहरू उपर छलफल, अध्ययन तथा मूल्याङ्कनका कार्यहरू भइरहेका छन्।

कम्पनीबाट लगानीको सम्झौता गरिएका आयोजनाहरूको भौतिक प्रगति तथा भुक्तानी तालिका अनुसार कम्पनीले रकम भुक्तानी गर्दै जाने हुनाले कम्पनीबाट प्रतिबद्धता गरिएको रकमको तुलनामा हालसम्म भुक्तानी भएको लगानी रकम कम देखिएको भए पनि आगामी दिनमा सम्झौता गरिएका आयोजनाहरूको भौतिक प्रगति वृद्धि हुँदै जाने र नयाँ आयोजनाहरूको निर्माण कार्य शुरु हुँदै जाने हुँदा कम्पनीबाट प्रतिबद्धता अनुसारको लगानी बढ्दै जानेछ भन्ने विश्वास लिएको छु।

आ.व. २०८०/८१ र २०७९/८० को तुलनात्मक वित्तीय स्थिति विवरण तल उल्लेख गरे बमोजिम रहेको छ।

१. **एकीकृत वित्तीय अवस्थाको विवरण (Statement of Financial Position):**

रकम रु. हजारमा

विवरण	HIDCL (समूह)		HIDCL	
	२०८१/०३/३१	२०८०/०३/३१	२०८१/०३/३१	२०८०/०३/३१
सम्पत्ति				
गैह चालु सम्पत्ति				
सम्पत्ति र उपकरण	१,०७५,९७०	९७८,४५७	१३,१६२	१४,१३०
शेयर लगानी	३,१३८,४१३	२,२२२,८१३	३,१३८,४१३	२,२२२,८१३
सहायक कम्पनीमा लगानी	-	-	१,०१०,०००	१,०१०,०००
कर्पोरेट बण्ड लगानी	-	८३,६१०	-	८३,६१०
ऋण लगानी	६,८४४,४५९	८,९५०,६४२	६,८४४,४५९	८,९५०,६४२
अन्य गैह चालु सम्पत्ति	१०१,५४३	११४,७०६	६२,५९२	७२,५७८
जम्मा गैह चालु सम्पत्ति	**११,१६०,३८५**	**१२,३५०,२२७**	**११,०६८,६२६**	**१२,३५३,७७२**
चालु सम्पत्ति				
मुद्दति निक्षेप	१३,७९६,४३८	१२,३६९,०११	१३,७८४,८१३	१२,३६९,०११
मौज्दात	६३७	४३४	३७१	१७३
चालु कर सम्पत्ति	१३,२१०	-	९,०२७	-
अग्रीम भुक्तानी, पेश्की तथा पाउनुपर्ने हिसाब	५९३,२४४	२६४,८१०	५७०,३८७	२६३,४६७
नगद तथा बैंक मौज्दात	१,२६६,४०२	४३०,७३४	१,१५४,४५५	३५७,४९६
जम्मा चालु सम्पत्ति	**१५,६६९,९३१**	**१३,०६४,९९०**	**१५,५१९,०५२**	**१२,९९०,१४८**
जम्मा सम्पत्ति	**२६,८३०,३१७**	**२५,४१५,२१७**	**२६,५८७,६७८**	**२५,३४३,९२०**
पूँजी तथा दायित्व				
पूँजी तथा जगेडा				
चुक्ता पूँजी	२३,१३०,४०८	२२,७७५,७९९	२२,८७३,९०८	२२,७७५,७९९
शेयर लगानी वापत पेश्की	-	४१,५००	-	-
जगेडा तथा कोषहरू	३,२७२,६७९	२,२६५,३३२	३,३६१,८५५	२,३३६,७५६
जम्मा पूँजी तथा जगेडा	**२६,४०३,०८७**	**२५,०८२,६३१**	**२६,२३५,७६४**	**२५,११२,५५६**
दायित्व				
अन्य गैह चालु दायित्व	१८३,५३२	११५,६१३	१५१,३११	७०,४३५
चालु दायित्व	२४३,६९७	२१६,९७३	२००,६०४	१६०,९२९
जम्मा पूँजी तथा दायित्व	**२६,८३०,३१७**	**२५,४१५,२१७**	**२६,५८७,६७८**	**२५,३४३,९२०**

२. **एकीकृत नाफा नोक्सान विवरण (Statement of Profit or Loss):**

रकम रु. हजारमा

विवरण	HIDCL (समूह)		HIDCL	
	आ.व. २०८०/८१	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०७९/८०
आम्दानी				
शेयर लगानीबाट आम्दानी	११,३४०	१३,३६१	११,३४०	१३,३६१
ऋण लगानीबाट आम्दानी	८०७,८६४	८३६,२५३	८०७,८६४	८३६,२५३
बैंक ब्याज आम्दानी	१,२७४,०५९	१,३०८,८८१	१,२७१,०९२	१,३०७,७४८
अन्य आम्दानी	८१,००४	१७,६६४	८०,८३६	१७,५७३
कुल आम्दानी	**२,१७४,२६७**	**२,१७६,१५८**	**२,१७१,१३१**	**२,१७४,९३४**
न्यून:				
कर्मचारी खर्च	४६,८५७	५२,२७७	३७,४४९	३९,५८६
सञ्चालन तथा प्रशासनिक खर्च	२१,७२२	२४,१११	१६,५४६	१९,६९१
वित्तीय खर्च	११,४५०	११,८९८	६,८५५	७,१२४
ह्रास कट्टी र परिशोधन	२४,३८१	२३,०४०	११,७८१	१०,५६३
कर्जामा सम्भावित जोखिम व्यवस्था	७२६	२८,३३८	७२६	२८,३३८
सम्पत्ति अपलेखन खर्च	-	३८,५९२	-	३८,५९२
कर्मचारी वोनस व्यवस्था	२०,९७८	२०,३१०	२०,९७८	२०,३१०
कुल खर्च	**१२६,११५**	**१९८,५६६**	**९४,३३६**	**१६४,२०५**
आय कर अघिको मुनाफा	**२,०४८,१५२**	**१,९७७,५९२**	**२,०७६,७९५**	**२,०१०,७२८**
आय कर खर्च	६१२,९८९	६३५,२९०	६२४,२३३	६३५,५२१
यस अवधिको खुद मुनाफा	**१,४३५,१६३**	**१,३४२,३०२**	**१,४५२,५६३**	**१,३७५,२०७**
शेयर लगानीलाई Fair Value मा लेखाङ्कन गर्दा सिर्जित नाफा	८५८,०००	-	८५८,०००	-
अन्य समायोजन (OCI)	(८५,९९३)	(३७८)	(८५,८००)	-
OCI बमोजिमको खुद मुनाफा	**२,२०७,१७०**	**१,३४१,९२४**	**२,२२४,७६३**	**१,३७५,२०७**

३. **एकीकृत नगद प्रवाह विवरण (Statement of Cash Flows):**

रकम रु. हजारमा

विवरण	HIDCL (समूह)		HIDCL	
	आ.व. २०८०/८१	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०७९/८०
सञ्चालन गतिविधिबाट नगद प्रवाह				
आय कर पछिको खुद मुनाफा (OCI)	२,२०७,१७०	१,३४१,९२४	२,२२४,७६३	१,३७५,२०७
समायोजन: गैह नगद खर्च र गैह सञ्चालन खर्च	-	-	-	-
ह्रास कट्टी र परिशोधन	२६,८२४	२५,२८१	११,७८१	१०,४१३
सम्पत्ति निसर्गबाट नोक्सान/(नाफा)	(१८)	२,५३०	(१८)	२,५३०
लाभांश आम्दानी	(११,३४०)	(१३,३६१)	(११,३४०)	(१३,३६१)
लगानीबाट प्राप्त ब्याज	(७,२००)	(७,२००)	(७,२००)	(७,२००)
अघिल्ला वर्षहरूको समायोजन	(२५)	४३३,१९२	-	४३३,१२०
लिजमा वित्तीय खर्च	११,४५०	११,८८१	६,८५५	७,१२४
लिजहोल्ड सम्पत्ति अपलेखन	-	१३२	-	१३२
सञ्चालन सम्पत्ति र दायित्व परिवर्तन				
सञ्चालन सम्पत्तिमा परिवर्तन	(१,७६४,३२२)	१,४४०,६८९	(१,७२६,६७४)	१,४२८,७७४
सञ्चालन दायित्वमा परिवर्तन	९६,१७७	(८८०,५००)	१२१,४२८	(८३७,२८६)
सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह	**५५८,७१७**	**२,३५४,५६६**	**६१९,५९५**	**२,३९९,४५३**
लगानी कारोबारबाट नगद प्रवाह				
सम्पत्ति र उपकरणको खरिद	(४,१३५)	(५,१४८)	(२,१५७)	(१,५७५)
पुँजीगत निर्माणाधीन कार्यमा वृद्धि	(१०५,७७५)	(६४,८७८)	-	-
सम्पत्ति बिक्रीबाट प्राप्ति	९९	८५	९९	८५
अघिल्ला वर्षहरूको समायोजन	-	-	-	-
अमूर्त सम्पत्तिको खरिद	-	(८६)	-	-
सहायक कम्पनीमा खुद लगानी	-	-	-	(१२३,७३०)
लाभांश आम्दानी	११,३४०	१३,३६१	११,३४०	१३,३६१
लगानी सम्पत्तिमा खुद नगद प्रवाह	१,२७३,४४२	(३,७४३,४४६)	१,२७३,४४२	(३,७४३,४४६)
लगानीबाट प्राप्त ब्याज	७,२००	७,२००	७,२००	७,२००
लगानी कारोबारबाट खुद नगद प्रवाह	**१,१८२,१७०**	**(३,७९२,९१३)**	**१,२८९,९२४**	**(३,८४८,१०६)**
वित्तीय गतिविधिबाट नगद प्रवाह				
NFRS 16 बमोजिमको लिज भुक्तानी	(१९,१११)	(१७,८५०)	(११,४५२)	(१०,७१०)
शेयर लगानी वापत प्राप्त रकम	३१३,१०९	२,१०२,२४७	९८,१०९	२,०६०,७४७
लाभांश भुक्तानी	(१,१९९,२९३)	(५५,९९०)	(१,१९९,२९३)	(५५,९९०)
जगेडा तथा कोषको उपभोग	६५४	(१,०६२,१५८)	६५४	(१,०६२,१५८)
शेयर निष्काशन खर्च	(५७८)	(६,२४३)	(५७८)	(६,२४३)
वित्तीय गतिविधिबाट खुद नगद प्रवाह	**(९०५,२१९)**	**९६०,००५**	**(१,११२,५६१)**	**९२५,६४६**
नगद प्रवाहमा भएको खुद वृद्धि/(कमी)	**८३५,६६८**	**(४७८,३४१)**	**७९६,९५८**	**(५२३,००७)**
नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात	४३०,७३४	९०९,०७५	३५७,४९६	८८०,५०३
नगद तथा नगद समानमा विनिमय दरमा आएको परिवर्तनबाट भएको आम्दानी/(खर्च)	-	-	-	-
नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात	**१,२६६,४०२**	**४३०,७३४**	**१,१५४,४५५**	**३५७,४९६**

ख) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धी र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा:

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीले दिएको कार्यादेश, जलविद्युत विकास तथा लगानीको सन्दर्भमा नेपाल सरकारले अवलम्बन गरेको नीति, योजना तथा कार्यक्रम, लगानीको समग्र वातावरणको विश्लेषण एवं कम्पनीले विगतमा अवलम्बन गरेको रणनीति र हासिल गरेको उपलब्धिको समीक्षा समेतका आधारमा कम्पनीको भावी गन्तव्य, लक्ष्य र मार्गचित्रसहितको कम्पनीको चार वर्षे रणनीतिक योजना तयार गरी आर्थिक वर्ष २०७८/७९ बाट सो अनुसार कार्य प्रारम्भ गरिएको छ। नीजि तथा सरकारी स्तरबाट विकास गरिने जलविद्युत आयोजनाहरूमा शेयर तथा ऋण लगानी गरी आयोजनाहरूको वित्तीय, संस्थागत एवं प्राविधिक सुदृढीकरण गर्ने तथा दीर्घकालिन लगानी गरी कम्पनीका शेयरधनीहरूको लाभ वृद्धि गर्ने उद्देश्य सहित सो रणनीतिक योजना तयार गरिएको छ। सो चार वर्षे रणनीतिक योजनाको नियमित समीक्षा गरी सञ्चालक समितिबाट योजनामा निर्दिष्ट गरिएका गतिविधि तथा लक्ष्यहरूको समसामयिक संशोधन एवम् सुधार गर्दै लैजाने कार्य नियमित भईरहेको छ।

साथै, नवीकरणीय ऊर्जामा विकास भइरहेको नवीनतम प्रविधि एवम् वैकल्पिक श्रोतको उपयोगमा लगानी विस्तार गर्दै लैजाने उद्देश्य सहित कम्पनीले जलविद्युत क्षेत्रमा सीमित रहेको आफ्नो कार्यक्षेत्र विस्तार गरी समग्र नवीकरणीय ऊर्जा क्षेत्रलाई समट्ने गरी दशौं वार्षिक साधारण सभाको निर्णयबाट प्रबन्धपत्रमा उल्लेखित कम्पनीको उद्देश्य थप गरी संशोधन गरिएको छ। यसबाट कम्पनीको उद्देश्यमा एउटा नयाँ आयाम थपिने र जलविद्युत क्षेत्रमा केन्द्रित रहँदै नवीकरणीय ऊर्जाका अन्य क्षेत्रमा समेत कम्पनीको उल्लेख्य उपस्थिति रहने विश्वास छ।

चालु आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधि अर्थात २०८१ साल आश्विन मसान्तसम्म कम्पनीको वित्तीय अवस्था निम्न बमोजिम रहेको छः

विवरण	२०८१/०४/०१ देखि २०८१/०६/३० सम्म रु. करोडमा	विवरण	२०८१/०४/०१ देखि २०८१/०६/३० सम्म रु. करोडमा
नाफा नोक्सानको विवरण		**वासलातको विवरण**	
आम्दानी		सम्पत्ति र उपकरण	१.२
शेयर लगानीबाट आम्दानी	-	शेयर लगानी	४३३.५
ऋण लगानीबाट आम्दानी	१७.३	कर्पोरेट बण्ड लगानी	८.०
मुद्दती निक्षेपबाट ब्याज आम्दानी	२४.१	ऋण लगानी	७१४.४
अन्य सञ्चालन आम्दानी	०.२	अन्य गैह चालु सम्पत्ति	५.७
कुल आम्दानी	**४१.६**	मुद्दति निक्षेप	१,७२८.०
न्यून:		चालु सम्पत्ति	
कर्मचारी खर्च	१.३	अग्रीम भुक्तानी, पेश्की तथा पाउनुपर्ने हिसाब	१.१
सञ्चालन तथा प्रशासनिक खर्च	०.३		
वित्तीय खर्च	०.२	आर्जित मुनाफा	३.३
ह्रास कट्टी र परिशोधन	०.३	अन्य चालु सम्पत्ति	०.०४
कर्मचारी वोनस व्यवस्था	०.४	नगद तथा बैंक मौज्दात	५३.०
कुल खर्च	**२.५**	**जम्मा सम्पत्ति**	**२,९४८.३**
आय कर अघिको मुनाफा	**३९.१**	पूँजी तथा दायित्व	
आय कर खर्च	११.७	पूँजी	
यस अवधिको मुनाफा	**२७.४**	चुक्ता पूँजी	२,४५५.९८
		जगेडा तथा कोषहरू	४४५.०
		दायित्व	
		बाह्य ऋण	-
		अन्य गैह चालु दायित्व	७.२
		चालु दायित्व	
		भुक्तानी गर्नुपर्ने रकम तथा व्यवस्था	४०.२
		जम्मा पूँजी तथा दायित्व	**२,९४८.३**

सुरेश आचार्य
अध्यक्ष

लेखापरीक्षकको प्रतिवेदनः

श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्रदान गरिए बमोजिम कम्पनीको बाह्रौं वार्षिक साधारण सभाबाट आर्थिक वर्ष २०८०/८१ का लागि नियुक्त भएका बाह्य लेखापरीक्षकबाट कम्पनीको लेखापरीक्षण कार्य सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन पेश भएको छ। लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन उपर लेखापरीक्षण समिति र सञ्चालक समितिमा छलफल गरी सञ्चालक समितिबाट सुधारका लागि व्यवस्थापनलाई निर्देशन दिई सकिएको छ। लेखापरीक्षकबाट सारभूत रुपमा गलत आँकडा रहित लेखापरीक्षण प्रतिवेदन पेश भएको छ। कम्पनीबाट हुने लगानीमा कम्पनीको हित सुनिश्चितता हुने गरी जोखिम विश्लेषण एवम् लगानी भएका आयोजनाको अनुगमनलाई थप प्रभावकारी बनाउने आदि विषयमा लेखापरीक्षकबाट ध्यानाकर्षण गराइएको छ।

(लेखापरीक्षकको प्रतिवेदन सहितको कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको विस्तृत विवरण कम्पनीको वेबसाइट www.hidcl.org.np मा उपलब्ध रहेको छ।)

करिडोर सडक सुधारका लागि अर्थ मन्त्रालयमा प्रस्ताव पेस

काठमाडौँ/ अविरल वर्षासँगै भएको डुबान तथा बाढीका कारण बिग्रिएका उपत्यका आसपासका नदी करिडोरका सडक सुधारका लागि अर्थ मन्त्रालयमा प्रस्ताव पेस गरिएको छ। उपत्यका नदी संरक्षण तथा सुधारको मुख्य अख्तियारी पाएको अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिले सडक सुधारका लागि प्रस्ताव पेस गरेको हो।

समितिका सूचना अधिकृत उद्धव नेपालले उपत्यकाका नदी करिडोरमा पर्ने सडकखण्ड सुधार गर्न, नदी आसपासमा थुप्रिएका माटो, ढुंगा तथा गेग्रान सफा गर्न, नदीमा लगाइएको पर्खाल बाढीले भत्काएकाले पुनः पर्खाल लगाउन, फुटपाथ, पार्क सुधार गर्नका लागि करिब ८० करोड लागत लाग्ने भएको जानकारी दिए।

'गत असोजको विपद्पछि बिग्रिएको 'बाग्मती सुन्दरता' लाई फेरि फर्काउनु छ, सडक सुधार गर्नुपर्ने छ', उनले भने, 'तर हामीसँग बजेटको अभाव छ, तसर्थ आवश्यक पर्ने लागत व्यवस्थापनका लागि अर्थ मन्त्रालयमा प्रस्ताव पेस गरेका छौं। बजेट आएपछि मात्रै काम अगाडि बढ्ने छ।' विपद्का कारण क्षतिग्रस्त बाग्मती, हनुमन्ते, मनहरा, नख्खु, गोदावरी, कर्मनासा नदी करिडोरको सडक सुधारलगायतका काम अगाडि बढाउनुपर्ने उनको भनाइ छ।

सहरी मन्त्रालयकी प्रवक्ता विनु बज्राचार्यले अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिअन्तर्गत बाग्मती, मनोहरा, धोबीखोला, विष्णुमती, नख्खु, हनुमन्ते, कर्मनासा नदीमा थुपारेको माटो तथा गेग्रान निकाल्ने कार्य मात्रै करिब १२ करोड ८१ लाख लागत लाग्ने अनुमान गरिएको जानकारी दिइन्। 'नदी किनारामा अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिबाट निर्माण भएको क्षतिग्रस्त नदी तटबन्धन, पर्खालको पुनःनिर्माण तथा बाटोलगायतका अन्य संरचनामा पनि क्षति पुगेको छ', उनले भनिन्, 'यी संरचना बनाउन करिब ८० करोड अनुमानित लागत लाग्ने छ।'

बाढीपीडित र हात्तीबाट ज्यान गुमाउने परिवारलाई राहत वितरण



कञ्चनपुरमा **मोहन विष्ट**

कांग्रेसबाट कञ्चनपुरको बेलडाँडी, बेलौरी, पुनर्वास र लालझाडी पालिकामा निर्वाचित स्थानीय तहका जनप्रतिनिधि (वडाध्यक्षहरू)ले भत्ताबापत आउने रकमबाट हात्ती आक्रमणमा परेका र बाढीपीडितका परिवारलाई राहत वितरण गरेका छन्। बेलडाँडी- १ का वडाध्यक्ष जगबहादुर विष्टले गत २४ असारयता आएको बाढी र असोजयता हात्तीको आक्रमणबाट मृत्यु भएका पीडित परिवारलाई राहत रकम वितरण गरिएको बताए। कांग्रेसका वडाध्यक्षहरूले हरेक महिना आफ्नो भत्ताबापत पाउने एक-एक हजार रुपैयाँ जम्मा परेर विपत्मा परी पीडित भएका परिवारलाई राहत वितरण गरिएको उनको भनाइ छ।

विष्टका अनुसार चौधर नदीको बाढीले मृत्यु भएका बेलडाँडी गाउँपालिका-५ इमलियाका कन्यावती राना र बेलडाँडी- ३ का डम्बर चौधरी, तलाउमा डुबेर मृत्यु भएका पुनर्वास- ५ का सिर्जना बोगटी, लक्ष्मी बोगटी, आरती बोगटीको परिवारलाई राहत रकम दिइएको छ। जंगली हात्तीको आक्रमणबाट ज्यान गुमाएका लालझाडी- ४ का रामदल राना र बेलौरी- ६ का उमेश चौधरीको परिवारलाई रकम वितरण गरिएको छ। हात्ती र बाढीबाट मृत्यु भएका परिवारलाई जनही ५५ सय रुपैयाँका दरले वितरण गरिएको उनले बताए। 'कांग्रेसबाट निर्वाचित वडाध्यक्षहरूले हरेक महिना एक-एक हजार रुपैयाँ संकलन गरेका छौं,' उनले भने, 'ठुलो विपत्मा परेका जनतालाई सक्दो राहत वितरण गरेका छौं, यो कार्यक्रम निरन्तर अघि बढाउँछौं।'

कांग्रेसबाटै निर्वाचित बेलडाँडी गाउँपालिका अध्यक्ष हरिशन्द्रचन्द्र राना, वडा नम्बर १ का अध्यक्ष जगबहादुर विष्ट, २ का वडाध्यक्ष नारद उप्याल, ३ का वडाध्यक्ष दुर्गाप्रसाद चौधरी, ५ का वडाध्यक्ष इन्द्रबहादुर खड्का, बेलौरी- ७ का वडाध्यक्ष प्रकाश श्रेष्ठ, बेलौरी- ९ का वडाध्यक्ष किसनसिंह राना, पुनर्वास-१ का वडाध्यक्ष मोहनलाल राना, ५ का वडाध्यक्ष पदमबहादुर रोकाया, ७ का वडाध्यक्ष मूलचन्द्र राना र लालझाडी- ६ का वडाध्यक्ष हर्कनारायण जोशीसहितले मृतकको घरमै पुगेर आश्रित परिवारलाई राहत सहयोग गरेका छन्।

अपांगता पहिचान गर्न १५ दिने अभियान

झापा/ मेचीनगरमा अपांगता भएकाहरूको पहिचान गरी परिचयपत्र वितरण गर्ने उद्देश्यले नगरपालिकाले विशेष स्वास्थ्य शिविरसहित १५ दिने अभियान सञ्चालन गरेको छ। कोशी प्रदेशका खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री एकराज कार्कीले मेचीनगर-१ को बाहुनडाँगीमा सोमबार एक कार्यक्रमबीच अभियानको उद्घाटन गरे। उनले अपांगता भएकाहरूको सुविधा र हितका लागि प्रदेश सरकारले स्थानीय पालिका र करुणा फाउन्डेसनसँग सहकार्यमा स्वास्थ्य शिविरसहित विविध कार्यक्रमार्फत अभियान सञ्चालन गरिरहेको बताए।

मेचीनगर नगरपालिकाले आगामी १५ दिनभित्रमा नगरका १५ वटै वडामा शिविर सञ्चालन गरी अपाङ्गता भएकाहरूलाई परिचयपत्र वितरण गर्ने जनाएको छ। प्रत्येक वडामा विशेषज्ञ चिकित्सकसहित स्वास्थ्यकर्मी र कर्मचारीको टोली खटाइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले बताए। शारीरिक अशक्त भएका व्यक्तिलाई वडा तथा नगरपालिका धाउने झञ्झट नहोस् भनेर वडातहमा शिविरको आयोजना गरिएको भन्दै यसबाट लक्षितवर्ग लाभान्वित हुने नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले विश्वास व्यक्त गरे।

अपांगता भएका व्यक्तिहरूको पहिचान र बृहत्तर हितका लागि विशेष कार्यक्रम सञ्चालन गर्न मेचीनगर नगरपालिका, कोशी प्रदेश सरकार र करुणा फाउन्डेसनबीच एक करोड ४२ लाख सहयोगको त्रिपक्षीय सम्झौता भएको उनले जानकारी दिए। उक्त कार्यक्रमबाट मेचीनगरमा नवजात शिशुको जाँचमा वृद्धि, बाल स्वास्थ्यमा सुधार, अपाङ्गता भएका व्यक्तिहरूको जीवनको गुणस्तरमा सुधार, शिक्षामा पहुँच वृद्धि, परिवारको सशक्तीकरण र जीविकोपार्जनमा सुधार, सामाजिक क्रियाकलापमा पहुँच वृद्धि, क्षमता अभिवृद्धिमा सहयोग र प्रशासन तथा व्यवस्थापन सुदृढीकरणमा सहयोग पुग्ने नगरका उपप्रमुख मीना उप्रेतीले बताए।

मेचीनगर क्षेत्रमा तीन हजार २७ जना अपाङ्गता भएका व्यक्ति रहेकामा हाल एक हजार सात सय ४४ जनाको मात्रै विवरण दर्ता गराएका छन्। प्रत्येक वडामा एक/एक दिन सञ्चालन गरिने शिविरमा स्वास्थ्य परीक्षण, श्रवण यन्त्र, ह्वीलचियर, कृत्रिम हातखुट्टाको नापजाँच, विद्यालय भर्नालगायत सेवा उपलब्ध हुने प्रमुख प्रशासकीय अधिकृत अधिकारीले जानकारी दिए। शिविरमा स्वास्थ्य परीक्षणका लागि आँखा, कान, मनोविद् लगायत विशेषज्ञ चिकित्सक परिचालन गरिएको नगर कार्यालयले जनाएको छ।

द्वन्द्वोत्तर राष्ट्रमा सत्य निरूपण तथा मेलमिलापको भूमिका

द्वन्द्वपीडित मुलुकमा गठन हुने सत्य निरूपण तथा मेलमिलाप आयोगले पीडितको दुखेको घाउमा मलमपट्टी लगाउन सघाउँछ



● रामनारायण देव

अग्रलेख

द्वन्द्वोत्तर राष्ट्रमा विगतमा गएका मानव अधिकार उल्लंघनका गम्भीर घटनालाई सम्बोधन गर्नुपर्ने दायित्व हुन्छ । यसका लागि संक्रमणकालीन न्यायसम्बन्धी तरिका अपनाइन्छन् । तिनै तरिकामध्ये विगतमा मानवअधिकारका गम्भीर उल्लंघनका घटनाबारे सत्यतथ्य पत्ता लगाउन सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिन्छ ।

नेपालमा विगतमा माओवादीको दशवर्षे जनयुद्धमा मानव अधिकारविरुद्धका कैयौँ घटना घटेका छन् । हजारौँ निर्दोष मानिसको हत्या, हिंसा, अपहरण, बलात्कारलगायत जघन्य अपराध भएका छन् भने राज्य पक्षबाट पनि हिंसा, हत्या, अपहरण र बलात्कारका कैयौँ घटना घटेका छन् । राज्यपक्ष र माओवादीबिच झन्डै १८ वर्षअघि शान्ति सम्झौता भए पनि द्वन्द्वपीडित जनसमुदायले अहिलेसम्म न्याय, क्षतिपूर्ति र राहत नपाएकाले मुलुकमा व्यापक असन्तुष्टि र आक्रोश व्याप्त छ ।

राज्य र सरकारप्रति यसरी असन्तुष्टि रहिरहेमा यसले भविष्यमा विकराल रूप लिन सक्छ । त्यसैले राज्यले ती द्वन्द्वकालीन घाउलाई थप बल्झिन नदिई यसमा मलमपट्टी बाँध्न र मेलमिलाप गराउन केहीअधि सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्न सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा पाँच सदस्यीय सिफारिस समिति गठन गरेको थियो । यसले आफ्नो काम अघि बढाए पनि शीर्ष राजनीतिक नेतृत्वबिच आयोग पदाधिकारीमा सिफारिस हुने व्यक्तिको नाममा सहमति जुट्न नसक्दा काम पूरा नगरी समिति नै विघटन भएको छ । यसभन्दा पहिले पनि आयोग गठन नभएको होइन । तर, तिनले पूर्ण रूपमा काम गर्न सकेनन् । विगतमा गठित आयोगले पीडितमैत्री ऐन, कानुन तथा संक्रमणकालीन न्यायको अभावमा समस्या समाधान गर्न सकेनन् ।

खासगरी विगतमा मानव अधिकारको दुरुपयोग र मानवीय कानुनको उल्लंघनलाई कसरी सम्बोधन गरिनुपर्छ ? पीडितको असह्य पीडा र दुःखका घाउलाई कस्तो उपचार प्रदान गरिनुपर्छ भन्ने बुझाइकै अभाव रह्यो । उनीहरूको आधारभूत मानव अधिकारको कसरी सम्मान र संरक्षण गर्न सकिन्छ । द्वन्द्वबाट क्षतविक्षत् भएका समाजमा कसरी मेलमिलाप बढाउन सकिन्छ भन्ने कुरा ठिक तरिकाले पहिचान गरिनु आवश्यक हुन्छ । त्यसैले स्थायी शान्ति र दिगो विकास हासिल गर्न संक्रमणकालीन न्यायको विशेष आवश्यकता पर्छ । यसका लागि द्वन्द्व समाप्तिपश्चात् विभिन्न उपायको अवलम्बन हुँदै आएको पाइन्छ ।

सत्य निरूपण आयोगले विगतका घटनाका सम्बन्धमा जाँचबुझ र अनुसन्धान गरी अभिलेखीकरण गरेको तथ्य र दिएका सुझावका आधारमा संक्रमणकालीन न्यायलाई क्रियाशील हुन सघाउ पुग्छ । यसको अर्थ सत्य निरूपण आयोग पहिला स्थापना हुनुपर्ने र त्यसपछि मात्र संक्रमणकालीन न्यायका अन्य उपाय अपनाउनुपर्ने भन्न खोजिएको होइन । यससम्बन्धी अन्य मुलुकका अभ्यास हेर्ने हो भने पनि एकरूपता पाइँदैन । तर, संक्रमणकालीन न्यायका अन्य उपायजस्तो न्याय, परिपूरण तथा संस्थागत सुधारका कार्यक्रमलाई अलग गरेर केवल सत्य निरूपण आयोगको स्थापनाले यो प्रक्रिया पूरा हुन सक्दैन ।

यससम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र र अन्तर्राष्ट्रिय अभ्यासले समेत यही तथ्यलाई पुष्टि गर्छन् । यसरी संक्रमणकालीन राजनीतिमा सत्य निरूपण तथा मेलमिलाप आयोग एउटा महत्त्वपूर्ण साधनका रूपमा विकसित भएको पाइन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय न्यायाधिकरणको कार्य सम्पादनमा पनि सत्य निरूपण आयोगका निष्कर्ष महत्त्वपूर्ण र मार्गदर्शक बन्ने गरेका छन् । यस आयोगलाई संक्रमणकालीन न्याय व्यवस्थाको एउटा व्यावहारिक र सकारात्मक उपाय मानिन्छ । आजसम्म विश्वमा भएका आयोगका निष्कर्षको समग्रतामा मूल्यांकन गर्ने हो भने ती द्वन्द्व व्यवस्थापनमा महत्त्वपूर्ण रूपमा प्रस्तुत भएका छन् । ती प्रतिवेदनमा द्वन्द्वरत मुलुकको विगतलाई सत्यतथ्यका आधारमा जस्ताको तस्तै नागरिकसमक्ष ल्याइएको छ ।

द्वन्द्वपीडित मुलुकमा सत्य निरूपण आयोग त्यस्तो उपाय हो, जसले दुखेको घाउमा मलमपट्टी लगाउन सघाउँछ । पीडितलाई मेलमिलापका निम्ति उपयुक्त वातावरण तयार गरी सोका निम्ति प्रेरित गर्छ । यातना पाएकालाई व्यावहारिक न्यायको अनुभूति दिलाउँछ र कानुनको शासनलाई सम्मान गर्दै मानव अधिकारको संस्कृति स्थापना गर्न मार्ग प्रशस्त गर्छ । साथै, आयेगले क्षतविक्षत् भएको सामाजिक, आर्थिक र राजनीतिक संस्कारलाई पुनर्संरचना गर्ने काम गर्छ ।

जुनसुकै न्यायिक, अर्धन्यायिक वा गैरन्यायिक जाँचबुझ कार्य भए पनि त्यो स्वच्छ रहनुपर्छ । स्वच्छता नै त्यस निकायको मुख्य कर्तव्य हो । जाँचबुझ कार्यमा कार्यविधिगत स्वच्छताका केही अन्तर्राष्ट्रिय आधारभूत मापदण्ड आकर्षित हुन्छन् । ती मापदण्डको परिपालन सत्य निरूपण आयोग गठन गर्दा पनि गरिनुपर्छ । जसमा मानव अधिकार कानुन, अन्तर्राष्ट्रिय मानवीय



कानुन, मानव अधिकार उल्लंघनका पीडितसम्बन्धी गैरसन्धिजन्य मापदण्ड समावेश हुन्छन् । आयोगको जाँचबुझ कार्यअन्तर्गत अपनाइने कार्य विधिगत स्वच्छताका नियमका निम्ति अन्तर्राष्ट्रिय मानव अधिकार कानुन महत्त्वपूर्ण स्रोत हुन् ।

आयोग मानव अधिकारका सम्बन्धमा जाँचबुझ गर्ने निकाय हो । त्यसकारण पनि मानव अधिकारका आधारभूत मापदण्ड र मूल्यलाई यसको कार्यविधिले पालना गरेको हुन्छ भन्ने सामान्य मान्यता राखिन्छ । अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु भएको नाताले मात्र नभई आयोगका कार्यमा राज्यको बजेट खर्च गरी सम्पन्न हुने भएकाले पनि जवाफदेहिता रहन्छ । आयोग स्वयं राज्यको सुपरीवेक्षणमा रहने निकाय भएकाले यसले गर्ने काम अत्यन्त महत्त्वपूर्ण हुन्छ । साथै, अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान १९९८ पनि यसैसित सम्बन्धित छ ।

> संक्रमणकालीन न्यायका अन्य उपायजस्तो न्याय, परिपूरण तथा संस्थागत सुधारका कार्यक्रमलाई अलग गरेर केवल सत्य निरूपण आयोग स्थापनाले मात्र द्वन्द्वपछिको न्याय र परिपूरणको प्रक्रिया पूरा हुन सक्दैन

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको प्राथमिक स्रोत भनेको अन्तर्राष्ट्रिय मानव अधिकारका मुख्य दस्ताबेज नै हुन् । जो यसप्रकार छन् : १) मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, २) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६, ३) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, ४) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ ।

यस्तै मानव अधिकारको प्रमुख दस्ताबेजको परिपूरकका रूपमा अन्य संयुक्त राष्ट्रसंघीय विशेष लिखत पनि रहेका छन् ।

द्वन्द्वकालमा मानव अधिकार व्यापक हनन भएको हुन्छ । मानिसलाई बलपूर्वक बेपत्ता पार्ने कार्य मानव अधिकारको अत्यन्त घिनलाग्दो उल्लंघनमध्ये एक हो । बेपत्ता पारिएका व्यक्ति सबै अधिकारबाट वञ्चित बनाइएका हुन्छन् । उनीहरू कानुनी संरक्षण एवं प्रतिरक्षाविहीन भई केवल पीडकको दयामा बाँचेका हुन्छन् । यसको अभ्यासले बेपत्ता पारिएका परिवारका सदस्यमा गहिरो पीडा उत्पन्न गर्छ । उनीहरू फर्किने आशामा निरन्तर प्रतिक्षारत रहने र कहाँ कुन अवस्थामा होलान् भनी चिन्तामा बस्न हुन्छन् । तिनका बाबुआमा, पति, पत्नी तथा बालबालिकालाई निरन्तर सताउँछ ।

यसलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अपराध मानिएको छ । त्यसैले यसका पीडक र अन्य सहभागीउपर अनुसन्धान गर्नु, अभियोजन गर्नु र सजाय गर्नु राज्यका अधिकारीको कर्तव्य हो ।

बलपूर्वक बेपत्ताको परिभाषा : बलपूर्वक बेपत्ताको परिभाषाको विस्तार एउटा लामो प्रक्रियाबाट गुज्रिएको छ, जसमा भेदभावको रोकथाम तथा अल्पसंख्यकको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय उपआयोग, मानव अधिकारको अवस्थासम्बन्धी संयुक्त राष्ट्रसंघीय तदर्थ समिति र बलपूर्वक वा इच्छाविपरीत बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यसमूह र अन्तरअमेरिकी मानव अधिकार आयोग सबैले अग्रगामी भूमिका निर्वाह गरेका छन् । यसैगरी यस प्रक्रियामा पीडित परिवारका संघसंगठनसँगै गैरसरकारी संस्था तथा विज्ञले समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

विविध अन्तर्राष्ट्रिय दस्ताबेजका साथै अन्तर्राष्ट्रिय विधिशास्त्र तथा सिद्धान्तले बलपूर्वक बेपत्ता र यसको निर्माण गर्ने तत्त्वलाई समान रूपले परिभाषित गरेका छन् । फौजदारी कसुरका साथै मानव अधिकारको गम्भीर उल्लंघनका रूपमा बलपूर्वक बेपत्ता पार्ने कार्य निश्चय नै एउटा जटिल अपराध हो । बलपूर्वक तथा इच्छाविपरीत बेपत्तासम्बन्धी कार्य समूह (डब्लुजिइआइडी) ले बलपूर्वक बेपत्तालाई चित्रण गर्ने तत्त्वबारे विचार विश्लेषण गरेको छ । डब्लुजिइआइडीले बलपूर्वक बेपत्ताको विश्लेषण निम्न परिभाषामा गरिएको छ : क) सम्बन्धित व्यक्तिको इच्छाविपरीत स्वतन्त्रताबाट वञ्चितीकरण, ख) सरकारी अधिकारीको संलग्नता अप्रत्यक्षतः सम्मतिद्वारा, ग) सम्बन्धित व्यक्तिको स्थिति वा अवस्थाको जानकारी दिन इन्कारी ।

रोम विधानको सवाल : अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले यसको अधिकार क्षेत्रको प्रयोजनका लागि व्यापक गैरकानुनी समुदायप्रति लक्षित कार्यको अंश भएको अवस्थामा बलपूर्वक बेपत्तालाई मानवताविरुद्धको अपराधका रूपमा परिभाषित गरेको छ । यस सन्दर्भमा रोम विधानको धारा ७(२) ले व्यक्तिको बलपूर्वक बेपत्ता भन्नाले 'राज्य वा राजनीतिक संगठनद्वारा तिनको अख्तियारी सहयोग वा सम्मतिमा लामो समयावधिका लागि कानुनी संरक्षणबाट तिनलाई हटाउने नियतले तिनको स्वतन्त्रता हरण भएको कुरा तथा स्थिति जानकारी दिन इन्कार गरिने गरी व्यक्तिहरूको गिरिफ्तारी, थुना र अपहरणलाई जनाउँछ ।

वास्तवमा कानुनी संरक्षणबाट हटाउने कुराको सन्दर्भ आइएसिएफडिपी तथा आइसिपिइडिडिइडी दुवैमा रहेको व्यवस्थाभन्दा रोम विधानले भिन्न तरिकाले उल्लेख गरेको पाइन्छ । त्यस्तै पेरुको संवैधानिक न्यायाधिकरणले बलपूर्वक बेपत्तालाई क्रूर मानव अधिकारको गम्भीर उल्लंघन गर्ने आततायी कार्य भएकाले यसलाई दण्डरहित छाडिनुहुँदैन भनेको छ । त्यसैगरी चिलीको सर्वोच्च अदालतले बलपूर्वक बेपत्ता पारिनुले प्रचलित अन्तर्राष्ट्रिय कानुनको उल्लंघन हुने आदेश (रुलिङ) जारी गरेको छ ।

यसरी बलपूर्वक बेपत्ता पारिएको घटना अन्तर्राष्ट्रिय कानुनअन्तर्गत मौलिक मानव अधिकारको गम्भीरतम उल्लंघनमध्ये एक हो र मानव मर्यादाविपरीत कार्य हो । अतः अहिले बन्न नसकेको तथा भविष्यमा बन्ने नेपालको सत्य निरूपण तथा मेलमिलाप आयोग एवं बेपत्ता छानबिन आयोगले राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा संयुक्त राष्ट्रसंघीय निकायद्वारा प्रकाशित नियम-कानुनअनुसार नै निर्णय अभियोजन र दण्ड-सजाय दिइनुपर्छ, जसले गर्दा मुलुकले स्थायी शान्ति सुरक्षा प्राप्त गर्न सकोस् ।

(देव अधिवक्ता हुन्)

---

३ प्रश्न

सडक विभागका महानिर्देशक **रामहरि पोखरेल**लाई



दोस्रो चरणको विस्तार सुरु भइसक्नुपर्ने समयमा चक्रपथको दुवैतिरको छेउमा टालटुल किन गरिँदै छ ?

चक्रपथको दोस्रो चरणको विस्तार कहिले सुरु हुन्छ, त्यसको कुनै टुंगो छैन । जब काम कहिले सुरु हुने नै टुंगो छैन भने त्यतिन्जेल सडकमा भएका खाल्डाखुल्डीलाई त्यसै छाड्न भएन । साथै, तपाईंले भनेजस्तै चक्रपथको दुवैतिरको छेउमा गरिएको पिच सामान्य टालटुल मात्र होइन । त्यहाँ पिच नहुँदा दुवैतिरबाट धुलो उडेर सडकमा यात्रा गर्ने यात्रु र स्थानीय बासिन्दा सबैलाई सास्ती भइरहेको थियो । त्यसैले, चक्रपथको दुवैतिरका किनारामा पिच गरिएको हो ।

चीनले चक्रपथ विस्तारको काम अहिलेसम्म किन सुरु गरिरहेको छैन ?

यस विषयमा यसै हो भन्न सकिएन । चिनियाँ पक्षसित हाम्रो सीधा सम्पर्क हुँदैन । हामीले सीधा पत्राचार गर्ने आधार पनि हुँदैन । डिजाइन फाइनल नभएकाले ढिलाइ भएको भन्ने पनि सुनिएको छ । हामीले सम्पर्क गर्ने एजेन्सीले जे भन्छ, त्यसैलाई पत्याउनुपर्ने बाध्यता छ । सायद अनुदानमा बन्ने आयोजनाको सबैभन्दा अप्ठ्यारो पक्ष नै यही होला कि ?

हुँदाखाँदाका विभिन्न सडकमा पिच उप्काएर पुनः पिच गर्ने काम किन गरिँदै छ ?

राम्रो अवस्थामा भएको पिच भत्काएर पुनः पिच गर्ने कार्य गरिँदैन । कतिपय सडकमा खानेपानीका पाइपमा लिकेज भएकाले त्यसको मर्मत गर्न सडक भत्काइएको अवस्था छ । कतिपय स्थानमा विद्युतीय तार भूमिगत गराउने या त्यसको मर्मत गराउने कार्यका कारण पनि सडकमा समस्या थपिएको छ । अन्यथा, अन्य कारणले त्यसरी पिच उप्काउने कार्य गरिन्न ।

प्रेरक प्रसंग

कालो धब्बा

एकदिन एक प्राध्यापकले कक्षाकोठामा पस्नासाथ भने- आज म तपाईंहरूको परीक्षा लिँदै छु । सबैजना त्यसका लागि तयार हुनुहोस् । परीक्षाको नाम सुन्नासाथ विद्यार्थी आत्तिए । उनीहरूमध्ये कोही किताबको पाना पल्टाउन थाले त कोही नोटबुकका पानामा घोरिन थाले ।

प्राध्यापकले भने- यो सब केही काम लाग्दैन । म प्रश्नपत्र सबैसामु राखिदिन्छु । मैले भनेपछि सबैले पल्टाए हेर्नुहोला । उनले सबैसामु प्रश्नपत्र राखिदिँदै हेर्ने अनुमति पनि दिए । प्रश्नपत्रमा केही लेखिएको थिएन । त्यसमा एउटा कालो बिन्दु मात्र देखिन्थ्यो । विद्यार्थी छक्क परे ।

प्राध्यापकले भने- प्रश्नपत्र यही हो, सबैले यसको व्याख्या गर्नुहोला । यसका लागि तपाईंहरूले मात्र १० मिनेटको समय पाउनुहुनेछ । विद्यार्थी चुपचाप उत्तर लेख्न थाले । समय सकियो । प्राध्यापकले सबै उत्तरपुस्तिका संकलन गरे । लगभग सबैले त्यही कालो बिन्दुको विषयमा आआफ्नो ढंगमा व्याख्या गरेका थिए । तर, कसैले पनि कालो बिन्दुको चारैतिर रहेको सफा भागबारे भने केही लेखेका थिएनन् ।



विद्यार्थीको उत्तरपुस्तिका हेरिसकेपछि प्राध्यापकले गम्भीर हुँदै भने- तपाईंहरूको फाइनल रिजल्टसित यस परीक्षाको कुनै लिनुदिनु छैन । यसमा म कुनै अंक पनि दिन्नँ । तर, यस परीक्षाको पछाडि एउटा खास कारण छ । म तपाईंहरूलाई जीवनको अद्भूत यथार्थ बताउन चाहन्छु । हेर्नुहोस्, यस प्रश्नपत्रको ९९ प्रतिशतभन्दा बढी भाग सफा र सेतो छ । तर, कसैले पनि यसबारे केही लेख्नुभएन । तपाईंहरूले त्यही एक प्रतिशतभन्दा पनि कम स्थान ओगट्ने कालो धब्बाबारे मात्र लेख्नुभयो ।

यही यथार्थ हाम्रो जीवनमा पनि लागू हुन्छ । हाम्रो जीवनमा आइपर्ने अनगन्ती समस्या पनि हाम्रो जीवनका निकै ससाना धब्बा हुन् । तर, हामी पूरापूर ध्यान तिनै समस्यातिर केन्द्रित गरिरहेका हुन्छौँ ।

प्राध्यापकले अगाडि भने- त्यसैले, ती ससाना समस्याबारे चिन्ता लिनुभन्दा पनि बाँकी जीवनको आनन्द उठाउने र तिनलाई गम्भीरतापूर्वक नलिने हो भने हाम्रो जीवन जहिल्यै सुख र खुसीले भरिनेछ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पुराना मेसिन मर्मत नगर्ने ?

पुराना मेसिन मर्मत गर्दा कमिसन कम आउने र नयाँ किन्दा बढी कमिसन आउने भएर होला, अहिले वीर अस्पतालको पछाडि करोडौँ पर्ने भेन्टिलेटरसहित आइसियूका सामानमा माकुराको जालो लागेको अवस्था छ । आइसियूका २३ उपकरण र ३१ भेन्टिलेटर वर्षौंदेखि कबाडी बनाएर फालिएको छ । नौ करोडमा किनेको अत्याधुनिक उपकरण यसरी बेवारिसे अवस्थामा फालिँदासमेत कोही कसैले यसप्रति चासो देखाउँदैनन् ।

एकातिर अति गम्भीर खालका बिरामी भेन्टिलेटर नपाएर उपचारबाट वञ्चित हुनुपर्छ भने अर्कातिर भएका उपकरण सदुपयोग गर्नुपर्छ, बनाउनुपर्छ बनेर मन्त्रालयको ध्यान जाँदैन । युवा नेता प्रदीप पौडेल केही गर्ने सोच बोकेरै स्वास्थ्यमन्त्री बन्नुभएको पनि लामो समय बित्यो । खोइ त उहाँले स्वास्थ्य क्षेत्रमा के त्यस्तो उल्लेखनीय काम गर्नुभयो ? मन्त्रीज्यू, कम्तीमा सरकारी अस्पताललाई सुधार गर्न सकियो भने स्वास्थ्य क्षेत्र आफैँ सुधिरन्छ । खोइ त तपाईंले अहिलेसम्म सरकारी अस्पताल सुधारेको ? स्वास्थ्य बिमा गरेको भए पनि बिरामीलाई चाहिने महँगा औषधि आफैँले किनेर खानुपर्छ । सरकारी अस्पतालमा बिमाको कार्ड लिएर जाँदा डाक्टर र नर्सले राम्रोसँग समन्वय गर्दैनन् । यसको अनुगमन गर्नुपर्दैन ? नियम बनाएर मात्र हुँदैन, नियम पालना भएको छ या छैन, त्यो पनि हेर्नुपर्छ ।

गर्छु भनेर बोलेर मात्र भएन, गरेर देखाउनु पनि पऱ्यो । बोल्न त धेरैले बोले, तर कसैले केही गरेनन् जनताका लागि । सरकारी अस्पतालभित्रको शौचालय, बिरामी सुत्ने कोठा, क्यान्टिन आदि हेर्दा थाहा हुन्छ, सरकारी अस्पतालको हालत कस्तो छ भनेर ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

खुलासा हुनुपर्छ सिआइए यातनाको यथार्थ

अमेरिकी यातनाबारेको संसदीय प्रतिवेदन प्रकाशित भएको १० वर्षपछि पनि जवाफदेहिताको खोजी वा न्यायिक निरूपणमा प्रगति हुन सकेको छैन



देश / विदेश

● क्रिस एस्डेल

यस महिनामा ११ सेप्टेम्बर २००१ को आतंककारी हमला (९/११) पछि अमेरिकी गुप्तचर निकाय सेन्ट्रल इन्टेलिजेन्स एजेन्सी (सिआइए) को यातनाबारे अमेरिकी सिनेटको चयन समितिको प्रतिवेदन सार्वजनिक भएको १० वर्ष पूरा भएको छ । सो प्रतिवेदनअनुसार यातनाका क्रममा भएको दुर्व्यवहार पहिले अनुमान गरिएभन्दा धेरै क्रूर थियो । यद्यपि ६ हजार सात सय पृष्ठ लामो प्रतिवेदन पूर्ण रूपमा गोप्य छ । यसको अत्यधिक सम्पादित कार्यकारी संक्षेपले हालसम्म अमेरिकी सरकारद्वारा राज्यस्तरीय संरचनागत यातनामा आफ्नो संलग्नता रहेको सबैभन्दा महत्त्वपूर्ण स्वीकारोक्ति छ ।

तीन वर्ष लामो अनुसन्धानपछि तयार गरिएको प्रतिवेदनले अमेरिकाले राष्ट्र संघको यातनाविरुद्धको महासन्धिको आफ्नो दायित्व बारम्बार उल्लंघन गरेको देखाउँछ । त्यसैगरी प्रतिवेदनले सार्वजनिक रूपमा यातनाबारे गलत तथ्य प्रस्तुत गरेको र पहिले अनुमान गरिएभन्दा धेरैलाई हिरासतमा राखेको पनि खुलासा गरेको थियो । प्रतिवेदन सार्वजनिक गर्दा यसले पूर्ण रूपमा आधिकारिक अनुसन्धान, दोषीमाथि कारबाही र पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गराउने आशा गरिएको थियो । तर, यी कुनै पनि अपेक्षा पूरा नभएको अवस्था विशेषतः यातनाको प्रतिबन्धलाई समर्थन गर्ने विश्वव्यापी समुदायका लागि खेदजनक छ ।

उसो त यातना कार्यक्रममा मुख्य भूमिका सिआइएको थियो, तर युरोपका केही शक्तिशाली उदार लोकतान्त्रिक मुलुकका व्यक्ति पनि यो दुर्व्यवहारमा गम्भीर रूपमा संलग्न थिए । अमेरिकी सिनेट समितिको प्रतिवेदन यो यातना कार्यक्रममा युरोपेली राष्ट्रको भूमिकालाई लिएर गरिएको प्रयासका लागि महत्त्वपूर्ण प्रमाण बनेको छ । यसले युरोपियन कोर्ट अफ ह्युमन राइट्स (युरोपेली मानव अधिकार अदालत) मा दायर मुद्दालाई समर्थन गरेको छ, जसमा हाम्रो संस्था रिड्रेसले मुस्तफा अल-हब्सावीका तर्फबाट लिथुआनियाविरुद्ध दायर गरेको मुद्दा पनि समावेश छ ।

ग्वान्टानामोका बन्दी अल-हब्सावी, जसको मामिला सो प्रतिवेदनमा विस्तारपूर्वक उल्लेख गरिएको छ । उनी यातनाको सिकार बनेका थिए र सिआइएको 'रेक्टल फिडिङ' भन्ने यातनाबाट गुज्रिएपछि गम्भीर स्वास्थ्य समस्या झेलेका थिए । स्वास्थ्य विशेषज्ञले 'रेक्टल फिडिङ'लाई बलात्कार वा यौन दुर्व्यवहारको एक रूप भनेर व्याख्या गरेका छन् । युरोपमा थुनामा रहेका सिआइए यातनाका पीडितसँग सम्बन्धित विभिन्न मामिलामध्ये पछिल्लो मुद्दामा युरोपेली मानव अधिकार अदालतले यस वर्ष जनवरीमा अल-हब्सावीको पक्षमा निर्णय गरेको थियो । सो निर्णयमा प्रतिवेदनलाई नै धेरै हदसम्म आधार बनाइएको थियो, विशेषतः उनलाई लिथुआनियामा सिआइएको गोप्य थुनामा अवैध रूपमा राखिएको पुष्टि गर्ने आधार बनाइएको थियो ।

९/११ को घटनापछि अमेरिकाले यातना र दुर्व्यवहार प्रतिबन्धजस्ता मानव अधिकारसम्बन्धी दायित्व छल्न आफ्नो सीमाबाहिर सोधपुछ र थुनाको व्यवस्था गर्ने प्रयास गरेको थियो, जसले सत्यको खुलासा गर्न कठिन बनायो । तर, गैरकानुनी अपहरण, थुना र यातनाका अनुभव सार्वजनिक रूपमा साझा गर्ने पीडितको साहस र त्यसैगरी कानुनी अभियन्ता, मानव अधिकार संस्था, अनुसन्धान पत्रकार, प्राज्ञ र सांसदका प्रयासले केही सत्य उजागर भने भएको छ ।

अमेरिकी सिनेट समितिको प्रतिवेदनले सिआइए यातनाबारे सार्वजनिक बुझाइमा रहेका केही अन्तरपूर्ति गर्ने महत्त्वपूर्ण अनुसन्धानका लागि आधारशिला प्रदान गरेको छ । उदाहरणका लागि अनुसन्धान पत्रकारिता ब्युरो र रेन्डिसन प्रोजेक्टको कामलाई लिन सकिन्छ । तर, यातनाका ती घटना भएको २० वर्षभन्दा बढी समय बितिसक्दा पनि आधिकारिक गोपनीयता कायमै छ ।



तस्बिर : एलेक्स ब्रेन्डन/एपी

प्रतिवेदनको ठुलो हिस्सा अझै प्रकाशित भएको छैन र अमेरिकी कार्यक्रमको पूर्ण सत्यता तथा यसले आफ्ना सहयोगी राष्ट्रबाट कति समर्थन पायो भन्नेबारे अझै खुलासा भएको छैन ।

सन् २०१८ मा बेलायती संसद्को गुप्तचर तथा सुरक्षा समितिद्वारा प्रकाशित एक गम्भीर प्रतिवेदनमा त्यतिवेला अमेरिकाको प्रमुख सहयोगी राष्ट्र रहेको बेलायत सिआइए यातना कार्यक्रममा अपहरण र यातनासम्बन्धी कार्यमा संलग्न रहेको पाइएको थियो । तर, बेलायत सरकारले यसबारे थप अनुसन्धान गर्न न्यायाधीशको नेतृत्वमा हुने छानबिन सुरु गर्न अस्वीकार गरेको थियो । अल-हब्सावी आफ्नो यातनामा बेलायती गुप्तचर निकायको सम्भावित भूमिकाबारे अनुसन्धान गरिरहेको गुप्तचर सेवाविरुद्धका गुनासा सुन्ने विशेष न्यायिक निकाय मानिने बेलायतको इनभेस्टिगेटरी पावर ट्रिब्युनलको निष्कर्षको प्रतीक्षामा छन् । अब्द अल-रहिम अल-नासिरीसँग सम्बन्धित यस्तै अर्को अनुसन्धान भइरहेको छ भने अबु जुबैदाहले बेलायती उच्च अदालतमा दायर गरेको छुट्टै देवानी मुद्दा पनि चलिरहेको छ । र, यी दुवै अहिले ग्वान्टानामोमा कैद छन् ।

बेलायत र अन्य युरोपेली राष्ट्रले सिआइए यातनाका पीडितका लागि न्याय र जवाफदेहिताको सुनिश्चिततामा अझै महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । विशेषतः ग्वान्टानामो बन्द गर्ने सम्भावना डोनाल्ड ट्रम्पको नयाँ राष्ट्रपतिकालमा अझ कम हुने संकेत देखिएको वेला र अमेरिकामा यातनासम्बन्धी जवाफदेहीको सम्भावना कमजोर बन्दै गएको अवस्थामा भूमिका खेल्न सक्छन् ।

दुई वर्षअघि ग्वान्टानामोस्थित अमेरिकी नौसैनिक अड्डाको भ्रमण गर्न अनुमति पाउने पहिलो संयुक्त राष्ट्रसंघीय मानव अधिकार विशेषज्ञ फियोनुआला नि एओलैनले तयार गरेको कठोर प्रतिवेदनमा उल्लेख गरेझैँ अमेरिकी सिनेट समितिको प्रतिवेदनबाट आंशिक रूपमा खुलासा गरिएका यातनाका प्रणालीगत अभ्यासका लागि कसैलाई पनि जिम्मेवार ठहऱ्याइएको छैन । सीमापार गराई यातना दिइएका, मनोमानी रूपमा हिरासतमा राखिएका, परिवारबाट अलग गरिएका कुनै पनि व्यक्तिले अझैसम्म पर्याप्त उपचार पाएका छैनन् । जबसम्म यो अवस्था रहिरहन्छ, यी यातनामा भूमिका खेल्ने सबै राष्ट्रले कलंकको टीका लगाइरहनेछन् । र, एक दिन पूर्ण सत्य बाहिर आउनेछ ।

(एस्डेल रिड्रेसका वरिष्ठ कानुनी सल्लाहकार हुन्)
अल जजिराबाट

आयोगलाई पदाधिकारी देऊ

सत्तारूढ दलका दुई शीर्ष नेतृत्वको जुँगाको लडाइँले गर्दा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पादाधिकारी चयन हुन नसकेको समाचार पढ्दा दुःख लाग्यो । यी आयोगमा समयमै पदाधिकारी चयन नहुनु भनेको संक्रमणकालीन पीडितलाई न्याय दिन नचाहनु हो । नत्र, आयोगमा सक्षम र अनुभवी व्यक्तिलाई जिम्मेवारी दिनुपर्नेमा नेताहरू किन आफ्ना मान्छे नै चाहिन्छ भन्ने अडानमा देखिन्छन् ? के यिनलाई संक्रमणकालीन न्यायको मामिला टुंग्याउनु छैन ?

● **विख्यात केसी**
पकनाजोल, काठमाडौं

भ्याक्सिनको व्यवस्था गर

बर्दिया जिल्लामा रेबिजविरुद्धको भ्याक्सिनको अभाव भएको समाचार पढियो । रेबिजजस्तो प्राणघातक रोगविरुद्ध लगाइने भ्याक्सिन अभाव हुन्जेल जिल्लाका सरोकारवाला निकायका अधिकारी के हेरेर बसेका थिए । समयमै यस रोगविरुद्धको भ्याक्सिन लगाउन नपाए रेबिज संक्रमित पशुचौपायाको टोकाइ या अन्य कुनै सरसंगतबाट समेत घातक रेबिज लाग्न सक्छ । यति गम्भीर रोगविरुद्धको भ्याक्सिन उपलब्ध गराउने विषयमा राज्यको ध्यान किन जान सकेन ? के राज्यका लागि जनताको जीवनको कुनै मूल्य छैन हो ?

● **विभूति परियार**
बुटवल-३, रुपन्देही

क्षमायाचना

मंगलबारको नयाँ पत्रिकामा पहिलो पृष्ठमा प्रकाशित 'रहेनन् काठमाडौं महानगरका पहिलो मेयर पिएल' शीर्षकको समाचारमा 'सिंहको पार्थिव शरीरमा राष्ट्रिय झन्डा ओढाउँदै प्रधानमन्त्री केपी ओली' क्याप्सनमा सम्पादकीय असावधानीले असम्बन्धित तस्बिर प्रकाशित हुन गएकामा क्षमाप्रार्थी छौँ । यसबाट पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौँ ।

– सम्पादक

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इतिहासमा आज




सन् १९६१ : कूटनीतिक रूपमा पोर्चुगलको कब्जामा रहेको गोआ, दमन तथा दिउ फिर्ता लिन नसकेपछि आजकै दिन भारत सरकारले 'विजय' नामक सैन्य अभियान सुरु गऱ्यो । भोलिपल्ट ती भूमि भारतले कब्जा गऱ्यो ।

सन् १८६५ : दास प्रथा अन्त्य गर्नेसम्बन्धी अमेरिकी संविधानको '१३औँ संशोधन' आजकै दिनबाट औपचारिक रूपमा कार्यान्वयनमा आयो ।

सन् १९१७ : देशव्यापी रूपमा रक्सीजन्य पेयपदार्थमाथि प्रतिबन्ध लगाउने विषय समेटेको अमेरिकाको संविधानको १८औँ संशोधन अमेरिकी कंग्रेसबाट पारित भयो ।

सन् १९१७ : सोभियत सरकारले विगतमा रुसी साम्राज्यको हिस्सा रहेको फिनल्यान्डको स्वतन्त्रता घोषणालाई अनुमोदन गऱ्यो ।

घातक छ सामाजिक सञ्जालमा पश्चिमा एकाधिकार



आजकाल सामाजिक सञ्जाल संसारभरका मानिसका लागि संवाद गर्ने र आ-आफ्ना विचार व्यक्त गर्न एउटा महत्त्वपूर्ण मञ्च साबित भएको छ । सन् २०२४ को प्रारम्भमा विश्वव्यापी सामाजिक सञ्जालका सक्रिय प्रयोगकर्ताको आधार ५ दशमलव ०४ अर्ब पुगेको थियो, जुन विश्वको जनसंख्याको ६२ दशमलव ३ प्रतिशत हो । सामाजिक सञ्जालले परम्परागत मिडियाको तुलनामा जनमतमा निकै ठुलो प्रभाव पारेको हुनाले यसप्रति विश्वव्यापी रूपमा ठुलो आकर्षण बढेको छ । अहिले विश्वका विभिन्न देशले सामाजिक सञ्जाल प्लेटफर्मको दबदबामा कडा प्रतिस्पर्धा गरिरहेका छन् । पछिल्लो समय टिकटक, टेलिग्राम र एक्स (पूर्वट्विटर)जस्ता केही अन्तर्राष्ट्रिय प्रसिद्ध सामाजिक सञ्जाल प्लाटफर्म वरपर घटनाको विभिन्न शृंखला देखिएका छन्, जसले पश्चिमी देशको यस क्षेत्रमा प्रभुत्व जमाउने एउटा प्रस्ट नियत झल्काउँछ ।

सामाजिक सञ्जालका माध्यमले ग्लोबल साउथअन्तर्गत पर्ने धेरै देशका लागि चेतावनीको घन्टीको रूपमा काम गर्छ । ती देश अन्तर्राष्ट्रिय बहसमा पहिल्यै नै कमजोर स्थितिमा छन् । ग्लोबल साउथ भन्नाले विश्वका त्यस्ता राष्ट्रलाई दर्साउँछ, जसको आर्थिक र औद्योगिक विकास अपेक्षाकृत रूपमा कम स्तरको हुन्छ ।

सामाजिक सञ्जालको उदयले ग्लोबल साउथअन्तर्गतका देशका लागि आफ्नो आवाज फैलाउन नयाँ बाटो खोलेको छ । पश्चिमा देश यस जोखिमबारे राम्ररी जानकार छन् । उनीहरूले सार्वजनिक बहसमा आफ्नो प्रभुत्व कायम राख्न प्रयास गरिरहेका छन्, (जुन प्रभुत्व तिनीहरूले पहिले कायम गरेका थिए) र गैरपश्चिमाहरू प्रचलित सोसल मिडिया प्लाटफर्मलाई दबाउन धेरै हदसम्म लागिरहेका छन् ।

यसको विश्वव्यापी लोकप्रियतासँगै टिकटक पहिलो निसाना बनेको छ । टिकटकले पश्चिमाहरूको चासोलाई असर गरेको छ । अर्को शब्दमा भन्नुपर्दा यसले अन्य सामाजिक सञ्जाल प्लेटफर्महरूको व्यापारिक हितमा मात्रै ठेस पुऱ्याएको छैन, अझ महत्त्वपूर्ण कुरा त जनमतमा पश्चिमी प्रभुत्वलाई चुनौती दिएको छ । टिकटकको 'ड्रामा' पछाडि के भइरहेको छ ? सारमा सार्वजनिक भाषणमा प्रभुत्वका लागि लडाइँ, कथाको नियन्त्रण र मिडियामा प्रभाव छ ।

यहाँ विडम्बना स्पष्ट छ, अमेरिकी सरकार 'राष्ट्रिय सुरक्षा खतरा'को बहानाअन्तर्गत एकातर्फ टिकटकलाई प्रतिबन्ध लगाउन कटिबद्ध छ भने अर्कोतर्फ दुवै पार्टीका राष्ट्रपतिका उम्मेदवारले मतदाताको समर्थन जित्न टिकटकमा खाता खोलेका थिए । यसले अमेरिकाको दोहोर चरित्रलाई छर्लंग पार्छ ।

पश्चिमको यस्तो दोहोरो चरित्र टेलिग्राममाथिको दमनमा पनि उदाहरणीय छ । हालै टेलिग्रामका संस्थापक पावेल दुरोभलाई फ्रान्सेली अधिकारीले पक्राउ गरी विभिन्न आरोप लगाएका थिए । जब पश्चिमले टेलिग्रामलाई अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्न प्रयोग गर्ने प्रयास गऱ्यो, दुरोभलाई 'स्वतन्त्रता सेनानी'को रूपमा प्रशंसा गरियो । तर, अहिले उनी 'आतंकवादी' भइसकेका छन् । 'वाक् स्वतन्त्रता'मा गर्व गर्ने पश्चिमी दुनियाँको यस्तो चालले विश्वलाई स्तब्ध बनाएको छ । र, यसपछाडिको उद्देश्य स्वाभाविक रूपमा 'अवैध सामग्री प्रदान गर्ने प्लेटफर्म' जत्तिको सरल छैन ।

संसारको सबैभन्दा ठुलो एन्क्रिप्टेड सञ्चार प्लेटफर्महरू (विद्युतीय सञ्चार माध्यमलाई गोप्य कोडमा रूपान्तरण गर्ने तरिका) मध्ये एकको रूपमा टेलिग्राम लामो समयदेखि पश्चिमी निगरानी र घुसपैठ प्रयासका लागि निसाना बनेको छ । केही विश्लेषक विश्वास गर्छन् कि दुरोभको गिरफ्तारीको पश्चिमको मुख्य उद्देश्य एपमा नियन्त्रण प्राप्त गर्नु र रुसी सैन्य सञ्चारलगायत इन्क्रिप्टेड जानकारीमा पहुँच प्राप्त गर्नु हो । युरोपेली संसद्का पूर्वफ्रान्सेली सदस्य ए. चौप्रेडले फ्रान्सले टेलिग्रामलाई सेन्सर गर्न र 'पश्चिमी भूमण्डलीकरण'को प्रतिरोध गर्ने कार्यलाई नियन्त्रण गर्ने लक्ष्य राखेको औँल्याए ।

> विकासोन्मुख देशहरूको सुरक्षा र स्वायत्तताका दृष्टिले पनि पश्चिमा सामाजिक सञ्जालको एकाधिकार हानिकारक देखिन्छ

विश्वव्यापी कथालाई हाबी गर्न र अन्य देशमा जनमतलाई हेरफेर गर्ने प्रयासमा गैरपश्चिमी सोसल मिडिया प्लेटफर्ममा दमन गर्दा पश्चिमले पनि आफ्नो प्लेटफर्मलाई समर्थन गर्न 'सार्वभौमिकतामाथि स्वतन्त्रता'को ब्यानर उच्च राख्छ । ब्राजिल र एक्सबिचको युद्ध हालै राष्ट्रिय सार्वभौमसत्ता र डिजिटल स्वतन्त्रतालाई लिएर सुरु भएको छ । ब्राजिलले एक्सलाई झुटा समाचार र ब्राजिलका संस्थामा आक्रमणको व्यापक प्रसारलाई सच्याउन माग गऱ्यो ।

अभिव्यक्ति स्वतन्त्रताको सिद्धान्तलाई उद्धृत गर्दै र ब्राजिल सरकारले 'सत्यको ३१ स्रोत बन्द गर्दै छ' भन्ने दाबी गर्दै सुरुमा एक्सले असमझदारी कायम गर्दै थियो । यद्यपि, ब्राजिलको सार्वभौमसत्ताको रक्षा गर्ने दृढ अडान र टिकटकजस्ता गैरपश्चिमी प्लेटफर्मबाट कडा प्रतिस्पर्धाको सामना गर्दै एक्सको होममा यो आयो कि एकपटक बन्द भएपछि यो २०० मिलियन मानिसको विशाल बजारमा पुनः प्रवेश गर्न अत्यन्तै चुनौतीपूर्ण हुनेछ, जसको अर्थ ठुलो आर्थिक नोक्सानी हुन्छ ।

फाइदा र बेफाइदा मनन गरिसकेपछि एक्सले अन्ततः 'स्वतन्त्र अभिव्यक्ति'का लागि आफ्नो स्वघोषित प्रतिबद्धता त्याग्यो र ब्राजिलको सर्वोच्च अदालतको आदेश पालना गऱ्यो । सार्वजनिक सुझाव प्लेटफर्मको रूपमा सामाजिक मिडिया सञ्जाल विविध दृष्टिकोण र विचारको आदानप्रदानलाई बढावा दिन प्रतिबद्ध छन् ।

तर, यदि यी प्लेटफर्मले गलत सूचना र घृणायुक्त भाषण फैलाउँछन्, विदेशी सरकारका लागि अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्न, सामाजिक तनाव बढाउन र हिंसात्मक घटना उत्प्रेरित गर्न वा जनमतमा एकाधिकार प्रयोग गर्ने औजार बन्छन् भने देशको सामाजिक सद्भाव, व्यवस्था, राष्ट्रिय सुरक्षा र स्थायित्वलाई यी मञ्च र तिनीहरूका पछाडि रहेका शक्तिको कृपामा छोडिनेछ । वास्तविकतामा पश्चिमले सामाजिक सञ्जालमा आफ्नो फाइदालाई केही देशमा असहमति छर्न र 'रङ क्रान्ति' गर्न पनि प्रयोग गरेको छ । यस्ता घटना असामान्य छैनन् । त्यस्ता स्पष्ट जोखिमको सामना गर्दै ब्राजिलले एक्सविरुद्ध दृढ अडान रोजेको छ, जुन राष्ट्रिय सुरक्षा र इन्टरनेट सार्वभौमसत्ताको रक्षा गर्न ग्लोबल साउथ देशका लागि महत्त्वपूर्ण कदम हो ।

ग्लोबल साउथअन्तर्गतका देशले सुरक्षा र स्वायत्तताका लागि आफ्नै हातमा दृढताका साथ राख्नु अझ आवश्यक छ । हामीले विरोध गर्ने भनेको एउटै प्लेटफर्मको एकाधिकार र त्यसपछाडिको भित्री मनसाय, मिडियाको हेरफेर र विश्वव्यापी बहसमा हाम्रो निरन्तर बेफाइदा हो । हामीले विविध सामाजिक सञ्जाल इकोसिस्टमलाई दृढताका साथ रक्षा गर्नुपर्छ । र, टिकटक, एक्स र टेलिग्रामजस्ता धेरै प्रतिस्पर्धीको सहअस्तित्व कायम राख्नुपर्छ । यसरी मात्र हामी आवाज उठाउन सक्छौं, विश्वमाझ आफूलाई सुनाउन सक्छौं र मिडिया, सामाजिक र राष्ट्रिय सुरक्षालाई आफ्नै हातमा दृढतापूर्वक समात्न सक्छौं ।

-चाइनाडेलीबाट

एन आई सी एशिया बैंक लिमिटेड


रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ४ क (हाल रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १२३० को क्षेत्रफल ०-१०-२-० (विगाह) को घरजग्गा ।
२.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. १३६ को क्षेत्रफल ३४० (व.मी) को घरजग्गा ।
३.	बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८४, १५८५ र ८१० को क्षेत्रफल क्रमश ०-०-१८, ०-०-१८-० र ०-०-५-३ (विगाह) को घरजग्गा ।
४.	झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल विर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमश: ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा ।
५.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/१ङ (हाल महालक्ष्मी न.पा. वडा नं. २) स्थित कित्ता नं.४२९ को क्षेत्रफल ४-४-३-१ (रोपनी) को जग्गा ।
६.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ ङ (हाल महालक्ष्मी न.पा. वडा नं. २) स्थित कित्ता नं. ७४, ७८ र ९२ को क्षेत्रफल क्रमश: ०-१५-२-०, २-८-०-० २०-१०-०-० (रोपनी) को जग्गा ।
७.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. २) स्थित कित्ता नं. ६२, ६३ र २४८ को क्षेत्रफल क्रमश: ०-१३-२-०, १-७-०-० र १-८-२-० (रोपनी) को जग्गा ।
८.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. २०५, १०५, २०७, ३०५, २८८/३३१, २५२ र २५९ को क्षेत्रफल क्रमश: ६४.५५, ८५.००, ८४.६५, ८४.६५, ११८.५१, १३५.४४ र ३५९.७६ (व.मी) को घर/जग्गा ।
९.	चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ८ क (हाल रत्ननगर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३२६१, ३३५३, ४८९, ३३५१, ४८७, ३२५९, २७१, ४८८, ४९०, ३२५७ र ३२६५ को क्षेत्रफल क्रमश: ८६७.५४, ८०९.७४, ७६१.९१, १२५२.६८, ६७७.२६, १२१७.८१, ७२८.०५, ६७७.२६, ७६१.९१, ७८९.७५ र ७८७.३५ (व.मी) को जग्गा ।
१०.	काठमाण्डौ जिल्ला, का.म.न.पा. (डिल्लीबजार) वडा नं. १७ स्थित कित्ता नं. १०९ को क्षेत्रफल ३१८.१० (व.मि) को घरजग्गा ।
११.	सुनसरी जिल्ला, पकली गा.वि.स. वडा नं. ९ ग स्थित कित्ता नं. ४९० को क्षेत्रफल ०-०-१५-० (विगाह) को जग्गा ।



तपसिल नं. १ मा उल्लेखित सम्पति	तपसिल नं. २ मा उल्लेखित सम्पति	तपसिल नं. ३ मा उल्लेखित सम्पति	तपसिल नं. ३ मा उल्लेखित सम्पति
बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map
तपसिल नं. ४ मा उल्लेखित सम्पति	तपसिल नं. ५ मा उल्लेखित सम्पति	तपसिल नं. ६ मा उल्लेखित सम्पति	तपसिल नं. ७ मा उल्लेखित सम्पति
बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map
तपसिल नं. ८ मा उल्लेखित सम्पति	तपसिल नं. ९ मा उल्लेखित सम्पति	तपसिल नं. १० मा उल्लेखित सम्पति	तपसिल नं. ११ मा उल्लेखित सम्पति
बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map
तपसिल नं. १२ मा उल्लेखित सम्पति	तपसिल नं. १३ मा उल्लेखित सम्पति		
बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map		

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

विशेष आर्थिक क्षेत्र प्राधिकरण

त्रिपुरेश्वर, काठमाण्डौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति:- २०८१/०९/०३

उपरोक्त सम्बन्धमा यस प्राधिकरणको मिति २०८१/०७/०९ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरू मध्ये देहायबमोजिमको बोलपत्रको कबोल अंक न्यूनतम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही देखिएकाले तपसिलको बोलपत्र स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

सि.नं.	कार्यको विवरण	बोलपत्रदाताको नाम/ठेगाना	कबोल अंक ने. रु. (भ्याट र P.S. समेत)
1.	Construction and maintenance of water supply works inside Bhairahawa SEZ. , MoICS/SEZA/WORKS/02-081/82	NK Construction, Parsa.	26,99,496.77

नेपाल सरकार

शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, धनगढी, कैलाली

बोलपत्र छनौट गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/०३

यस कार्यालयबाट मिति २०८१/०७/१२ को प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुनआएका बोलपत्रहरु मध्ये तपशील बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

खरिद नं.	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मू.अ.क. बाहेक)
FUDBCO/KAILALI/Works/NCB/02-2081/082	New Samip Nirman sewa, Mangalsen Achham	52,64,520.90
FUDBCO/KAILALI/Works/NCB/03-2081/082	Nidim Nirman sewa Tikapur-01 Kailali	81,14,996.90
FUDBCO/KAILALI/Works/NCB/04-2081/082	Upreti Builders and Engineering Pvt.Ltd Hasanpur -01, Kailali	55,09,420.90
FUDBCO/KAILALI/Works/NCB/05-2081/082	Ammikshya Construction, Tikapur-01, Kailali	82,01,776.10
FUDBCO/KAILALI/Works/NCB/06-2081/082	G.N.S Construction Pvt.Ltd Lamkhichuha -01, Kailali	53,42,838.00
FUDBCO/KAILALI/Works/NCB/07-2081/082	DS Construction, Dhangadhi-05, Kailali	61,79,039.02
FUDBCO/KAILALI/Works/NCB/08-2081/082	Bibek Builder Bhimdatta 18, Kanchanpur	48,76,439.00
FUDBCO/KAILALI/Works/NCB/09-2081/082	Sabigya Nirman sewa Tikapur-04, Kailali	53,70,922.90
FUDBCO/KAILALI/Works/NCB/10-2081/082	Bipinsha Construction Pvt.Ltd Ghodaghodi -01, Kailali	1,04,44,286.30
FUDBCO/KAILALI/Works/NCB/11-2081/082	R.P. Construction Dhangadhi-01 Kailali	54,45,379.60

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ३ पुस ०८८१

भारतले विद्युत् नदिएपछि औद्योगिक क्षेत्रमा विद्युत् कटौती

निजी क्षेत्रबाट पहिलोपटक प्रसारणलाइन र सबस्टेसनमा लगानी



विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ भन्छन्- माथिल्लो तामाकोशी पनि बन्द रहेको र पिक समयको चार घण्टा भारतबाट विद्युत् आयात गर्नसमेत नपाउँदा औद्योगिक क्षेत्रको विद्युत् केही कटौती गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ। औद्योगिकबाहेक अन्य ग्राहकको विद्युत् आपूर्ति कटौती गर्नुपर्ने अवस्था छैन।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशीबाट उत्पादन सुरु नभएसम्म बढी विद्युत् माग हुने साँझको समय (पिक)मा औद्योगिक क्षेत्रको विद्युत् कटौती गरिएको छ।

हिउँदमा नदीहरूको पानी घट्दा देशभित्रका नदी प्रवाही (आरओआर) जलविद्युत् आयोजनाहरूको उत्पादन क्षमताभन्दा एकतिहाइ घट्ने गर्छ। यही वेला भारतबाट विद्युत् आयात गरेर माग धान्ने गरिन्छ। तर, यसपालि पिक समयमा आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात गर्न नपाउँदा औद्योगिक क्षेत्रको विद्युत् केही कटौती गर्नुपरेको नेपाल विद्युत् प्राधिकरणले बताएको छ। विद्युत् आयात नहुँदा अहिले औद्योगिक क्षेत्रमा बेलुका ६ बजेदेखि नौ बजेसम्म विद्युत् कटौटी गरिएको छ। विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले माथिल्लो तामाकोशी पनि बन्द रहेको र पिक समयको चार घण्टा भारतबाट विद्युत् आयात गर्नसमेत नपाउँदा औद्योगिक क्षेत्रको विद्युत् केही कटौती गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको बताए। 'पिक समयमा आयात अनुमति पाएका छैनौं, माथिल्लो तामाकोशी सञ्चालनमा रहेको भए दिउँसो बढी आयात गरी तामाकोशीको जलाशयमा पानी जम्मा गरी पिक समयमा चलाउन सकिन्थ्यो, माथिल्लो तामाकोशीको मर्मत तीव्र गतिमा भइरहेको छ, आयोजना नआएसम्म औद्योगिक क्षेत्रमा पिक समयमा विद्युत् केही कटौती गर्नुपर्ने अवस्था छ,' उनले भने।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले नेपाल विद्युत् प्राधिकरणलाई आगामी चैत २ गते (१५ मार्च २०२५)सम्म ढल्केबर-मुजफ्फपुर चार सय केभी क्रसबोर्डर प्रसारणलाइनमार्फत ६ सय मेगावाट र टनकपुर-महेन्द्रनगर एक सय ३२ केभी प्रसारणलाइनबाट ५४ मेगावाट गरी दैनिक रूपमा ६ सय ५४ मेगावाटसम्म विद्युत् आयात अनुमति दिएको छ। तर, पिक समय साँझ पाँचदेखि रातको नौ बजेसम्म भने विद्युत् आयात गर्न स्वीकृति दिएको छैन। त्यसपछि ३ चैत ०८१ देखि १६ असार ०८२ (१६ मार्च-३० जुन २०२५)सम्म सोलार आवर अर्थात् बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म मात्र आयात गर्न पाउने स्वीकृति दिइएको छ।

सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरूमध्ये सबैभन्दा ठुलो चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशीबाट उत्पादन बन्द हुँदा हिउँदयामको पिक समयको विद्युत् व्यवस्थापनमा समस्या भइरहेको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। कार्यकारी निर्देशक घिसिङले पिक समयमा औद्योगिकबाहेक अन्य ग्राहकको विद्युत् आपूर्ति कटौती गर्नुपर्ने अवस्था नरहेको प्रस्ट पारे। असोज ११ र १२ गतेको अविरल वर्षाका कारण माथिल्लो तामाकोशीका संरचनामा क्षति पुऱ्याएको थियो। आगामी पुस १० गतेभित्र विद्युत् उत्पादन सुरु गर्ने र त्यसको १५ दिनभित्रमा पिक समयमा चलाउने गरी माथिल्लो तामाकोशीको मर्मत-सम्भार भइरहेको छ। विद्युत् माग कम हुने समयमा पानी जम्मा गरी पिक समयको चार घण्टा चलाउन सकिन्छ।

नयाँ पत्रिका

नेपालमा पहिलोपटक स्वदेशी निजी क्षेत्रले प्रसारणलाइन र सबस्टेसन निर्माणमा लगानी गर्ने भएको छ। ऊर्जातर्फ हालसम्म निजी क्षेत्रले विद्युत् उत्पादनमा मात्रै लगानी गर्दै आएको थियो। प्रसारणलाइन तथा सबस्टेसन निर्माणको काम भने नेपाल विद्युत् प्राधिकरणले गर्दै आएको छ। सरकारले यस्ता पूर्वाधार बनाउने गरी राष्ट्रिय प्रसारण ग्रिड कम्पनी स्थापना गरे पनि निजी क्षेत्रले लगानी गरेका थिएनन्।

दुई सय २० केभीको 'मध्य तमोर-दुगेसाँघु' प्रसारणलाइन र त्यसकै २२०/१३२ केभीको सबस्टेसनबाट निजी क्षेत्रको लगानी सुरु भएको छ। राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडले नै अध्ययन गरेर निर्माणका लागि तयारी अवस्थामा राखेको उक्त परियोजनामा पाँच निजी कम्पनीले सेयर लगानी गर्ने भएका छन्।

तमोर करिडोर तथा त्यस क्षेत्रमा जलविद्युत् परियोजना बनाइरहेको रेमिट हाइड्रो लिमिटेड (७७.५ मेगावाटको घुन्सा खोला), सिम्बुवा रेमिट हाइड्रो लिमिटेड (७०.३ मेगावाटको सिम्बुवा खोला), क्रिस्टल पावर डेभलपमेन्ट प्रालि (१६६ मेगावाटको सुपर तमोर), युनियन हाइड्रोपावर लिमिटेड (६० मेगावाटको अपर तमोर 'ए') र नेपाल हाइड्रो भेन्चर प्रालि (४३ मेगावाटको तमोर खोला)ले उक्त परियोजनामा लगानी गर्ने भएका हुन्। परियोजनामा ऋण लगानी भने जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडिसिएल)ले गर्ने भएको छ।

यस सम्बन्धमा मंगलबार राष्ट्रिय प्रसारण ग्रिड कम्पनीले एचआईडिसिएल र अन्य पाँच कम्पनीसँग छुट्टाछुट्टै सम्झौता गरेको छ। सम्झौताअनुसार अब पाँच कम्पनी र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको संयुक्त लगानीको छुट्टै कम्पनी स्थापना हुनेछ। सोही कम्पनीमार्फत प्रसारणलाइन निर्माण अघि बढ्नेछ। त्यो प्रसारणलाइन निर्माणका लागि संयुक्त कम्पनीले नै एचआईडिसिएललाई ऋण माग गर्नेछ।

संयुक्त कम्पनीमा राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको २६ प्रतिशत सेयर हिस्सा हुनेछ।



५५ प्रतिशत सेयर हिस्सा भने क्रिस्टल पावर डेभलपमेन्ट प्रालि, युनियन हाइड्रोपावर लिमिटेड र नेपाल हाइड्रो भेन्चरले लिनेछन्। बाँकी १९ प्रतिशत सेयर भने रेमिट हाइड्रो लिमिटेड र सिम्बुवा रेमिट हाइड्रो लिमिटेडले लिनेछन्। उनीहरूले बनाएको ७७.५ मेगावाटको घुन्सा खोला र ७०.३ मेगावाटको सिम्बुवा खोलामा एचआईडिसिएलकै लगानी छ। एचआईडिसिएल सरकारी स्वामित्वको इन्भेस्टमेन्ट कम्पनी हो।

सार्वजनिक-निजी लगानीमार्फत बुट (बनाउने-स्वामित्व लिने-सञ्चालन गर्ने र हस्तान्तरण गर्ने) मोडेलमा उनीहरूले लगानी गर्ने भएका हुन्। परियोजना सञ्चालनमा आएको २५ वर्षपछि सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ।

यसअन्तर्गत ३२ किमि लामो प्रसारणलाइन बनाउनुपर्छ। त्यसमा २२०/१३२ केभीको सबस्टेसन पनि रहेको छ। त्यसको कुल लागत अनुमान तीन अर्ब ८० करोड रहेको छ। त्यसको ३० प्रतिशत रकम स्वपुँजीका रूपमा जुटाइनेछ। बाँकी ७० प्रतिशत लगानी ऋणमार्फत जुटाइनेछ, जुन ऋण एचआईडिसिएलले लगानी गर्नेछ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनीका प्रमुख कार्यकारी अधिकृत नेत्र ज्ञवालीले निर्माणपूर्वका अधिकांश काम सम्पन्न भइसकेको बताए। विद्युत् विकास विभागबाट यस आयोजनाको निर्माण अनुमति प्राप्तिको समेत अन्तिम चरणमा रहेको छ। अब लगानी जुटेको अवस्थामा परियोजनाको निर्माण कार्य तत्काल सुरु गर्न सकिने उनको भनाइ छ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनीले हालसम्म ७० रोपनी जग्गा अधिग्रहण गरिसकेको छ। जलविद्युत् आयोजनाको मुख्य आम्दानी विद्युत् बिक्री नै हो। यसमा भने प्रसारणलाइन प्रयोग गर्न दिएबापत विद्युत् विक्रेता तथा खरिदकर्तासँग निश्चित भाडा अर्थात् ह्विलिङ चार्ज असुल गरिनेछ। यस परियोजनामा प्रतिवर्ष प्रतिमेगावाट आठ लाख रुपैयाँ ह्विलिङ चार्ज लगाउने प्रस्ताव गरिएको छ, त्यो विद्युत् नियमन आयोगबाट स्वीकृत हुन बाँकी छ। त्यो नै प्रसारणलाइनको मुख्य आम्दानी हो।

प्रसारणलाइनको क्षमता १२ सय मेगावाट रहेको छ। निजी क्षेत्रले व्यावसायिक रूपमा प्रसारणलाइन बनाउन लागेको यो पहिलो हो। यद्यपि, भारतीय कम्पनी सतलज जलविद्युत् निगमले नौ सय मेगावाटको अरुण तेस्रोको विद्युत् भारत पुऱ्याउन संखुवासभादेखि भारतको सीतामडीसम्म चार सय केभीको प्रसारणलाइन भने बनाउँदै छ।

एचआईडिसिएलका प्रमुख कार्यकारी अधिकृत अर्जुन गौतमले यो मोडेल सफल भएमा अन्य प्रसारणलाइन परियोजनामा पनि लगानी जुटाउन सहज हुने बताए। उनले भने, 'नेपालमा विद्युत् उत्पादन बढ्दै गएको छ। त्यसलाई पुग्ने मात्रामा धेरै प्रसारणलाइन तथा सबस्टेसन बनाउन आवश्यक छ।'

भारतीय अनुदानमा बन्ने पेट्रोलियम परियोजना ४८ महिनामा सक्ने सहमति

नयाँ पत्रिका

१९ अर्ब पाँच करोड रुपैयाँ भारतीय अनुदानमा बन्ने पेट्रोलियम परियोजनालाई गति दिन नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसन (आइओसी)को संयुक्त बैठक मंगलबार काठमाडौंमा सम्पन्न भएको छ। मंगलबारको बैठकले ४८ महिनामै परियोजना निर्माण सक्ने लक्ष्य निर्धारण गरेको आयल निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए। यसअघि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र भारतीय समकक्षी नरेन्द्र मोदीबिच परियोजनालाई ५४ महिनामा सम्पन्न गर्ने सहमति भएको थियो।

आयल निगमको तर्फबाट नायब कार्यकारी निर्देशक वीरेन्द्र गोइत र भारतको तर्फबाट आइओसीको कन्ट्री म्यानेजर निरूपम राइजादा नेतृत्वको बैठकले यस्तो सहमति गरेको हो। बैठकमा निगमका कार्यकारी निर्देशक चण्डिका भट्टले शीघ्र परियोजना अघि बढाउन निर्देशन दिएका थिए। अमलेखगन्जदेखि चितवनसम्म पेट्रोलियम पाइपलाइन, भारतको पश्चिम बंगालस्थित आइओसीको डिपो रहेको सिलिगुडीदेखि झापाको चारआलीसम्म पाइपलाइन र झापामा भण्डारणगृह निर्माण गर्ने योजना छ। अमलेखगन्जमा ९१ हजार किलोलिटरभन्दा बढी क्षमताको भण्डारणगृह बन्नेछ। भण्डारगृहको लागत निगमले व्यहोर्ने र भारतले प्राविधिक सहयोग गर्ने सहमति छ।



चितवनमा पेट्रोल ३३ हजार किलोलिटर, डिजेल ४६ हजार पाँच सय किलोलिटर, मट्टीतेल १६ सय किलोलिटर र हवाई इन्धन १० हजार आठ सय किलोलिटर क्षमताको भण्डारणगृह बन्न लागेको हो। यो हालसम्मकै ठुलो भण्डारणगृह बन्नेछ। चितवन र झापामा ठुला भण्डारणगृह बनेपछि देशभर कम्तीमा एक महिनासम्म धान्ने पेट्रोलियम मौज्दात हुने निगमको भनाइ छ।

यसअघि अमलेखगन्जमा बनाइएको पाइपलाइनबाट चितवनको लोथरसम्म विस्तार गर्न खोजिएको हो। यसका लागि भारतीय पक्षले छिटोभन्दा छिटो जग्गा उपलब्ध गराइदिन आग्रह गरेको ठाकुरले जानकारी दिए। उनका अनुसार चितवनमा रहेको जग्गामा थप तीन बिघा जग्गा प्राप्ति गर्न मन्त्रिपरिषद्ले सहमति दिइसकेको छ। र वातावरणीय प्रभाव मूल्यांकन चाँडै सक्न अनुरोध भएको छ। झापामा २३ बिघा जग्गामध्ये दुई बिघा जग्गामा पुरानो धनीले हकदाबी गर्दै अदालतमा मुद्दा दायर गरेकाले विवादित छ।

भारतीय पक्षले मंगलबारको बैठकमा दुवै स्थानको जग्गा छिटोभन्दा छिटो क्लियरेन्स गरिदिन आग्रह गरेको प्रवक्ता ठाकुरले जानकारी दिए।

०७२ सालमा भारतले नाकाबन्दी लगाएपछि नेपाललले देशभर ९० दिनलाई पुग्ने भण्डारणगृह बनाउने योजना नीति तथा कार्यक्रममा राख्दै आएका छन्। सोही नीति तथा कार्यक्रमअनुसार परियोजना अघि बढाउन लागिएको निगमले जनाएको छ। त्यस्तै, अमलेखगन्ज-लोथर ६२ किलोमिटर लामो पाइपलाइन र भारतको पश्चिमबंगालस्थित आइओसीको सिलिगुडी डिपोदेखि झापासम्म ५० किलोमिटर लामो पाइपलाइन बिछ्याउने भएको छ।

संक्षेप

'दिगो विकास लक्ष्यमा उल्लेखनीय प्रगति'

काठमाडौं/ दिगो विकास लक्ष्यहरू प्राप्तिका लागि तयार पारिएका कार्ययोजना कार्यान्वयनमा नेपालले उल्लेखनीय प्रगति गरेको उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बताएका छन्। बैंककमा आयोजित एसिया र प्रशान्त क्षेत्रमा विकासका लागि वित्तसम्बन्धी उच्चस्तरीय क्षेत्रीय परामर्श बैठकमा अर्थमन्त्री पौडेलले सीमित स्रोतहरू हुँदाहुँदै पनि सामूहिक प्रयासका कारण विश्वव्यापी रूपमा नै दिगो विकास लक्ष्य प्राप्तिका लागि अदिस अबाबा एजेन्डा कार्यान्वयनमा महत्त्वपूर्ण प्रगति भएको बताएका हुन्।

अल्पविकसित र विकासोन्मुख देशहरूमा वित्तीय अन्तरविकास गतिको निरन्तरताका लागि महत्त्वपूर्ण मुद्दा भएको धारणा व्यक्त गर्दै उनले बजेट योजना, स्रोत विनियोजनमा कुशलता, प्रभावकारी परियोजना कार्यान्वयन क्षमता विकास र दिगो खर्च व्यवस्थापन बढ्दो चुनौती देखिएको बताए।

बोटलर्स नेपाललाई नेप्सेको कारबाही

काठमाडौं/ सेयर मूल्य प्रभावित पार्ने गरी सूचना चुहाएको भन्दै नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले बोटलर्स नेपालको सेयर कारोबारमा रोक लगाएको छ। आर्थिक वर्ष ०८०/८१ को लाभांश नदिने सञ्चालक समितिको निर्णय नेप्सेलाई जानकारी नगराई सार्वजनिक गरेकोमा नियामक निकायले कारबाही गरेको हो। ५ मंसिरमा बसेको सञ्चालक समितिले लाभांश नबाँड्ने प्रस्ताव साधारणसभामा पेस गर्ने निर्णय गरेको थियो।

तर, नेप्सेमा यो जानकारी २ पुस (मंगलबार) मात्रै पेस भएको उल्लेख छ। धितोपत्र सूचीकरण विनियमावली, २०७५ अनुसार धितोपत्र मूल्यमा प्रभाव पार्ने सूचना, जानकारी तथा निर्णय सिर्जना भएमा सोही दिन वा भोलिपल्ट कारोबार खुल्नुअघि नेप्सेमा पेस गर्नुपर्छ। तर, बोटलर्स नेपाललले यो विनियमावलीको व्यवस्था पालना नगरेको नेप्सेको ठहर छ।

आवश्यकता

यस संस्थाको लागि १ जना कार्यालय सहयोगी (मेसेन्जर) आवश्यक भएकोले सो सम्बन्धी सूचना संस्थाको सूचना पाटीमा टाँस गरिएको छ। इच्छुक उम्मेदवारले मिति २०८१ माघ २ गते भित्र तोकिएको मितिमा दरखास्त फारम भरी बुझाउनु होला। विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नु होला।

पदपूर्ति समिति
पाबसा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
काठमाडौं-४, चण्डोल, फोन नं. ४५४३६००, ४५४१५१६

श्री काष्ठमण्डप बहुउद्देश्यीय सहकारी संस्थाको १९ औं बार्षिक साधारण सभाको सूचना

श्री आदरणीय शेयरधनी महानुभावहरू,
यस श्री काष्ठमण्डप बहुउद्देश्यीय सहकारी संस्थाको १९ औ वार्षिक साधारण सभा मिति २०८१/०७/१२ गतेको संचालक समितिको निर्णयानुसार **२०८१ पौष २७ गते शनिवारको** दिन नयाँ बानेश्वर स्थित **अर्पन ब्यान्कटमा** दिनको १:०० बजे देखि हुने भएको हुँदा यहाँहरूको गरिमामय उपस्थितिको लागि यसै सूचना मार्फत हार्दिक अनुरोध गर्दछौं। साथै वार्षिक साधारण सभामा छलफल हुने विषयहरू संस्थाको सुचनापाटीमा टास गरिएको हुँदा संस्थामा सम्पर्क गरि लिनु हुन अनुरोध गरिन्छ। साथै यस १९ औ वार्षिक साधारण सभाबाट संचालक समिति तथा लेखा समितिको निर्वाचन समेत हुने भएकोले सो को निर्वाचन कार्यतालिका निर्वाचन समितिले छुट्टै प्रकाशन गर्ने हुँदा सोही अनुसार सहभागी हुन समेत अनुरोध गरिन्छ।

संचालक समितिको आज्ञाले
(सचिव)

Government of Nepal
Ministry of Home Affairs'
District Police Office
Khalanga, Darchula

Invitation for Online Bids

Date of Published- 2081/09/03 (18thDec, 2024)

District Police Office Khalanga,Darchula invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

SN	Contract Identification Number	Description of Works	Cost of Bidding Document	Last date and time of bid submitting electronically	Date of bid opening time and place	Bid Security	Account Details
1	FW/ DPODARCHULA/ WORKS/NCB/ 2081-82/02	Construction of Senior Officer's Quarter, Mess Block and Allied Works at DPO Darchula.	NRs. 5,000.00	2081/10/06 till 12:00 Hrs from e-GP system http://bolpatra.gov.np/egp	2081/10/06 13.00 Hrs at District Police Office Khalanga, Darchula.	NRS. 16,55,000.00	Account Name: Rajaswa khata-(1000200010000) Rajaswa Shirshak no.: (14229) Bank Name: Rastriya Banijya Bank Khalanga,Darchula. Office Code: (314047304) Dharauti Account No :- (4090100202030000) Dharauti Account Name : Treasury and Controller Office,Khalanga, Darchula.

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

आन्तरिक आय तर्फको नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री शुल्क उठाउने ठेक्का वन्दोवस्त सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट IEE प्रतिवेदन अनुसार नदीजन्य पदार्थ उत्खनन् गरी बागमती प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ को दफा ९ ले निर्दिष्ट गरेको अनुसूची-५ बमोजिम तोकिएको दरमा संकलन एवं बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र वा म्याद थप लगायतका आवश्यक कागजातहरु संलग्न गरी तपसिल अनुसारका शर्तहरुको अधीनमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	सूचना नं.	बोलपत्रको नाम	उत्खनन् परिमाण (घ.फिट)	न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक)	धरौटी रकम (रु.)	बोलपत्र दस्तुर (रु.)
१	BRM/NCB/ SRBM/IR/ 003/2081/082	बागमती गाउँपालिका अन्तर्गत रहेका विभिन्न खोला तथा नदीहरुको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको ऊत्खनन्, संकलन तथा बिक्री गर्ने	१५४३१२४।६५	१०८०१८७२।५४	कबोल अङ्कको ३%	३,०००।००

पुनश्चः बोलपत्र सम्बन्धी शर्तहरु एवं थप विस्तृत जानकारीका लागि www.bolpatra.gov.np बाड डाउनलोड गरी जानकारी लिन सकिनेछ। साथै, बोलपत्र दाखिला वा खोल्ने दिन सार्बजनिक बिदा पर्न गएमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

स्टक्सकार्टस् सेक्युरिटीज लिमिटेड

डिल्लीबजार, काठमाण्डौं

ब्रोकर नं. ८६

दोश्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मिति : २०८१।०९।०३)

यस कम्पनीको मिति २०८१ साल मंसिर २७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको दोश्रो वार्षिक साधारणसभा देहायका बिषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सभा हुने मिति,स्थान र समय :

मिति : बि.सं.२०८१ साल पौष २० गते (सन् जनवरी ४,२०२५) शनिवार ।

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, डिल्लीबजार-२९,काठमाण्डौंको सभाकक्ष ।

समय : विहान ११.:०० बजे ।

२. छलफलका विषयहरू:

क. सामान्य प्रस्ताव :

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात), आ.व.२०८०/०८१ को नाफा-नोक्सान विवरण तथा नगद प्रवाह विवरण लगायतका बाषिक वित्तीय विवरण छलफल गरी पारित गर्ने।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने।
४. संस्थाको रिक्त भएको सञ्चालक पदमा बाँकी अवधिको लागि सञ्चालक समितिले नियुक्त गरेको संचालकको नियुक्ति अनुमोदन गर्ने।
५. विविध।

संचालक समितिको निर्णयानुसार
कम्पनी सचिव

उत्कृष्ट करदाताका रूपमा एनसेल सम्मानित

काठमाडौं/ उत्कृष्ट करदाताका रूपमा एनसेल सम्मानित भएको छ। गत आर्थिक वर्षमा संस्थागततर्फ सबैभन्दा बढी कर योगदान गरेकामा ललितपुर महानगरपालिकाले मंगलबार एनसेललाई उत्कृष्ट करदाताका रूपमा सम्मान गरेको हो।

प्रधानमन्त्री केपी शर्मा ओली र ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले संयुक्त रूपमा ललितपुर महानगरपालिकाको १०६औँ स्थापना दिवसको अवसरमा आयोजित एक विशेष कार्यक्रममाझ एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभलाई उक्त सम्मानपत्र प्रदान गरे।

सबैभन्दा बढी कर तिरी ललितपुर महानगरपालिकाको विकास र समृद्धिमा योगदान पुऱ्याएकाले उच्च कदर गर्दै एनसेललाई



सम्मान गरिएको ललितपुर महानगरपालिकाले जनाएको छ। विगत लामो समयदेखि एनसेल सबैभन्दा बढी कर तिर्ने एक कम्पनीका रूपमा स्थापित रहँदै आएको छ।

'ललितपुर महानगरपालिकाले हाम्रो योगदानलाई कदर गर्दै प्रदान गरेकामा हामी कृतज्ञ छौँ। ठुलो करदाताका रूपमा हामीले प्रत्येक वर्ष सरकारलाई विभिन्न कर तथा शुल्क शीर्षकअन्तर्गत राजस्वमा ठुलै योगदान गर्दै आइरहेका छौँ। यसरी देशको अर्थतन्त्र र विकासमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा योगदान गर्न पाउँदा हामी गौरवान्वित भएका छौँ र यो कार्यले निरन्तरता पाउने कुरामा म विश्वस्त छु,' एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले भने।

यसअघि पनि एनसेलले विभिन्न समयमा सरकारबाट सर्वोत्कृष्ट करदाता, सर्वोत्कृष्ट आयकरदातालगायतका विभिन्न सम्मान पाइसकेको छ। एनसेलले स्थापनाकालदेखि गत आर्थिक वर्ष ०८०/८१ सम्ममा सरकारलाई विभिन्न कर तथा शुल्क शीर्षकमा तीन खर्बभन्दा बढी तिरेको छ।

साबल सहकारी संस्था लिमिटेड

धुम्बाराहीचोक, काठमाडौं, फोन नं. ४३७६६९५, ४३७०७२५

डाक लिलाम बढाबढ बारेको ३५ दिने सूचना

(प्रकाशित मिति : २०८१/०९/०३ गते, बुधबार)

यस सहकारी संस्थाबाट ऋण लिनु भएकी ऋणी सदस्य काभ्रेपलाञ्चोक जिल्ला भुम्लुटार गा.वि.स.-१ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा.-०५, विष्णु पानीमुहान बस्ने बलराम उप्रेतीको नातिनी, फणिन्द्र राज उप्रेतीको छोरी ना.प्र.नं.०१-०६६-३२२५ (काभ्रेपलाञ्चोक) भएकी प्रकृति उप्रेतीले तमसुकमा स्वीकार गरेको शर्त अनुसारको कर्जाको लेना नबुझाई पटक पटक सो बुझाउने प्रतिवद्धता जनाई हाल सम्पर्कमा समेत नआउनु भएको र सो बक्यौदा रकम तिर्न मिति २०८०/०३/३१ गते "नयाँ पत्रिका" दैनिकमा प्रकाशित गराउँदा पनि कर्जा चुक्ता नगर्नु भएकाले सो कर्जा रकम चुक्ता हुनेगरी ३५ दिन भित्र बुझाउनु होला अन्यथा ३६औं दिन अर्थात मिति २०८१/१०/०९ का दिन का.जि.का.म.पा. वडा नं. ४ धुम्बाराही चोक स्थित संस्थाको कार्यालय भवनमा बिहान १०:०० बजेबाट डाक लिलाम बढाबढ गरी धितो सुरक्षण बिक्री गरिने व्यहोरा तपाईलाई तथा डाक लिलाम बढाबढमा भाग लिन इच्छुक महानुभावहरूलाई समेत यसै सूचनाद्वारा सूचीत गरेका छौं। धितो सुरक्षणको कागजातहरू हेर्न चाहानु हुने महानुभाहरूले संस्थाको कार्यालय समयमा सम्पर्क राख्नुहुन समेत यसै सूचनाबाट जानकारी गराएका छौं।

धितोको विवरण

धितोको विवरण: निज ऋणीको पति अजय खतिवडाको नाउँमा मालपोत कार्यालय साँखु, काठमाडौंमा दर्ता स्रेस्ता कायम रहेको काठमाडौं जिल्ला साविक आलापोट गा.वि.स. वडा नं. ६, नक्सा नं. ६, कि.नं. ५९३ र ५९६ को क्रमशः क्षेत्रफल ०-२-१-१ (७३.५३ ब.मि) र ०-२-०-० (६३.५९ ब.मि) जग्गा।

लिलाम बिक्रीका शर्तहरू:

१. डाक लिलाम बढाबढमा सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले बोलेको रकमको १० प्रतिशत नगदै वा यस संस्थाको नाममा जारी गरिएको गुड फर पेमेन्ट चेक/बैंक ग्यारेन्टी वा बैंक ड्राफ्टको सक्कल सो डाक सकार गरेकै दिन यस संस्थामा बुझाउनु पर्नेछ।
२. डाक लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुल्ने दिन डाक लिलाम बढाबढ गरिनेछ। समय तोकिए बमोजिम हुनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट अचल सम्पत्ति लिलाम बिक्री गर्ने निर्णय भई सूचना पाएको १५ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पत्ति सकार गरी रजिष्ट्रेशन पारित गरी नलिएमा धरौटी वापतको रकम स्वतः जफत हुनेछ। यस बारेमा कुनै उजुर बाजुर लाग्ने छैन।
४. डाक लिलाम बढाबढ कार्यमा सबैभन्दा बढी अङ्क कबोल गर्ने व्यक्तिलाई उक्त अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ।
५. लिलाम बिक्री हुने अचल सम्पत्ति (जग्गा) सम्बन्धी कागजातहरू हेर्न चाहनुहुने महानुभावहरूले यस सहकारी संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।
६. डाक लिलाम सकार गरी लिने व्यक्तिले सो अचल सम्पत्ति (जग्गा) रजिष्ट्रेशन, नामसारी आदि गर्दा लागेको रजिष्ट्रेशन दस्तुर तथा अन्य खर्च जो जे गर्नुपर्ने सो सम्पूर्ण खर्च लिलाम सकार गर्ने स्वयम्ले नै व्यहोर्नु पर्नेछ।

नबिल बैंक लिमिटेड, जनकपुर भानुचोक शाखा, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/०९/०३)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **मिति २०७९/१०/१० को नयाँ पत्रिका दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **जनकपुर भानुचोक शाखा, धनुषा**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५६/०९/१३ मा दर्ता नं. ११८५७/०५६/०५७ अन्तर्गत दर्ता भएको **हिरा एण्ड नमिता कन्स्ट्रक्सन प्रा.लि.।**
ठेगाना: धादिङ जिल्ला गजुरी गा.वि.स वडा नं. १, गजुरी बजार, धादिङ।

कम्पनीका सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. कमिनी कुमार सरकारको नाति करुणा कुमार सरकारको छोरा सर्लाही जिल्ला हरिपुर गा.वि.स. वडा नं. ९ बस्ने, ना.प्र.नं.१९३०९३/६६१ (जारी मितिः २०६३/११/१२, स्थान सर्लाही भएका **यादव कुमार सरकार।**
२. बुद्धी लाल श्रेष्ठको नाति चेत लाल श्रेष्ठको छोरा, काठमाडौ जिल्ला तीनथाना गा.वि.स. वडा नं. ६ बस्ने ना.प्र.नं. २७१२/२२४/१७१९९ (जारी मितिः २०३५/१२/०३, स्थान काठमाडौ) भएका **नन्दलाल श्रेष्ठ।**
३ देव नारायण श्रेष्ठको छोरी चेत लाल श्रेष्ठको बुहारी नन्दलाल श्रेष्ठको श्रीमती गोरखा जिल्ला, महादेवडांडा गा.वि.स. वडा नं. ६ घर भई हाल काठमाडौं जिल्ला, तिनथाना गा.वि.स., वडा नं. ६ बस्ने, ना.प्र.नं. २५९९ (जारी मितिः २०३६/१२/१०, स्थान गोरखा) भएकी **हिरा देवी श्रेष्ठ।**
४. काशी पुरीको नाति राम वहादुर पुरीको छोरा काठमाडौ जिल्ला तीनथाना गा.वि.स. वडा नं. ६ बस्ने, ना.प्र.नं. ५४०७ (जारी मितिः २०५९/०९/०८, स्थान काठमाडौ) भएका **मदन राज पुरी ।**
५. चेत लाल श्रेष्ठका नाति नन्दलाल श्रेष्ठको छोरा काठमाडौ जिल्ला तीनथाना गा.वि.स. वडा नं. ६ बस्ने ना.प्र.नं. २३५१९ (जारी मितिः २०६२/०६/१९, स्थान काठमाडौ) भएका **नबिन श्रेष्ठ।**
६. नन्दलाल श्रेष्ठको छोरी, मेघराज रिजालको बुहारी राजेन्द्र रिजालको श्रीमती काठमाडौ जिल्ला तीनथाना गा.वि.स वडा नं. ६ बस्ने ना.प्र.नं. ४३७२९/३२५८५ (जारी मितिः २०५८/०५/०३, स्थान काठमाडौ) भएका **नमिता श्रेष्ठ।**
७. कमिनी कुमार सरकारको नाति करुणा कुमार सरकारको छोरा, सर्लाही जिल्ला हरिपुर गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल सर्लाही जिल्ला हरिपुर न.पा. वडा नं. ८ बस्ने ना.प्र.नं. ३६३३२०१२ (जारी मितिः २०३५/११/०३, स्थान सर्लाही) भएका **माधव कुमार सरकार।**
८. पुन नारायण श्रेष्ठको नाति निम नारायण श्रेष्ठको छोरा, धादिङ जिल्ला मुरली भञ्याङ्ग गा.वि.स. वडा नं. १ स्थायी घर भइ हाल धादिङ जिल्ला निल कण्ठ न.पा. वडा नं. ३ बस्ने ना.प्र.नं. २४३४ (जारी मितिः २०४६/११/०५, स्थान धादिङ) भएका **दिल नारायण श्रेष्ठ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:

१. सर्लाही जिल्ला हरिपुर गा.वि.स वडा नं ९ बस्ने **माधव कुमार सरकार**को नाममा दर्ता कायम रहेको सलाहीं जिल्ला साविक हरिपुर गा.वि.स. वडा नं. ७ ख स्थित कित्ता नं. ६९२ को क्षेत्रफल क्रमशः १-५-०-० विगाहामा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।
२. सलाहीं जिल्ला साविक हरिपुर गा.वि.स. वडा नं. ९ बस्ने, **यादव कुमार सरकार**को नाममा दर्ता कायम रहेको सलाहीं जिल्ला जब्दी गा.वि.स. वडा नं. ९ङ किता नं. क्रमशः ३४८, ३६२, ३७८, ४१४, ३४०, ३६७, ४२० र ३६९ को क्षेत्रफल क्रमशः ०-४-१९$^{1/4}$, ०-१-०, ०-२-०, ०-०-१५, ०-०-६, ०-१-०, ०-१-६ र ०-१-०-०, विगाहामा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।
३. काठमाडौ जिल्ला तीनथाना गा.वि.स. वडा नं. ६ बस्ने **नन्दलाल श्रेष्ठ**को नाममा दर्ता कायम रहेको सलाहीं जिल्ला साविक पिडारी गा.वि.स. वडा नं. ९/ख किता नं. क्रमशः ४२, ४७ र १४ को क्षेत्रफल क्रमशः १-१८-१३, ०-१६-५ र ०-१२-५ विगाहामा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।
४. काठमाडौ जिल्ला तीनथाना गा.वि.स. वडा नं. ६ बस्ने **नन्दलाल श्रेष्ठ**को नाममा दर्ता कायम रहेको सलाहीं जिल्ला साविक हरिपुर गा.वि.स. वडा नं. ७/क किता नं. १४५७ को क्षेत्रफल ०-६-० विगाहामा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।
५. काठमाडौ जिल्ला तीनथाना गा.वि.स. वडा नं. ६ बस्ने **नन्दलाल श्रेष्ठ**को नाममा दर्ता कायम रहेको सलाहीं जिल्ला साविक हरिपुर गा.वि.स. वडा नं. ६क किता नं. ९३१ को क्षेत्रफल ०-३-६.५० विगाहामा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।
६. काठमाडौ जिल्ला तीनथाना गा.वि.स. वडा नं. ६ बस्ने **नन्दलाल श्रेष्ठ**को नाममा दर्ता कायम रहेको सलाहीं जिल्ला साविक हरिपुर गा.वि.स. वडा नं. ६क किता नं. ९७० को क्षेत्रफल ०-७-१५$^{3/4}$ विगाहामा भएको घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

सवारी साधनको विवरण:

१. ऋणी **हिरा एण्ड नमिता कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं. बा १५ च १७२० भएको MAHINDRA SCROPIO
२. ऋणी **हिरा एण्ड नमिता कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं.: बा २ क ४५३० भएको KOMASTU GRADER
३. ऋणी **हिरा एण्ड नमिता कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं.: बा २ क ३८१६ HAMM VIBRATORY SOIL COMPACTOR

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **जनकपुर भानुचोक शाखा, धनुषा**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०९/१७ गते ५:०० बजे भित्र यस बैंकको **जनकपुर भानुचोक शाखा, धनुषा**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०९/१८ गते ३:०० बजे बैंकको **जनकपुर भानुचोक शाखा, धनुषा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **जनकपुर भानुचोक शाखा, धनुषा**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौ फोन नं. ०१-५९७१८७१

सानिमा बैंक र एनसिएचएलबिच अन्तरदेशीय भुक्तानी सम्झौता

काठमाडौं/ सानिमा बैंक र नेपाल क्लियरिङ हाउस (एनसिएचएल)बिच अन्तरदेशीय भुक्तानी सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख निक्षेप अधिकृत हेमराज सञ्ज्याल र एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत निलेश मानसिंह प्रधानले हस्ताक्षर गरेका हुन्।



अली पेको नेटवर्कमा आबद्ध सदस्य वालेटमार्फत नेपाल पे मर्चेन्टका क्युआरमा अन्तरदेशीय भुक्तानी गर्न यी दुई संस्थाबिच सम्झौता भएको हो। यो सम्झौताले अन्तर्राष्ट्रिय भुक्तानीलाई सरल र छरितो बनाउने भएकाले नेपाल आउने पर्यटकलाई सहज हुने बैंकले जनाएको छ।

नेपालमा रहेको नेपाल पे क्युआर मर्चेन्टमा अली पे नेटवर्कमार्फत भुक्तानी गर्न सकिनेछ। चीन, हङकङ, सिंगापुर, मलेसिया, इन्डोनेसिया, फिलिपिन्स, मंगोलिया, थाइल्यान्ड, साउथ कोरिया, स्विडेन तथा इटालीलगायतका देशबाट नेपाल आएका पर्यटकले आफ्नो डोमेस्टिक वालेटमार्फत नेपाल पे क्युआरमा सजिलै भुक्तानी गर्न सक्ने बताइएको छ। एनसिएचएलले अली पेसँग अन्तर्राष्ट्रिय भुक्तानी साझेदारका रूपमा आबद्ध भई दुई नेटवर्कबिच भुक्तानी सुचारु गर्ने व्यवस्था मिलाइसकेको जनाएको छ। यस पहलअनुरूप अब सानिमा बैंकसँग सो भुक्तानी सेवा कार्यान्वयन गर्न सकिनेछ।

डिजिटल सेफ्टीका लागि टिकटकको सेफ्टी एम्बासडर कार्यक्रम

काठमाडौं/ टिकटकले आफ्नो सेफ्टी एम्बासडर कार्यक्रमअन्तर्गत नेपालमा डिजिटल सुरक्षाबारे चेतना जगाउन सेलेब्रिटीहरूले भरिएको एक कार्यक्रमको आयोजना गरेको छ। विश्वव्यापी रूपमा एक अर्ब मासिक सक्रिय प्रयोगकर्ता रहेको टिकटक आफ्ना प्रयोगकर्तालाई सशक्त बनाउन समर्पित मनोरञ्जन प्लेटफर्म हो। नयाँ र विविधतायुक्त समुदायका लागि प्रशंसित टिकटक लोकप्रिय हुनुको अर्को कारक भनेको प्रयोगकर्ता र प्लेटफर्म दुवैको सुरक्षामा यसको जोडदार फोकस हो। नेपालमा सेफर टुगेदर अभियान यस प्लेटफर्मका लागि उक्त दिशामा अर्को सकारात्मक कदम भएको कम्पनीको भनाइ छ।

कार्यक्रममा ओसिन सिटौला, पराक्रम राणा, मञ्जिता मानन्धर (माई डार्लिङ फुड), सुशान्त प्रधान, राष्ट्र विमोचन तिमल्सेना र श्री पाण्डेलगायत नेपालका चर्चित कन्टेन्ट क्रिएटरसहितको प्यानलमा छलफल भएको थियो। उनीहरूले इन्टरनेटको जिम्मेवार प्रयोग र सुरक्षित सामग्री निर्माणको वकालत गर्दै गलत सूचना, उत्पीडन, साइबर बुलिङ, अनलाइन ठगीलगायतका डिजिटल सुरक्षाका विभिन्न पक्षबारे छलफल गरे। उक्त अवसरमा आकर्षक कन्टेन्ट सिर्जना गरेर कसरी राम्रो कन्टेन्ट क्रिएटर बन्न सकिन्छ भन्नेबारे कार्यक्रमका अतिथिहरूलाई सुझाव र दिशानिर्देशसमेत पनि दिइएको थियो।

प्रयोगकर्ताको सुरक्षा टिकटकको शीर्ष प्राथमिकतामा रहेको छ। प्लेटफर्मले सेफ्टी सेन्टर भनिने सुरक्षा अपडेटका लागि केन्द्रीकृत स्थान प्रदान गर्छ, जसले प्लेटफर्ममा सुरक्षा र यसलाई निरन्तर बढावा दिन टिकटकले लागू गर्ने सबै कार्यसम्बन्धी नवीनतम जानकारी प्रदान गर्छ। सुरक्षा केन्द्रले नयाँ प्रयोगकर्ता सुरक्षा गाइड, अभिभावकका लागि गाइड, सुरक्षा सुनिश्चित गर्न के गर्ने भन्नेबारे स्रोतहरू र पूर्ण गोपनीयता गाइडसहित टिकटकका सुरक्षा सुविधा र उपायबारे सबै टुल्स र सुझावहरू पनि समावेश गर्छ।

लिवर्टी इनर्जी कम्पनी लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०३)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको संचालक समितिको मिति २०८१/०९/०२ गते बसेको बैठकको निर्णय अनुसार निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न कम्पनी ऐन २०६३ को उपदफा ६७ अनुसार कम्पनीको पन्ध्रौं वार्षिक साधारणसभा बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०८१ साल पौष २५ गते बिहिबार।
समय : बिहान १०:३० बजे।
स्थान : अनमोल ब्याङ्क्वेट, शंखमुल, काठमाण्डौ।

छलफलको विषयहरु :

क) सामान्य प्रस्तावहरु :

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन माथी छलफल गरी पारित गर्ने।
२. कम्पनीको लेखापरिक्षकले पेश गर्नु भएको आ.व. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन तथा वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आगामी आ.व. २०८१/०८२ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने।

ख) विशेष प्रस्तावहरु :

१. प्रवन्ध पत्रको दफा २ संसोधन गर्ने सम्बन्धमा।
२. नियमावलीको नियम २ संसोधन गर्ने सम्बन्धमा।
३. सहायक कम्पनी स्थापना तथा विद्युत उत्पादनको अनुमतिपत्र हस्तान्तरण अनुमोदन सम्बन्धमा।
४. अन्य जलविद्युत आयोजनालाई प्राप्ति (एक्विजिसन) गर्न तथा मर्जर प्रक्रिया अघि बढाउन संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
५. कम्पनीको प्रबन्ध पत्र तथा नियमावली संसोधनको कममा नियमनकारी निकायबाट कुनै फेरबदल थपघट गर्न निर्देशन वा सुझाव भएमा सोहि बमोजिम आवश्यक फेरबदल गर्न वा अभिलेख गर्दा/गराँउदा केहि हेरफेर तथा संसोधन गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृति प्रदान गर्ने सम्बन्धमा।

ग) विविध

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :

१. पन्ध्रौं वार्षिक प्रयोजनको लागी २०८१ पौष ११ गते एक दिनको लागी शेयरधनी दर्ता किताब बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ पौष १० गते सम्म कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा प्राप्त शेयर नामसारीको लिखितको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन योग्य हुनेछन्।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्न अनुरोध छ। हाजिरी पुस्तिका विहानको ९:३० बजेदेखि ११:३० बजेसम्म खुल्ला रहनेछ।
३. सभामा उपस्थित हुने शेयरधनी महानुभावले सभा कक्ष भित्र प्रवेश गर्नका लागी आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाणपत्र वा हितग्राही खाता विवरण वा शेयर प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध छ।
४. साधारण सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पुर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सि फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कार्यालयमा दर्ता गराईसक्नुपर्ने छ। प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिएको व्यक्ति समेत यस कम्पनीको शेयरधनी हुन आवश्यक छ। त्यस्तै एक भन्दा बढि व्यक्तिहरुलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याएर दिइएको प्रोक्सी बदर हुनेछ।
५. सभामा भाग लिन र मतदान गर्नका लागी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिसके पछि सभाको काम कारबाही शुरु हुनु अगावै सम्बन्धित शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्ता शेयरधनीले दिएको प्रतिनिधि फारम (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ।
६. कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेकोमा यस कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ।
७. कुनै शेयरधनी महानुभावहरुले छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्ने छ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने/नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ।
८. कम्पनीको पन्ध्रौं साधारण सभा सम्बन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्र्ड कार्यालय वा शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ। थप जानकारी कम्पनीको वेवसाइट www.libertyenergy.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

Liberty Energy Company Ltd.
लिवर्टी ईनर्जी कम्पनी लि.
कालिकास्थान-२९, काठमाडौं, फोन नं: ०१-४५४३५४५
Email: liberty@libertyenergy.com.np | Web:www.libertyenergy.com.np

चम्पावती हाइड्रोपावर लिमिटेड

नागार्जुन १, काठमाडौंको

१५औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

दोस्रोपटक प्रकाशित : २०८१।०९।०३ गते

आदरणीय शेयरधनी महानुभावहरू !

यस कम्पनीको मिति २०८१/०६/२० गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार निम्न मिति, समय र स्थानमा हुने १५औं वार्षिक साधारणसभा हुने भएकाले सम्पूर्ण शेयरधनी महानुभावको जानकारी एवं उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावली २०७६ को नियम १८(३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

साधारणसभा बस्ने मिति, समय र स्थान

१. मिति : २०८१/०९/०६ गते शनिबार (२१ डिसेम्बर २०२४)
२. समय : विहान ११ बजे
३. स्थान : अनुपम फुडल्यान्ड, बत्तीसपुतली, काठमाडौं।

साधारणसभाको प्रस्तावहरू २०८१ मंसिर १४ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशन गरिएको छ। साथै उक्त दिनको सूचनामा साधारणसभा हुने मिति २०८१/०९/०६ गते शनिबार (२१ डिसेम्बर २०२४) हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ।

आज्ञाले प्रशासकीय अधिकृत

अमरावती वचत तथा ऋण सहकारी संस्था लि.

नयाँ वानेश्वरको

वार्षिक साधारण सभा सम्बन्धी जरुरी सूचना

यस सँस्थाको मिति २०८१ साल मंसिर २७ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार सँस्थाको **अठ्ठाइसौं वार्षिक साधारण सभा** देहायको मिति, समय र स्थानमा बस्ने हुँदा शेयरधनी महानुभावहरूको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

सभा हुने मिति, समय र स्थान

मिति : २०८१ साल पौष २० गते शनिबार
समय : बिहान १०.०० बजे
स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) जावलाखेल, ललितपुर।

छलफल तथा निर्णयका बिषयहरु:-

(क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको बार्षिक प्रतिवेदन प्रस्तुत तथा पारित।
(ख) लेखा समितिद्वारा बार्षिक प्रतिवेदन प्रस्तुत तथा पारित।
(ग) आ.व.२०८०/०८१ को आर्थिक कारोवार बिबरण सहितको लेखापरिक्षकको प्रतिवेदन प्रस्तुत तथा पारित।
(घ) आ.व.२०८१/०८२ को लागि लेखापरिक्षकको नियुक्ती तथा पारिश्रमिक निर्धारण।
(ङ) आ.व.२०८२/०८३ को कार्ययोजना तथा खर्च वजेट पारित सम्बन्धमा।
(च) साधारण सभाको निर्णय पुस्तिकामा दस्तखत गरी प्रमाणित गर्न शेयरधनीहरूको चयन गर्ने सम्बन्धमा।
(छ) विविध।

सचिव
सम्पर्क फोन: ४७९४३६६

मन्त्रीको...

पृष्ठ १ बाट क्रमशः

तामाङले आफ्नै गृहजिल्ला रामेछापको ठेक्कासमेत वर्षौंदेखि अलपत्र छाडेका छन् । मध्यपहाडी राजमार्ग योजना कार्यालय, रामेछापसँग तामाङको कम्पनी कान्छाराम कन्स्ट्रक्सनले एपेक्स बन्दन भगवतीसँग संयुक्त रूपमा एक अर्ब ९७ करोड १२ लाख ८६ हजार रुपैयाँमा ५ पुस ०७९ मा ठेक्का पाएको सडकको प्रगति निराशाजनक छ । दुई वर्षमा निर्माण सक्ने गरी ठेक्का सम्झौता भएको सडकको अहिलेसम्म सन्तोषजनक प्रगति नभएको कार्यालयले जनाएको छ ।

गृहजिल्लाको उक्त सडकका कारण अप्ठ्यारो भएको तामाङले पनि स्विकारे । 'आफ्नै जिल्लाको काम पनि समयमै नसक्दा धेरै गुनासो भइरहेको छ । राजनीति गर्न नै अप्ठ्यारो हुने गरी विभिन्न गतिविधि हुन थालेपछि अहिले प्राथमिकता दिएर काम गरिरहेको छु,' उनले भने ।

एक जिल्लामा मात्र होइन, जिल्ला-जिल्लामा ठेक्का पारेका तामाङको बदनामीको सूची लामै छ । मोरङको पूर्व-पश्चिम र हुलाकी राजमार्गलाई जोड्ने पथरी-रंगेली सडक कान्छाराम कन्स्ट्रक्सनले २४ कात्तिक ०७६ मा एक अर्ब ५७ करोड ५४ लाख ९२ हजारमा ठेक्का पाएको थियो । आयोजना सक्नुपर्ने समयावधि २३ कात्तिक ०७९ सम्म थियो । तर, तोकिएको अवधि सकिएर दुई वर्ष कट्दासमेत ३५ प्रतिशत मात्रै काम सकिएको छ । पटक-पटक गरेर सडक निर्माणको म्याद १६ असार ०८२ सम्मलाई थपिएको छ । तर, यो अवधिमा पनि सडक निर्माण नसकिने निश्चित छ । राज्यमन्त्री तामाङले भने आगामी वैशाखसम्म ८०-९० प्रतिशतसम्मको काम हुने गरी निर्माणलाई तीव्रता दिएको दाबी गरे ।

दाङको कल्याङकोट-कालाकाँटे-गोबरडिया सडकको समयमै काम भएको भए आजभन्दा दुई वर्षअघि तयार भइसक्ने थियो । तर, कान्छाराम र बज्रगुरु कन्स्ट्रक्सनले संयुक्त रूपमा २९ कात्तिक ०७६ मा ठेक्का पाएको यो सडक अहिलेसम्म पूरा नभएपछि आगामी असार मसान्तसम्मका लागि म्याद थपिएको छ । ठेक्का सम्झौता हुँदा सडक २८ कात्तिक ०७९ मा निर्माण भइसक्नुपर्ने सर्त थियो । हालसम्म यो सडकखण्डमा ३५ प्रतिशत मात्रै काम सकिएको हुलाकी राजमार्ग आयोजना बाँकेले जनाएको छ । सडकको लागत ६७ करोड ३७ लाख ५३ हजार छ ।

हुलाकी राजमार्गअन्तर्गतकै बर्दियाको खैरीचन्दनपुर-मंगलपुर चोक-मनाउ-पशुपतिनगर-गोला ओखरिया बाँधसम्मको सडक पनि कान्छाराम कन्स्ट्रक्सनले अलपत्र पारेको छ । २ चैत ०७७ मा ठेक्का सम्झौता भएको यो सडक गत असोजमै निर्माण सकिनुपर्ने भए पनि करिब १५ प्रतिशत मात्रै काम भएको छ । पछिल्लोपटक हुलाकी राजमार्ग आयोजना बाँकेले आगामी असोजसम्मका लागि म्याद थपेको छ । ५३ करोड १२ लाख ६१ हजारमा ठेक्का सम्झौता भएको सडक निर्माण गर्न एक वर्ष मात्रै समय थप गरिए पनि अहिलेकै गतिमा काम भए सात वर्ष लाग्ने भन्दै स्थानीय चिन्तित छन् ।

पूर्वी पहाडी जिल्ला ओखलढुंगामा ४३ करोड २८ लाख लागतको साँघुटार-ओलढुंगा-कुइभिर सडकखण्डमा पनि कान्छाराम तामाङको बदनामी झल्किएको छ । २१ भदौ ०७४ मा सडक डिभिजन कार्यालय ओखलढुंगाले २० भदौ ०७७ मा निर्माण सक्ने गरी कान्छाराम कन्स्ट्रक्सनसँग सम्झौता गरेको थियो । पटक-पटक म्याद थप्दै अन्तिमपटक गत २३ असोजसम्मका लागि थपिएकोमा सडक अझै बनेको छैन । उक्त सडक अलपत्र भएर स्थानीयले व्यापक गुनासो गरेपछि ओखलढुंगाका सांसद रामहरि खतिवडाले पनि कारबाहीको चेतावनी दिएका थिए । गत जेठमा स्थानीय हिमालय माध्यमिक विद्यालयको वार्षिकोत्सवमा बोल्दै सांसद खतिवडाले भनेका थिए, 'कान्छाराम हुन् कि जेठाराम । काम नगर्ने ठेकेदारलाई कारबाही हुन्छ ।'

राज्यमन्त्री तामाङ भने आफू कान्छाराम कन्स्ट्रक्सनबाट बाहिरिएको दाबी गर्छन् । 'मैले अढाई वर्षअघि नै कम्पनीको स्वामित्व हस्तान्तरण गरेको छु । अहिले म कार्यकारी भूमिकामा छैन,' उनको दाबी छ ।

मोरङमा डेढ अर्बको ठेक्का : सम्झौता अवधिले दुई वर्ष नाघ्दा पनि ३५ प्रतिशत मात्रै प्रगति

कान्छाराम कन्स्ट्रक्सनले मनमोहन-गान्धी मार्गअन्तर्गत मोरङको पथरीदेखि रंगेलीसम्मको ३० किलोमिटर सडक २३ कात्तिक ०७९ मा सक्नुपर्ने थियो । तर, अहिलेसम्म ३५ प्रतिशत मात्रै प्रगति भएको हुलाकी राजमार्ग योजना कार्यालय, इटहरी (सुनसरी) ले जनाएको छ । यो सडक सुरुमा २४ फिट कालोपत्रे थियो । तर, यसलाई भत्काएर ६० फिटमा विस्तार गर्ने भन्दै २४ कात्तिक ०७६ मा कान्छाराम कन्स्ट्रक्सनसँग सम्झौता भएको थियो । सम्झौतालगत्तै सडक भत्काएर अलपत्र छाडिएको छ । पाँच वर्ष बितिसक्दा सडकको आधा खण्डमा मात्र नाला निर्माण गरेर बेस हाल्ने काम भएको छ ।

वर्षौंदेखि अलपत्र हुँदा स्थानीय आक्रोशित छन् । संघर्ष समिति नै बनाएका स्थानीयले वैशाखयता पटक-पटक सडकमा ह्युमपाइप र ठुला ढुंगा राखेर हप्तौंसम्म सडक बन्द गराउँदै आएका छन् । पथरी-शनिश्चरे नगरपालिका- ४ का सूर्य न्यौपानेले समयमा सडक नबन्दा बर्खामा हिलोको सास्ती र हिउँदमा धुलोले बिरामी पर्न बाध्य भएको गुनासो गरे । 'के भन्नु र खै ? न त सडकमा पानी हालिन्छ । दिनहुँ टिपर हिँडेपछि त आसपास बस्ने मान्छे नै चिन्न सकिँदैन,' उनले भने । साबिकको भन्दा करिब तीन गुणा चौडा सडक बन्ने भएपछि पथरी, सुनबर्सी र रंगेलीका स्थानीयले मुआब्जा नै नलिई जग्गा दिएका थिए । पथरी-शनिश्चरे- ९ का लुकनाथ भट्टराई बेस हालेको सडक लामो समय स्तरोन्नति नहुँदा ठुला-ठुला खाल्डाहरू परेको बताउँछन् । 'हामीले कहिले ह्युमपाइप राखेर त कहिले ठुला ढुंगा राखेर पटक-पटक आन्दोलन गरिसक्यौं, नगरपालिका र सिडिओ कार्यालय पनि गइसक्यौं, तर ठेकेदार कम्पनी अझै कानमा तेल हालेर बसेको छ, हामीले सास्ती पाइरहेका छौं,' उनले भने ।

यही मार्गअन्तर्गत पर्ने सुनबर्सी नगरपालिकाका मेयर श्यामप्रसाद राजवंशीले साबिकको सडक भत्काएर ठेकेदार कम्पनीले जनतालाई धेरै दुःख दिएको बताए । सुनबर्सी नगरभित्र पर्ने साढे १३ किलोमिटर खण्डमा अझै नाला निर्माण गरेर बेससमेत हालिएको छैन ।

हुलाकी सडक आयोजना कार्यालय इटहरी (सुनसरी)का सूचना अधिकारी तथा साइट इन्जिनियर उपेन्द्र दासले पथरी शरणार्थी शिविरदेखि रंगेली बोर्डरसम्मको ३० किलोमिटर सडकको निर्माण प्रगति हालसम्म जम्मा ३५ प्रतिशत मात्र भएको बताए । उनका अनुसार सडक निर्माणको काम १६ असार ०८२ सम्म सक्ने गरी म्याद थप भएको छ । म्याद थपपछि निर्माणले गति लिएको दाबी दासले गरे पनि स्थानीयले भने गति सुस्त नै रहेको बताएका छन् ।

दुई वर्षअघि तयार हुनुपर्ने दाङको सडक म्याद थप्दा पनि अलपत्र

दाङको कल्याङकोट-कालाकाँटे-गोबरडिया सडकको समयमै काम भएको भए आजभन्दा दुई वर्षअघि तयार भइसक्ने थियो । तर, कान्छाराम र बज्रगुरु कन्स्ट्रक्सनले संयुक्त रूपमा २९ कात्तिक ०७६ मा ठेक्का पाएको यो सडक अहिलेसम्म पूरा नभएपछि आगामी असार मसान्तसम्मका लागि म्याद थपिएको छ । ठेक्का सम्झौता हुँदा सडक २८ कात्तिक ०७९ मा निर्माण भइसक्नुपर्ने सर्त थियो । हालसम्म यो सडकखण्डमा ३५ प्रतिशत मात्रै काम सकिएको हुलाकी राजमार्ग आयोजना बाँकेले जनाएको छ । सडकको लागत ६७ करोड ३७ लाख ५३ हजार छ । तेस्रोपटक म्याद थपेर काम सक्ने समयावधि ३० असार ०८२ मा पुऱ्याइएको छ । तर, थपिएको समयमा पनि निर्माण पूरा हुने सम्भावना नभएको हुलाकी राजमार्ग कार्यालय नेपालगन्जका प्रमुख इन्जिनियर लीलाबहादुर भण्डारीले बताए । 'दोस्रो सम्झौता भएको म्याद सकिन सात महिना बाँकी छ, तर निर्माण कम्पनीले अहिलेसम्म ३५ प्रतिशत मात्र काम सम्पन्न गर्न सकेको छ,' उनले भने, 'पछिल्लो समय निर्माण कार्यमा अर्को ठेकेदार कम्पनी जोडिएको छ र निर्माणको कामले थोरै गति लिएकोजस्तो देखिन्छ ।' यो सडक निर्माणका लागि ६७ करोड ३७ लाखमा ठेक्का सम्झौता भएको हो ।

बर्दियाको २६ किमि सडकमा नाला मात्रै हालियो

कान्छाराम-राजेन्द्र जेभीले बर्दियाको खैरीचन्दनपुर-मंगलपुर चोक-मनाउ-पशुपतिनगर-गोला ओखरिया बाँधसम्मको २६ किलोमिटर सडक निर्धारित समयमा बनाउन सकेन । यो अवधिमा करिब १५ प्रतिशत मात्रै काम भयो । त्यसपछि हुलाकी राजमार्ग आयोजना बाँकेले आगामी १८ असोजसम्मका लागि म्याद थप गरिदिएको छ । यो सडकखण्डको भौतिक प्रगति अहिले करिब ३० प्रतिशत पुगेको आयोजना प्रमुख इन्जिनियर लीलाबहादुर भण्डारीले जानकारी दिए । 'कतै-कतै नाला निर्माण भएको छ । पहिलो बेसअन्तर्गत ग्राभेल हाल्ने काम मात्र भएको छ । तीव्र गतिमा काम भए पनि निर्धारित समयभित्र सकिने अवस्था छैन,' उनले भने । उक्त सडक निर्माणका लागि ४ चैत ०७७ मा पहिलो सम्झौता भई १८ असोज ०८० मा सम्पन्न गर्ने भनिएको थियो । तर, उक्त अवधिमा खासै काम नभएको उनले बताए । 'अहिलेसम्मको प्रगति एकदमै निराशाजनक छ । अनेक ताकेता गरे पनि निर्माण कम्पनीले सुस्त गतिमा काम गरिरहेको छ,' इन्जिनियर भण्डारीले भने, 'एक वर्षमा १० प्रतिशतका दरले काम भइरहेको छ । तीन वर्षमा ३० प्रतिशतका दरले काम हुने हो भने २६ किलोमिटर सडक निर्माण गर्न अझै सात वर्ष लाग्ने देखिन्छ ।'

१० वर्षदेखि घोराही बजार अस्तव्यस्त

दाङको घोराही बजारभित्रको सडक स्तरोन्नतिको काम सुरु भएको १० वर्ष बितिसक्यो । तर, अझै पूरा भएको छैन । बजारभित्रैको सडकमा खाल्डाखुल्डी हुँदा आवतजावतमा निकै समस्या छ । दुई वर्षमा सक्ने गरी मुख्य बजार क्षेत्रमा रहेको कटुवाखोलादेखि सिटी प्लाजासम्मको एक हजार ४५० मिटर सडक कालोपत्रे गर्न ११ करोड ६४ लाख १२ हजार ६५३ रुपैयाँमा कान्छाराम-शंकरमाली कन्स्ट्रक्सनसँग ११ भदौ ०७१ मा सम्झौता भएको थियो । ३० असोज ०७२ मा सक्ने भनिएको उक्त ठेक्का पटक-पटक म्याद थप गर्दा पनि सम्पन्न भएको छैन । पछिल्लोपटक आगामी असार मसान्तमा सक्ने गरी पुनः पाँचौंपटक म्याद थपिएको छ । तर, धेरै सुस्त गतिमा काम भइरहेको सडक डिभिजन कार्यालय दाङका सूचना अधिकारी अमिर सुवेदीले बताए ।

'१० वर्षअघिको ठेक्का हो, काम नै भएको छैन । शक्तिशाली मान्छेको ठेक्का भएकाले कारबाही गर्न पनि गाह्रो भएको छ,' उनले भने । स्थानीयले सडक छिटो सक्न बारम्बार आन्दोलन गर्दै आएका छन् । उनीहरूले कार्यालयको मूलगेटमै तालाबन्दीसमेत गरेका थिए ।

बुटवलमा नमुना सडककै बिजोग, जमानत जफतका लागि सातपटकसम्म पत्रचार

पर्यटक आकर्षण गर्ने गरी नमुना सडक बनाउन रूपन्देहीको बेलवास-बेथरीखण्ड निर्माण गर्न कान्छाराम-बज्रगुरु जेभीसँग ३० असार ०७३ मा सम्झौता भएको थियो । ६० करोड ९१ लाख ९० हजार ३८३ रुपैयाँमा ठेक्का सम्झौता भएको सडक १४ साउन ०७६ मा सकिनुपर्ने थियो । तर, अहिलेसम्म ६० प्रतिशत मात्रै प्रगति भएको पूर्वाधार कार्यालय, रूपन्देहीका प्राविधिक अधिकृत सन्तोषकुमार चौधरीले जानकारी दिए ।

२१ किलोमिटर सडकमध्ये पहिलो प्याकेजअन्तर्गत ८.५ किलोमिटर अलपत्र हुँदा दोस्रो र तेस्रो प्याकेजअन्तर्गत निर्माण भइसकेको सडकको सौन्दर्यमा समेत असर परिरहेको छ । कान्छाराम र बज्रगुरुले अलपत्र पारिरहेको सडकको डिजाइन गर्दा नेपालकै नमुना सडकको रूपमा चिनाउने उद्देश्य राखिएको थियो । सडकको बिचभागमा पानीको नहर र छेउछाउमा चार लेन, दुवैतर्फ साइकल लेन र पैदलमार्गको डिजाइन भएको छ । यही डिजाइनअन्तर्गत दुई खण्डको काम भने समयमै सकिएको छ ।

संघीय सरकारले अगाडि बढाएको यो सडक योजना ०७८ मंसिरमा प्रदेशमातहत हस्तान्तरण गरिएको थियो । प्रदेशमा हस्तान्तरण भएपछि संघले प्राथमिकता नदिँदा अहिले बजेटको समेत समस्या पर्न थालेको छ । ८.५ किलोमिटरमध्ये १.६ किलोमिटर निर्माण अधुरै रहेको पूर्वाधार कार्यालयले जनाएको छ । निर्माण कम्पनीले हालसम्म ४४ करोड ७८ लाख भुक्तानीसमेत लगिसकेको कार्यालयले जनाएको छ ।

काममा निरन्तर ढिलासुस्ती भएपछि जमाना जफतका लागि सातपटकसम्म बैंकलाई पत्र लेखिएको छ । सम्बन्धित बैंकले बेवास्ता गरेपछि राष्ट्र बैंकसमक्ष तीनपटक पत्रचार गरिएको पूर्वाधार कार्यालयले जनाएको छ ।

कोशी करिडोर निर्माण नगरेपछि कालोसूचीमा

भारत–नेपाल–चीन जोड्ने गरी अघि बढाइएको कोशी करिडोरअन्तर्गतको १३ किलोमिटर सडक अलपत्र पारेपछि कान्छाराम कन्स्ट्रक्सनलाई कालोसूचीमा राखिएको छ । कान्छाराम तामाङ ऊर्जा राज्यमन्त्री रहेकै वेला २३ कात्तिकमा सडक डिभिजन कार्यालय तुम्लिङटारको सिफारिसमा सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको हो । कम्पनी कलोसूचीमा परेसँगै उससँगको ठेक्का सम्झौता पनि स्वतः तोडिएको छ । अब नयाँ ठेक्का आह्वान गर्ने तयारीमा रहेको तुम्लिङटार कार्यालयले जनाएको छ ।

मोरङको जोगमुनी (रानी) देखि धरान-धनकुटा–खाँदबारी हुँदै किमाथांका जोड्ने ३९० किलोमिटर सडकमध्ये संखुवासभाको धर्मदेवी नगरपालिका- ४ याख्याचोकदेखि पिलुवाखोलासम्म १३ किलोमिटर ३३० मिटर सडकको पुनर्स्थापना, मर्मतसम्भार र ग्रेडिङ गर्ने ठेक्का कान्छाराम कन्स्ट्रक्सनले पारेको थियो । २२ असार ०७५ मा भएको ठेक्का सम्झौताअनुसार १९ महिनापछि १५ माघ ०७६ मा निर्माण सक्नुपर्ने सर्त थियो । १२ करोड ३५ लाख ७१ हजार ४६३ रुपैयाँमा सम्झौता भएको काम अहिलेसम्म अगाडि नबढाएपछि कालोसूचीमा राख्न बाध्य भएको सडक डिभिजन कार्यालय तुम्लिङटारका प्रमुख इन्जिनियर शुभाञ्जन दाहालले जानकारी दिए । काम अघि नबढाएको कान्छाराम कन्स्ट्रक्सनलाई पटक–पटक ताकेता र पत्राचार गर्दा पनि बेवास्ता गरेपछि कालोसूचीमा राखेको भनाइ छ । अब चाँडै ठेक्का तोडेर नयाँ टेन्डर आह्वान गर्ने उनले बताए ।

धर्मदेवी नगरपालिकाका मेयर उदयचन्द्र पौडेलले याख्याचोकदेखि पिलुवाखोलासम्मको सडक ठेक्का लागे पनि नागरिकले सुविधा नपाएको बताए । 'सडकको अवस्था नाजुक भएपछि ठेकेदार कम्पनी र सडक डिभिजन तुम्लिङटारमा पटक-पटक पुगेर ताकेता गरे पनि ठेकेदारले टेरेन । धेरैपटक सिडिओलाई पनि जानकारी गराएँ । सम्बन्धित मन्त्रालयलाई अनुरोध गरें, तर कसैले केही गर्न नै सकेनन्,' मेयर पौडेलले भने ।

कान्छारामकै लगानीको ओम बुद्ध इन्टरनेसनलले चितवन र अर्घाखाँचीमा अलपत्र पाऱ्यो सडक

राज्यमन्त्री तामाङको लगानी रहेको ओम बुद्ध इन्टरनेसनल कन्स्ट्रक्सनले पनि चितवन र अर्घाखाँची डिभिजन कार्यालयमातहतका सडक अलपत्र पारेको छ । सडक डिभिजन कार्यालय, चितवनमातहत १५ करोड ३७ लाखमा २८ असार ०७९ मा सम्झौता भएको सडकको प्रगति निराशाजनक छ । त्यस्तै, स्वच्छन्द र ओम बुद्धले संयुक्त रूपमा २५ करोड ६१ लाख रुपैयाँमा ठेक्का लिएको अर्घाखाँचीको सन्धिखर्क सडकखण्डको प्रगति पनि सन्तोषजनक छैन । ५ कात्तिक ०७८ मा ठेक्का सम्झौता भएको उक्त सडक निर्माणको म्याद २९ पुससम्म मात्रै छ ।

कोशीको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको सवा अर्बको ठेक्कामा पनि ढिलासुस्ती

कान्छाराम कन्स्ट्रक्सनले कोशीको भौतिक पूर्वाधार विकास मन्त्रालयमातहतको एक अर्ब २४ करोड ३० लाखको ठेक्कामा पनि अनावश्यक ढिलासुस्ती गरिरहेको छ । मन्त्रालयका अनुसार सुनसरीको चतरा-मैनामैनी-हसनपुरदेखि चुहाटार घोडेटार हुँदै भोजपुरको दिङ्गालासम्मको सडक निर्माण गर्न २६ चैत ०७५ मा दुई करोड ५४ लाखको लागत सम्झौता भएकोमा ४५ प्रतिशत मात्रै प्रगति भएको छ । म्याद सकिएपछि थपिएको म्याद आगामी १३ असारसम्मका लागि छ ।

त्यस्तै, मोरङको बबियाबिर्ता-रञ्जनी-काजीमान चोक हुँदै दोभानघाट गान्धीआश्रम भएर सुनबर्सीसम्म सडक निर्माण १४ असोज ०७६ मा ठेक्का लिएकोमा ४० प्रतिशत मात्रै काम सकेको छ । ५६ करोड ११ लाखको यो ठेक्काको पनि म्याद सकिएर आगामी असारसम्मका लागि थपिएको छ ।

मोरङकै कटहरी- ५ देखि महेशपुरसम्म ४७ करोड १८ लाखमा ठेक्का लिएको १७ किलोमिटर सडकको पनि कान्छाराम कन्स्ट्रक्सनले चार वर्षसम्म २३ प्रतिशत मात्रै काम गरेको छ । १२ असार ०७७ मा ठेक्का सम्झौता भएको थियो । काम नभएपछि ठेक्का तोड्ने मनस्थितिमा मन्त्रालय पुगेको छ ।

ओखलढुंगाको निर्वाचन क्षेत्र रणनीतिक सडकअन्तर्गत चक्रपथ-गोरुमारे-भञ्ज्याङ-अँधेरी-नारायण निशखाने ग्राभेल १२ किलोमिटर सडकको हालत उस्तै छ । १६ करोड ६४ लाखमा ७ पुस ०७६ मा सम्झौता भएको सडकको ठेक्का अवधि डेढ महिना मात्र (२९ पुस) बाँकी छँदा प्रगति भने ७२ प्रतिशत छ । तेह्रथुमको वसन्तपुरमा गत असार मसान्तमै निर्माण सक्नुपर्ने एक करोड ८३ लाखको ठेक्काको प्रगति ७० प्रतिशत मात्र छ ।

सुर्खेतका १४ सडक आयोजना पनि अलपत्र

राज्यमन्त्री तामाङको कन्स्ट्रक्सनले डिभिजन वन कार्यालय वीरेन्द्रनगर अगाडिको एक सय ८१ मिटर सडक निर्माण गर्न जिम्मा पाएको थियो, तर अहिलेसम्म नाला र सब बेसको काम भए पनि बेस राख्ने र कालोपत्रे गर्ने काम पूरै बाँकी रहेको पूर्वाधार विकास निर्देशनालयले जनाएको छ ।

त्यस्तै, दुई सय २५ मिटर लम्बाइ भएको खारखोली टेलिकम सडक निर्माण पनि अधुरो छ । उक्त सडकमा नाला र सब बेस निर्माण भए पनि कालोपत्रे हुन नसकेको निमित्त निर्देशक शाहीले बताए । उक्त कम्पनीले तीन सय ३४ मिटर लामो खारखोली हटलाइन सडक पनि बेस राखेर अधुरो छाडेको छ । सब बेस राखेर निर्माणको काम थालिए पनि कालोपत्रे गर्न बाँकी रहेको छ । इत्राम खोला-जिल्ला प्रहरी कार्यालय चार सय मिटर सडकको दायाँतर्फ दुई सय सात मिटर र बायाँतर्फ दुई सय ९७ मिटर नाला निर्माण गरी बाँकी काम त्यसै छाडिएको छ । 'उक्त सडकको करिब एक सय ५० मिटर क्षेत्रमा सब बेसको काम भएको छ,' शाहीले भने ।

जिल्ला अदालत-मुख्यमन्त्री कार्यालय-अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय जोड्ने ६ सय ३५ मिटर सडकमा नाला निर्माण गरी करिब दुई सय मिटरमा बेस राखिएको बताउँदै उनले तीन सय ५० मिटर सडकमा ग्राभेल मात्र बिछ्याइएको छ ।

राज्यमन्त्री तामाङको निर्माण कम्पनीले ठेक्का दिने कार्यालय अगाडिको सडकसमेत अलपत्र पारेको छ । शाहीका अनुसार पूर्वाधार विकास निर्देशनालय अगाडीको दुई सय ४० मिटर सडकसमेत उक्त कम्पनीले अलपत्र पारेको छ । त्यसैगरी, बस्नेत नर्सरी-पुरानो वार्ड कार्यालय, कर्णाली प्रदेश प्रहरी कार्यालय-खारखोली एक सय ११ मिटर सडक, कालिञ्चोक-मिलनचोक तीन सय ८८ मिटर सडक, मोडेल कलेजदेखि उत्तर पश्चिम सात सय ३० मिटर सडक र गण्डकी लाइन-मुख्य बजारभित्रको एक सय २० मिटर सडक पनि अलपत्र पारिएको छ । कान्छाराम कन्स्ट्रक्सनले महिला छात्रावास-दैलेख रोड चार सय ४० मिटर सडक, लालुपाते उत्तर दुई मिटर सडकमा बेस राखे पनि कालोपत्रे गर्न बाँकी रहेको पूर्वाधार विकास डिभिजन कार्यालयले जनाएको छ ।

सुमेरु सहकारीको...

पृष्ठ १ बाट क्रमशः

एसपी होबिन्द्र बोगटीले बताए । 'महर्जनले सहकारीको पैसा आफ्ना विभिन्न कम्पनीमा लगेर दुरुपयोग गरेको देखियो,' उनले भने, 'सोही आधारमा उनलाई मात्र प्रतिवादी बनाइएको हो । तर, थप व्यक्तिको संलग्नता देखिएपछि अनुसन्धान गर्ने बाटो खुला राखेका छौं ।'

सहकारीमा समस्या आएपछि महर्जन सपरिवार बेलायत भागेका थिए । तीन वर्षअघिदेखि नै उनीविरुद्ध बचतकर्ताले प्रहरीमा उजुरी दिन थालेका थिए । तर, प्रहरी अधिकारीलाई प्रभावमा पारी अनुसन्धान रोकाउँदै आएका उनी ठगीको रकमसमेत लिएर बेलायत भागेका थिए । उनीविरुद्ध नेपाल प्रहरीको सिफारिसमा इन्टरपोलले रेड नोटिस जारी गरेको छ । तर, बेलायत सरकारले नेपाल फर्काउन पहल गरेको छैन । उनको नेपालमा रहेको सम्पत्ति भने रोक्का रहेको सिआइबीका एसपी बोगटी बताउँछन् ।

जिबी राईले जस्तै गरी नियम मिचेर महर्जनले सहकारीको पैसा धापाखेलको सुमेरु अस्पताल, पुल्चोकको सुमेरु सिटी अस्पताल, सातदोबाटोको एसियन कलेज र शंकरापुर एकेडेमी, सुमेरु हाउजिङ मार्ट, मनी एक्सचेन्ज, ट्राभल तथा सुमेरु इन्भेस्टमेन्टजस्ता कम्पनीमा लगेको सूर्य थापा नेतृत्वको सहकारीसम्बन्धी संसदीय विशेष छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ । लगानी फस्दै गएपछि सहकारीमा आर्थिक संकट सुरु भएको थियो । त्यससँगै ०७६ मा हेमराज दाहाललाई अध्यक्ष बनाएर उनी बाहिरिएका थिए ।

तीन अर्ब ९५ करोड महर्जन एक्लैले नियमविपरीत निकालेर अपचलन गरेका थिए । जसमा अन्य सञ्चालक तथा कर्मचारीलाई अनुसन्धानको दायरामा ल्याइएको छैन । सिआइबी स्रोतका अनुसार कर्मचारीकै नाममा कर्जा प्रवाह गरेर उनले पटक-पटक पैसा निकालेका थिए । खाली चेक धितो राखेर त्यसरी गैरकानुनी रूपमा कर्जा प्रवाह हुँदा पाँच वर्षदेखि सहकारी समस्यामा छ । तर, फरार रहेका महर्जनबाहेक कसैलाई जिम्मेवार बनाइएको छैन ।

जिबी राईका सहकारीको हकमा भने सहकारीबाट पैसा गएका कम्पनीका सञ्चालकलाई समेत जिम्मेवार बनाएर संगठित अपराधदेखि सम्पत्ति शुद्धीकरणसम्मका मुद्दा दायर गर्न लागिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई तान्नकै लागि सहकारीबाट पैसा लैजाने भूमिकामा नभएकालाई पनि अनुसन्धान गर्न लागिएको आरोप लाग्दै आएको छ । यसअघि प्रहरीले मुद्दा दायर गरेका शिवशिखर, कान्तिपुर, श्री लालीगुराँसजस्ता ठुला सहकारीको अनुसन्धानमा सञ्चालकलाई मात्र प्रतिवादी बनाइएको छ । कतिपय सहकारीमा कर्मचारीलाई पनि पक्राउ गरिएको छ । त्यस्तै, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा पनि छानी-छानी केहीलाई मात्र लगाउने र सत्तानिकटलाई जोगाउने गरिएपछि सहकारी ठगीसम्बन्धी प्रहरी अनुसन्धानको मापदण्डमाथि नै प्रश्न उठेको छ ।

एमाले नेता ऋषिकेश पोखरेलपत्नी अञ्जलासहित २५ विरुद्ध पक्राउ पुर्जी

उमागौरी कृषि सहकारी ठगी कसुरमा सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलपत्नी अञ्जला कोइरालासहित २५ जनाविरुद्ध जिल्ला अदालत मोरङले पक्राउ पुर्जी जारी गरेको छ । एक महिनादेखि इलाका प्रहरी रंगेलीले अनुसन्धान गरेर बुझाएको अभियोग प्रतिवेदनउपर अभियोजन गरेर सरकारी वकिलको कार्यालय मोरङले सहकारीको रकम हिनामिना कसुरमा अध्यक्ष शम्भु रौनियारसहित २६ जनाविरुद्ध मुद्दा दर्ता गरेपछि अदालतले मंगलबार पूर्वसञ्चालक कोइरालासहित २५ जनाविरुद्ध ३५ दिने पक्राउ पुर्जी जारी गरेको हो । मुद्दा दर्ता भएका २६ मध्ये सञ्चालक समिति सदस्य रोशन राजवंशी पक्राउ परेका छन् । अदालतबाट पक्राउ पुर्जी जारी भएपछि सबैजना फरार छन् ।

इजलासमा...

पृष्ठ १ बाट क्रमशः

र अनुसन्धानमा फेला परेको प्रमाण देखाइदिन उनले आग्रह पनि गरे । त्यसपछि न्यायाधीश बेल्बासेले रविलाई 'तपाईंको यो अनुभव पछि काम लाग्छ' मात्र भनेका थिए ।

रविले इजलाससमक्ष दोस्रो प्रश्न गरेका थिए । बैंक खाता र कारोबारबारे मिडियाबाट अफवाह फैल्याइएको बताउँदै रविले भने, 'अनुसन्धानबाट खुलेको भन्दै कुनै मिडियाले यति करोड भनेको छ, कुनैले उति करोड, हाम्राविरुद्ध अति नै मिडिया ट्रायल भयो, यसका कारण मेरी श्रीमती (निकिता) पनि निकै दबाबमा परेकी छिन्, गलत समाचारविरुद्ध कतिपटक प्रेस काउन्सिल जाऊँ, कतिलाई मुद्दा हालौं, यो त अचाक्ली नै भइसक्यो श्रीमान्, श्रीमान्ले आजको आदेशमा यसबारे केही उल्लेख गरिदिनुपऱ्यो ।'

त्यसपछि न्यायाधीश बेल्बासेले 'हेरौंला नि त' भने । त्यसपछि इजलासले रविसहितलाई हिरासतमा राख्न थप चार दिनको अनुमति दिएको थियो ।

म्याद थपका लागि बहस हुनुअघि २७ मंसिरमा उच्च रक्तचाप हुँदा पनि रवि अस्पताल भर्ना नभएकोबारे चर्चा भएको थियो । न्यायाधीश बेल्बासेले लामिछानेलाई अस्पताल भर्ना हुनुभएन छ नि भन्ने प्रश्न गरेका थिए । 'दम्भले होइन, कसैलाई देखाइदिऊँ भनेर पनि होइन श्रीमान्, आत्मविश्वासका कारण अस्पताल भर्ना नभएको हुँ, आत्मबलले नै भर्ना हुनुपर्छ भनेको भए, हुन्थ्यो पनि, गाह्रो भएको भए नजिकै थियो, गइहाल्थें,' उनले भने, 'श्रीमान् म गृहमन्त्री हुँदा हिरासत छल्न अस्पताल बस्ने प्रवृत्ति निरुत्साहित गर्न कार्यविधि बनाएको थिएँ, त्यही कार्यविधिका कारण पनि अस्पताल भर्ना हुन असजिलो भएको थियो ।'

रास्वपा सभापति रवि लामिछानेसहित पाँचजनालाई थप चार दिन हिरासतमा राख्न म्याद थप भएको छ । २ कात्तिकमा पक्राउ परेपछि जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा रहेका लामिछाने र अन्य चारजनालाई थप चार दिन हिरासतमा राख्न कास्की जिल्ला अदालतले प्रहरीलाई अनुमति दिएको हो । लामिछानेलाई हिरासतमा राख्नका लागि म्याद थप भएको यो आठौं र अन्तिमपटक हो ।

मन्त्रिपरिषद्बाट...

पृष्ठ १ बाट क्रमशः

विधेयकमा दफावार छलफल गरी सोमबार प्रतिवेदन पारित गरेको छ । जसमा कुनै व्यक्ति वा संस्था विशेषको लाभमा हुने निर्णयमा अख्तियार प्रवेश गर्न पाउने व्यवस्था सर्वसम्मत रूपमा अनुमोदन भएको छ । अख्तियारले बारम्बार नीतिगत निर्णयको परिभाषा तोक्न आग्रह गर्दै आएको थियो ।

विधेयकका मुख्य विषयमा दफावार छलफल गरी टुंग्याउन गठित उपसमिति संयोजक हृदयराम थानीले नीतिगतबाहेकका निर्णय भ्रष्टाचार हुने र निर्णयकर्ता कारबाहीको दायरामा आउने राजनीतिक समझदारी बनेको र सोहीअनुसार प्रतिवेदनमा उल्लेख गरिएको बताए । प्रतिवेदनमा उल्लेखित नीतिगत निर्णयको परिभाषामा 'प्रचलित कानुनबमोजिम हुनेबाहेक सर्वसाधारणलाई समान रूपमा लागू नहुने र सार्वजनिक रूपमा घोषणा भएको नीतिको प्रतिकूल हुने गरी कुनै खास व्यक्ति वा निजी संस्थालाई मात्र लाभ हुने गरी गरिएको निर्णय' भनिएको छ ।

यसैगरी, सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुनबमोजिम हुनेमा बाहेक सार्वजनिक खरिद सम्बन्धमा गरिएको निर्णयलाई पनि परिभाषामा राखिएको छ । अर्को 'प्रचलित कानुनबमोजिम अन्य निकाय वा अधिकारीले निर्णय गर्नुपर्ने विषयमा अधिकारक्षेत्र नाघी गरिएको निर्णय' पनि भ्रष्टाचारको रूपमा अख्तियारको छानबिनमा आउने व्यवस्था गरिएको छ । उपसमितिले संघसँगै प्रदेश सरकारका नीतिगत निर्णयमा पनि अख्तियार प्रवेश गर्न नपाउने सुनिश्चित गरेको छ । यद्यपि, तोकिएको नीतिगत निर्णयको परिभाषाभन्दा बाहिर निर्णय भएमा अख्तियारले छानबिन गर्न पाउनेछ ।


अख्तियारले हरेक वर्ष आफ्नो प्रतिवेदनमार्फत र संसदीय समितिमा उपस्थित भएर कुनै व्यक्ति वा समूहको स्वार्थका लागि गरिएका नीतिगत निर्णयको छानबिन गर्न पाउनुपर्ने माग राख्दै आएको थियो । अब नीतिगत निर्णयको नाममा हुने बेथितिहरू नियन्त्रण हुने विश्वास उनले व्यक्त गरे ।

भुल सुधार

मिति २०८१ साल मंसिर २९ गते प्रकाशित यस उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको छैठौं बार्षिक साधारण सभा सम्बन्धि सूचनामा बुधबार हुनुपर्नेमा अन्यथा भएकोमा भुल सुधार गरियो ।

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (लुम्बिनी प्रदेश कार्यक्षेत्र भएको)
मुख्य कार्यालय : कोहलपुर-११, बाँके

भावपूर्ण श्रद्धाञ्जली



जन्म: वि.सं. २०१६/०४/२५

स्व. पेम्बा छिरी शेर्पा

स्वर्गारोहण: वि.सं. २०८१/०८/२७

यस महासंघका साधारण सदस्य निर्माण व्यवसायी संघ कैलालीका पूर्व अध्यक्ष एवं लोटा कन्स्ट्रक्शन, धनगढीका संचालक पेम्बा छिरी शेर्पाको तीर्थ यात्राको क्रममा भारतमा सडक दुर्घटनमा परी निधन भएको खबरबाट महासंघ परिवार स्तब्ध एवं मर्माहत भएको छ । शोकको यस घडीमा महासंघ परिवार दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ ।

रवि सिंह
अध्यक्ष
एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
अनामनगर, काठमाडौं

Invitation for Bids

Government of Nepal
Postal Service Department
General Post Office
Dillibazar, Kathmandu
Date of publication: 2081/09/03

Invitation for Bids No:
PODTGPM/GPO/G/NCB-1-81/82

1. The **General Post Office** invites **electronic** bids from eligible bidders for the procurement of **different types of goods and Printing Materials** under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may visit PPMO egp system www.bolpatra.gov.np/egp, for further information.
3. A complete *set* of Bidding Documents may download for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Rs.3000 (Three thousand only) in the following Rajaswa (revenue) account as specified below . Name of the Bank: Rastriya Banijya Bank, Teku Branch. Bank accout no:1000100200010000. Name of Office: General Post Office. Office Code no : 358033506.Rajaswa (revenue) Shirshak no. :14229
4. Pre-bid meeting shall be held at **General Post Office, Dillibazar Kathmandu** at **2:00 PM 2081/09/21**
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp .
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM of Magh 04, 2081 at the office of General Post Office Dillibazar Kathmandu.Bid must be Submitted Before 12:00 pm on Magh 04, 2081 . Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by scanned copy of the bid security in pdf format , amounting to a minimum of NRs 82,000 (Eighty two thousand Only) which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.

बुधबार ३ पुस ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

■ नेपाल प्रिमियर लिग २०२४

समूह चरणका उत्कृष्ट दुई टिम आमनेसामने

जनकपुर र सुदूरपश्चिमबिचको विजेता फाइनल पुग्नेछ भने पराजित हुने फ्रेन्चाइज टोलीले कर्णाली र चितवनमध्येको विजेतासँग फाइनल प्रवेशका लागि दोस्रो क्वालिफायर खेल्ने अवसर पाउनेछ

च्याम्पियनले एक करोड १० लाख पाउने

क्यानका अनुसार उपविजेताले ५१ लाख, तेस्रोले २५ लाख र चौथो हुनेले १५ लाख रुपैयाँ पाउनेछन्

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)अन्तर्गत बुधबार प्लेअफ र इलिमिनेटर खेल हुँदै छन्। फाइनल प्रवेशका लागि हुने पहिलो प्लेअफमा सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्सले एकआपसमा प्रतिस्पर्धा गर्दै छन्। इलिमिनेटरमा चितवन राइनोजले कर्णाली याक्सविरुद्ध खेल्नेछ। प्लेअफको विजेता सीधै फाइनलमा पुग्नेछ। इलिमिनेटरको विजेताले प्लेअफको पराजितसँग फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछ। प्लेअफमा पराजित टोलीलाई अन्तिम दुई स्थान बनाउन दोस्रोपटक मौका प्राप्त हुनेछ। आठ फ्रेन्चाइज सहभागीमा सुदूरपश्चिम सर्वाधिक १२ अंकका साथ शीर्ष स्थानमा रह्यो। १० अंक जोडेको जनकपुर दोस्रो स्थानमा सीमित भयो। चितवन र कर्णालीले समान सात खेलबाट आठ अंक बनाए। रनरेटका आधारमा चितवन तेस्रो र कर्णाली चौथो भएका हुन्।

यसरी पुगे प्लेअफमा

■ सुदूरपश्चिम
- विराटनगरविरुद्ध ९० रनले जित
- काठमाडौंविरुद्ध ७३ रनले जित
- लुम्बिनीविरुद्ध ४५ रनले जित
- चितवनसँग ३३ रनले पराजित
- जनकपुरविरुद्ध ७२ रनले जित
- पोखराविरुद्ध ५ रनले जित
- कर्णालीविरुद्ध ६ विकेटको जित



■ जनकपुर
- विराटनगरविरुद्ध ८ विकेटले विजयी
- कर्णालीविरुद्ध ८ विकेटले विजयी
- पोखराविरुद्ध ७ विकेटले विजयी
- लुम्बिनीविरुद्ध १ रनले विजयी
- सुदूरपश्चिमसँग ७२ रनले पराजित
- काठमाडौंविरुद्ध ५ विकेटले विजयी
- चितवनसँग ३२ रनले पराजित

■ कर्णाली
- जनकपुरसँग ८ विकेटले पराजित
- काठमाडौंसँग ३ विकेटले पराजित
- चितवनविरुद्ध ६ विकेटले विजयी
- विराटनगरविरुद्ध ७ रनले विजयी
- पोखराविरुद्ध ७ विकेटले विजयी
- लुम्बिनीविरुद्ध ५ रनले विजयी
- सुदूरपश्चिमसँग ६ विकेटले पराजित



■ चितवन
- काठमाडौंविरुद्ध ५ विकेटले विजयी
- पोखराविरुद्ध ८७ रनले विजयी
- कर्णालीसँग ६ विकेटले पराजित
- चितवनविरुद्ध ३३ रनले विजयी
- लुम्बिनीसँग ३३ रनले पराजित
- विराटनगरसँग ५१ रनले पराजित
- जनकपुरविरुद्ध ३२ रनले विजयी

एनपिएलमा प्रदर्शन

सर्वाधिक रन

- **रोहितकुमार पौडेल (लुम्बिनी)**
  इनिङ्स ७ रन २७९ औसत ३९.८५
- **रवि बोपारा (चितवन)**
  इनिङ्स ७ रन २३३ औसत ३८.८३
- **एन्ड्रेस गौस (पोखरा)**
  इनिङ्स ६ रन २२४ औसत ४४.८०

सर्वाधिक विकेट

- **स्कट कुगलेजिन (सुदूरपश्चिम)**
  इनिङ्स ७ विकेट १५ औसत ९
- **ललित राजवंशी (जनकपुर)**
  इनिङ्स ७ विकेट १३ औसत १०.६९
- **रिजन ढकाल (चितवन)**
  इनिङ्स ७ विकेट १३ औसत १४.४६

उत्कृष्ट स्ट्राइक

- **जेम्स निसिम (जनकपुर)**
  इनिङ्स ६ स्ट्राइक १९३.६७ औसत ३८.२५
- **सोमपाल कामी (कर्णाली)**
  इनिङ्स ४ स्ट्राइक १८८ औसत २३.५०
- **दीपेन्द्रसिंह ऐरी (सुदूरपश्चिम)**
  इनिङ्स ७ स्ट्राइक १६७.९ औसत ३९.६०

उत्कृष्ट इकोनोमी

- **हर्मित सिंह (सुदूरपश्चिम)**
  इनिङ्स ३ इकोनोमी ३.७५ औसत ५.६२
- **मोहमद मोहसिन (जनकपुर)**
  इनिङ्स ६ इकोनोमी ४.९१ औसत १६.१४
- **ललित राजवंशी (जनकपुर)**
  इनिङ्स ७ इकोनोमी ४.९६ औसत १०.६९

आजका खेल

बिहान ९:०० बजे
चितवन **राइनोज** vs कर्णाली **याक्स**

दिउँसो १:०० बजे
जनकपुर **बोल्ट्स** vs सुदूरपश्चिम **रोयल्स**

■ सुदूरपश्चिमविरुद्ध जनकपुर

सुदूरपश्चिमले समूह चरणमा उत्कृष्ट प्रदर्शन गरेको थियो। ब्याटिङ र बलिङमा एकनाशको प्रदर्शन हुँदा सुदूरपश्चिमले लगातार तीन खेल जितेको थियो। सुदूरपश्चिम चितवनसँग मात्र पराजित भएको थियो। दीपेन्द्रसिंह ऐरी मार्की र कप्तान रहेको सुदूरपश्चिमलाई प्लेअफसम्म पुऱ्याउन स्वदेशी मात्र नभएर विदेशी खेलाडीको प्रदर्शन पनि उत्तिकै सानदार रह्यो। इंग्ल्यान्डका सेफअली जैव र न्युजिल्यान्डका बलर स्कट कुगेलेइनले विपक्षी ब्याट्समन्यानमाथि दबाब राखेका छन्। सुदूरपश्चिमले जनकपुरविरुद्धको जित लय कायम राख्न योजना बनाएको छ। 'हामी जितको निरन्तरताका साथ फाइनल पुग्छौं,' कर्णालीलाई हराएपछि कप्तान दीपेन्द्रसिंहले भनेका थिए, 'अहिलेसम्म सबै राम्रो भइरहेको छ र प्लेअफमा गल्ती गर्न हुन्न।' सुरुका चार खेल जितदै सनसनी मच्चाएको जनकपुरले त्यसपछि मिश्रित नतिजा निकाल्यो। अन्तिम तीनमध्ये दुई खेल जनकपुरले गुमायो। ब्याटिङ र बलिङ बलियो देखिएको जनकपुर अन्तिम तीन खेलमा कमजोर देखियो। सुदूरपश्चिमसँग एनपिएलकै कम योगफलमा जनकपुर समेटिँदा कमजोर ब्याटिङ प्रदर्शन भयो। जनकपुरले प्लेअफमा सुदूरपश्चिमविरुद्ध समूह चरणमा हारको बदला लिने उद्देश्यका साथ प्रतिस्पर्धा गर्ने योजना बनाएको छ। यसमा विदेशी र नेपाली खेलाडीले पुनः एकपटक उत्कृष्ट प्रदर्शनको अपेक्षा टोलीले राखेको छ।

■ चितवनविरुद्ध कर्णाली

चितवनलाई पहिलो संस्करणमा अन्य नतिजाले पनि साथ दियो। प्लेअफसम्मको यात्रामा चितवनको प्रदर्शन उतारचढाव भइरह्यो। सुरुमा लगातार दुई खेल जितेको चितवनले खर्चिलो फ्रेन्चाइज टोलीलाई खबरदारी दिएको थियो। इलिमिनेटरमा चितवनले जितकै लागि प्रयास गर्नेछ। कर्णालीविरुद्धको खेलमा पराजित हुँदा प्रतियोगिताबाटै बाहिरिनेछ। यद्यपि, कर्णालीलाई पनि यही डर छ। चितवनले पाकिस्तानका विश्व च्याम्पियन बलर सोहेल तनविर अनुबन्ध गरी बलिङ पक्ष बलियो बनाएको छ। एक किसिमले यस टोलीको बलियो पक्ष नै बलिङ आक्रमण हो। नेपालका रिजन ढकालले १३ विकेट लिइसकेका छन्। उनी पनि सर्वाधिक विकेट लिने बलरको दौडमा छन्। इंग्ल्यान्डबाट टेस्ट र एकदिवसीय खेलेका रवि बोपारा र कप्तान कुशल मल्ल फर्ममा आउनु चितवनका लागि सुखद पक्ष हो। कर्णालीले प्लेअफ स्थान बनाउन समूह चरणकै अन्तिम खेलको नतिजा प्रतीक्षा गरेको थियो। सुदूरपश्चिमले १२.२ ओभरमा लक्ष्य पूरा गरेको भए चितवनविरुद्ध काठमाडौंले मौका पाउने थियो। तर, सुदूरपश्चिमले दिइएको ओभरमा जित निकाल्दा कर्णाली रनरेटमा शीर्ष चारमा पुगेको हो। कर्णालीले भारतीय पूर्वओपनर शिखर धवनलाई भित्र्याउँदै सनसनी मच्चाएको थियो। कप्तान सोमपाल कामी, ओपनर देव खनाल र अलराउन्डर गुल्सन झाले समूह चरणमा गतिलो प्रदर्शन गर्न सकेनन्।

■ एसिसी यू-१९ महिला एसिया कप

नेपालले बंगलादेश र श्रीलंकाको सामना गर्ने

नयाँ पत्रिका

नेपाली महिला यू-१९ टोलीले एसिसी एसिया कप क्रिकेट प्रतियोगिताको सुपर ४ मा श्रीलंका र बंगलादेशविरुद्ध प्रतिस्पर्धा गर्नेछ। सुपर ४ मा नेपालले बिहीबार श्रीलंकासँग पहिलो खेल खेल्नेछ। बंगलादेश र नेपालबिच शुक्रबार खेल हुनेछ। सुपर ४ को शीर्ष दुई टोली फाइनलमा पुग्नेछन्। प्रतियोगिताको समूह 'ए'अन्तर्गत मंगलबार नेपाल र भारतबिचको खेल वर्षाले रद्द भएको थियो। दुवै टोलीले समान एक अंक बाँडेका छन्। दुवै राष्ट्रले दुई खेलबाट तीन-तीन अंक जोडे। नेपाल एक अगाडि नै सुपर ४ मा पुगेको थियो।

नेपाल र भारतले पाकिस्तानलाई आ-आफ्ना पहिलो खेलमा हराएका थिए। मलेसियाको वायुमासमा नेपाल र भारतबिच समूह विजेताका लागि खेल भएको थियो। दोस्रोपटक वर्षाले खेल अवरुद्ध भएपछि अम्पायरले दुवै टोलीलाई अंक दिए। नेट रनरेटमा भारत शीर्ष स्थान र नेपाल दोस्रो स्थानमा रहे। समूह 'ए'को तेस्रो टोली पाकिस्तान तेस्रो स्थानमा रहँदै प्रतियोगिताबाट बाहिरियो।

नेपालले सोमबार पाकिस्तानले दिएको १०५ रनको लक्ष्य १९ ओभरमा चार विकेट क्षतिमा पूरा गरेको थियो। जसमा कप्तान पूजा महतोले बलिङ र ब्याटिङमा अलराउन्ड प्रदर्शन गरेकी थिइन्। समूह 'बी'मा श्रीलंका, बंगलादेश र मलेसिया छन्। यस समूहबाट बंगलादेश विजेता र श्रीलंका उपविजेताका रूपमा सुपर ४ मा प्रवेश गरेका हुन्। मलेसियाले दुवै खेल गुमाएको छ। एसियाबाट यू-१९ महिला विश्वकपमा छनोट भएकाले नेपालले एसिया कपमा मौका पाएको हो। यू-१९ महिला विश्वकप आगामी वर्षको जनवरीमा मलेसियामा नै आयोजना हुँदै छ।

■ नेपाल समूहमा अपराजित

प्रतियोगितामा नेपाल अपराजित रूपमा सुपर ४ मा प्रवेश गरेको हो। बायुमासमा नेपालले पहिलो ब्याटिङ गरी २० ओभरमा नौ विकेट गुमाएर ९४ रन बनाएको थियो। भारतले ९५ रनको लक्ष्य पछ्याउने क्रममा भारी वर्षा भएपछि खेल रद्द भएको हो। भातरविरुद्ध कप्तान पूजाले सर्वाधिक २५ रन जोडिन्। उनले ४० बलमा ३ चौका प्रहार गरेकी थिइन्। अलिसाकुमारी यादवले ९ बलमा ४ चौकाको सहयोगमा ९ रनमा नट आउट रहिन्। भारतका लागि पुरोनीका सिसोदीले ४ ओभरमा १२ रन खर्चिएर ४ विकेट लिइन्। आनन्दिता किशोरीले १ विकेट लिइन्।

सुपर ४ अंकतालिका

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
बंगलादेश	२	२	०	४	४.०
भारत	२	१	०	३	५.३३
नेपाल	२	१	०	३	०.३२
श्रीलंका	२	१	१	२	१.७८

ब्लुम नेपाल विजयी

काठमाडौं/ जेम्स स्कुलले आयोजना गरिरहेको दोस्रो थन्डर बोल्ट्स कप खेलकुद प्रतियोगिताअन्तर्गत यू-१२ वर्षमुनि छात्र फुटबलमा ब्लुम नेपाल स्कुलले शिरख स्कुललाई ७-१ ले पराजित गरेको छ। अर्को खेलमा लिटिल फ्लावर स्कुलले लड्र्स लाइट एकेडेमीमाथि ४-० को जित निकाल्यो। चेल्सी वर्ल्ड स्कुलले लिटिल एन्जेल्स स्कुललाई ४-१ ले निराश बनाएको छ। सेन्ट जेभियर्स र निस्ट स्कुलबिच २-२ को बराबरी भयो।

हिमरश्मिको जित

काठमाडौं/ आयोजक हिमरश्मि नीलोले प्रथम हिमरश्मि कप यू-१९ कलेज र स्कुल उपत्यकाव्यापी छात्र भलिबल प्रतियोगितामा मंगलबार जित निकालेको छ। हिमरश्मि नीलोले गणेश कलेजलाई २-० को सोझो सेटमा पराजित गऱ्यो। हिमरश्मिको रातो टोलीले दुई खेलमा हार सामना गरेको छ। ओरिएन्टले हिमरश्मि रातोलाई २-१ को सेटमा निराश बनायो।

खेल संक्षेप

प्रदेशस्तरीय फुटबल हुने

मकवानपुर/ दोस्रो संस्करणको बागमती प्रदेश लिग फुटबल प्रतियोगिता १० पुसदेखि हुने भएको छ। बागमती प्रदेश फुटबल संघको आयोजनामा हुने प्रतियोगिता प्रदेशका ११ जिल्लाका क्लबहरूको सहभागिता रहने प्रदेश फुटबल संघका महासचिव लवराज ठकुरीले जानकारी दिए। महासचिव ठकुरीका अनुसार जिल्ला लिगको विजेता क्लबले प्रतियोगितामा सहभागी हुन पाउने छन्। विजेताले दुई लाख र उपविजेताले एक लाख रुपैयाँ पाउनेछन्। उत्कृष्ट खेलाडीले २५ हजार रुपैयाँ पाउनेछन्।

गोठाटार क्वार्टरफाइनलमा

काठमाडौं/ गोठाटार १७औं फेका कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा मंगलबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। गोठाटारले कस्मिक इन्टरनेसनल एकेडेमीलाई टाइब्रेकरमा ५-४ ले पराजित गऱ्यो। निर्धारित समयको खेल १-१ को बराबरीमा टुंगिएको थियो। ओरिएन्टल र श्रमशील पनि अन्तिम आठको स्थान पक्का पारेका छन्।

लालीगुराँस र ग्रिनल्यान्डलाई जेबी कप

काठमाडौं/ लालीगुराँस नेसनल एकेडेमी र ग्रिनल्यान्डले प्रथम जेबी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि मंगलबार जितेका छन्। लालीगुराँस जुनियर पुरुष र ग्रिनल्यान्ड सिनियर महिलामा च्याम्पियन बनेका हुन्। जेबी स्कुलको कोर्टमा भएको जुनियर पुरुषको फाइनलमा लालीगुराँसले भ्याली पब्लिकलाई २७-२३ ले पराजित गऱ्यो। लालीगुराँसका साहिद पुनले १७ स्कोर गरे। सिनियर महिलाको उपाधि भिडन्तमा ग्रिनल्यान्डले फेरिल्यान्डलाई ३५-३० ले हरायो। ग्रिनल्यान्डकी बिहानी राईले १२ स्कोर गरिन्।

जुनियर पुरुषमा लालीगुराँसका सर्गम गुरुङ तथा सिनियर महिलामा ग्रिनल्यान्डकी आहाना खड्का 'मोस्ट भ्यालुएबल प्लेयर' घोषित भएका छन्। जुनियर पुरुषमा लालीगुराँसका रोहित गुरुङ तथा सिनियर महिलामा ग्रिनल्यान्डकी बिहानी राई उत्कृष्ट 'श्री प्वाइन्टर' चुनिए। जुनियर पुरुषमा भ्याली पब्लिकका अशोक विक (५० अंक) तथा सिनियर महिलामा फेरिल्यान्डकी करुणा बोगटी (६७ अंक) सर्वाधिक स्कोरकर्ता बनेका छन्।

टाइब्रेकरमा चुक्दा घर फर्कियो दार्जिलिङ

झापामा **चिरञ्जीवी घिमिरे**

राष्ट्रिय जागृति क्लब इटहरीसँग टाइब्रेकरमा ४-२ ले चुक्दा भारतको जिटिए-११ दार्जिलिङ पहिलो झापा कपको क्वार्टरफाइनलबाटै बाहिरिएको छ। डोमालाला राजवंशी रंगशालामा मंगलबार भएको खेलमा जागृतिका गोलरक्षक नीरज चौधरी नायक बनेका छन्। उनले जिटिएका दुई पेनाल्टी बचाएका थिए। जितसँगै जागृतिले सेमिफाइनलमा पुगेको छ। जागृतिका लागि टाइब्रेकरमा प्रवेश दनुवार, सविन घिमिरे, योगेन्द्र कार्की र विदेशी खेलाडी नाम्दी इबोसीले गोल गरे। जागृतिका निसान लिम्बूको प्रहार क्रसबारमा ठोकिँदै फर्कियो।

जिटिएका अंगद थापामगर र भाइचुङ राईको प्रहार जागृतिका गोलरक्षक चौधरीले उत्कृष्ट बचाए। आशिष देवान र प्रितम राईको प्रहार मात्र गोलमा परिणत भयो। झापा-११ फुटबल क्लबको आयोजनामा भइरहेको प्रतियोगितामा जागृति र दार्जिलिङबिचको निर्धारित ९० मिनेटको खेल १-१ को बराबरीमा टुंगिएको थियो। त्यसपछि खेलको छिनोफानो सीधै टाइब्रेकरबाट लिइएको हो। खेलमा सुरुवाती अग्रता जागृतिले लिएको थियो। जिटिएका डिफेन्सले विपक्षी जागृतिका प्रवेश बस्नेतलाई डिबक्समा मार्क गर्न नसक्दा उनले सुन्दर गोल गरेका थिए। उनले खेलको १७औं मिनेटमा अग्रता गोल गरेका हुन्।

६ मिनेटभित्र बराबरी गोल

जागृतिको अग्रता ६ मिनेट पनि टिक्न सकेन। खेलको २३औं मिनेटमा दार्जिलिङका देवाशिष राईले मैदानको मध्य भागबाट दुईजना डिफेन्डरलाई बिट गर्दै गोल गरे। उनको पहिलो प्रहार जागृतिका गोलरक्षक चौधरीले सुरुमा बचाए। चौधरीबाट रिबाउन्सलाई देवाशिषले दोस्रो प्रयासमा गोल गरे। निकै प्रतिस्पर्धात्मक खेलमा दार्जिलिङले सुन्दर पास खेल्दै बललाई नियन्त्रणमा राख्यो। दार्जिलिङसँग फिनिसरको अभाव देखियो। खेलको २६ औं मिनेटमा कप्तान आशिष देवानको कर्नरमा ज्योति क्षेत्रीको हेडिङ गोल प्रयासलाई चौधरीले विफल पारे। खेलमा जागृतिले पनि गोल गर्ने अवसर सिर्जना गऱ्यो। खेलको पाँचौं मिनेटमा डिबक्समा अनमार्क रहेका जागृतिका मिलन राईले विपक्षी गोलरक्षक निगम सिंहसँग वान भर्सेस वानमा गोल गर्न सकेनन्। जागृतिले खेलमा प्राप्त पेनाल्टीलाई समेत गोलमा परिणत गर्न सकेन। खेलको २०औं मिनेटमा जिटिएका निवास रानाले बक्समा ह्यान्डबल गरेपछि जागृतिले पेनाल्टी पाएको थियो। जागृतिका मिलन राईको पेनाल्टी प्रहारलाई सिंहले उत्कृष्ट बचाउ गरे।

१० खेलाडीमा सीमित जागृति

खेलको ६८औं मिनेटमा जागृति १० खेलाडीमा सीमित रह्यो। दार्जिलिङका गोलरक्षक सिंहलाई फल गरेपछि जागृतिका मिलन राईलाई रेफ्री प्रज्वल क्षेत्रीले रातो कार्ड दिँदै मैदानबाहिर पठाए। १० जना खेलाडीमा सीमित रहेको जागृतिले जिटिएमाथि हाबी भएको थियो। प्रतियोगिताको मंगलबारको खेलमा जागृतिका गोलरक्षक चौधरी म्यान अफ दी म्याच हुँदै १० हजार रुपैयाँ पाए।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
हेटौंडा, नेपाल

करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८१/०९/०३)

यस निर्देशनालयको स्वीकृत अस्थायी दरबन्दीमा देहायको संख्या र योग्यता भएका प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम निर्देशनालयको वेवसाइट www.edd.bagamati.gov.np मा गएर डाउनलोड गर्न सकिनेछ।

वि.न.	पद	सेवा/समूह	तह/श्रेणी	माग पद संख्या
१/०८०-८१	इन्जिनियर	सिभिल	अधिकृत सातौं वा सो सरह	१
२/०८०-८१	सव इन्जिनियर	सिभिल	सहायक पाचौं वा सो सरह	१

- **न्युनतम शैक्षिक योग्यताः**
  - सिभिल इन्जिनियर पदको लागि: नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उतीर्ण गरी इन्जिनियरिङ परिषद्मा दर्ता भएको।
  - सिभिल सव इन्जिनियर पदको लागि: नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल सब-इन्जिनियरिङ्ग विषयमा डिप्लोमा/प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी इन्जिनियरिङ परिषद्मा दर्ता भएको।
- **उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको।
- **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कार्य अनुभवको प्रमाणित प्रतिलिपि, प्रचलित कानून बमोजिम इन्जिनिरिङ परिषद्मा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ। पेश गरिने सबै कागजातको प्रतिलिपि उम्मेदवारले स्वयम् प्रमाणित गर्नुपर्नेछ।
- **छनौटको आधारः** शैक्षिक योग्यता, स्थानीयता, अनुभव र अन्तर्वार्ता।
- **दरखास्त दस्तुरः** सिभिल इन्जिनियरको लागि रु. १२००/- (एक हजार दुई सय) र सिभिल सव इन्जिनियरको लागि रु. ७००/- (सात सय) सो रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको राजस्व शिर्षक नम्बर १४२२९, शिक्षा विकास निर्देशनालयको कार्यालय कोड नं. ३५००१३२०३३ मा दाखिला गर्नुपर्नेछ।
- **दरखास्त बुझाउने अन्तिम मितिः** यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र।
- **दरखास्त बुझाउने स्थानः** शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश , हेटौंडा।
- **तलबः** प्रचलित कानून बमोजिम।
- कुनै उम्मेदवारले एकभन्दा बढी वि.नं. मा आवेदन दिन चाहेमा छुट्टाछुट्टै दरखास्त र राजस्व दाखिला गर्नुपर्नेछ।

महानिर्देशक

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा
जावलाखेल, ललितपुर

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी पूनः सूचना

(प्रकाशित मितिः २०८१/०९/०३)

यस महाशाखाबाट मिति २०८१/०८/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का.:- **WIDMD/NCB/Works/ 81-82/02; "Protection Work at Thuli Bheri Rover, Dolpa"** को प्राविधिक प्रस्ताव मुल्यांकन गरी सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरुको नामावली संशोधन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज (५) बमोजिम आर्थिक प्रस्ताव खोल्ने प्रयोजनका लागि तपशिल मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने व्यहोरा सरोकारवाला सबैको जानकारीका लागि पूनः सूचना प्रकाशित गरिएको छ।

आर्थिक प्रस्ताव खोलिने मिति र समयः वि.स २०८१/०९/११ दिउँसो १:०० बजे

स्थानः जलस्रोत तथा सिंचाइ विभाग

क) ठेक्काको नाम र नं. :- WIDMD/NCB/Works/81-82/02; "Protection Work at Thuli Bheri Rover, Dolpa"

S.N.	Name of Bidder and Address	Responsive/ Non-Responsive	Remarks
1	Ramechhap- Dolpa Hirachan JV, Thulibheri-3, Dolpa	Responsive	
2	Kutumba-Him Srinkhala- DJ JV, Thakurbaba-9, Bardiya	Non-Responsive	Does not meet Evaluation and Qualification Criteria (EQC) 2.1.10 (Kutumba)
3	Khadka-Shiva-Om JV, Boudha-6, Kathmandu	Non-Responsive	Does not meet EQC 2.1.10 (Khadka)
4	Subha N.S.-OBEPL JV, Tokha-11, Kathmandu	Responsive	
5	Santosh- BRT- Kushal & Shahil JV, Tulsipur-7, Dang	Responsive	
6	Pokhara- Sanjibani- Hillside JV, Pokhara, Nepal	Responsive	
7	Aman International Trade Link P. Ltd., Lalitpur-14, Talchhikhel	Responsive	
8	Guthichaur- Konda JV, Ktm-7, Gopikrishna Nagar	Responsive	
9	NT-EW-AC JV, Bhaktapur, Nepal	Responsive	

महाशाखा प्रमुख

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com